सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२० असोज २०८०, शनिबार (7 Oct 2023, Saturday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक १७७ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

दुई अर्ब १६ करोड खर्चेर बनाइएका सात होल्डिङ सेन्टर निर्माण भएदेखि नै प्रयोगविहीन

होल्डिङ सेन्टर सञ्चालनको मोडालिटी तय गर्न ६ महिनाअघि बनेको रक्षा मन्त्रालयको कार्यदल पनि अनिर्णीत



कञ्चनपुर

२९ करोड २४ लाखमा महेन्द्रनगरस्थित भगतपुरमा निर्माण गरिएका होल्डिङ सेन्टर, ठेकेदारले भवन अहिलेसम्म हस्तान्तरण पनि गरेको छैन



झापा

मेचीनगर नगरपालिका- १४ दुवागडीमा करिब २८ करोडमा निर्माण भएको होल्डिङ सेन्टर अलपत्र छ



कपिलवस्तु

२७ करोड ६७ लाख ८२ हजार लागतमा कृष्णनगर- १ भन्सारनजिक बनाइएको होल्डिङ सेन्टर, यही वडाको शिवनगरमा पनि होल्डिङ सेन्टर छ



कैलाली

त्रिनगर भन्सारनजिक २८ करोड ८१ लाख लागतमा बनाइएको होल्डिङ सेन्टर प्रयोग नहुँदा जीर्ण बन्दै छ



मोरङ

विराटनगर जुटमिलको पाँच बिघा क्षेत्रफलमा २८ करोड ९१ लाखमा निर्माण गरिएको होल्डिङ सेन्टर



पर्सा

वीरगन्ज भन्सारको पश्चिमपट्टिको गोदाम क्षेत्रमा करिब २८ करोडमा बनाइएको होल्डिङ सेन्टर



बाँके

नेपालगन्जको भवनियापुरमा २९ करोड ३८ लाख २० हजारमा निर्माण गरिएको होल्डिङ सेन्टर सञ्चालनमा नआउँदै भित्ता चर्किन थालेको छ

होल्डिङ सेन्टर उपयोगका लागि जिल्लाबाट यस्ता प्रस्ताव तर, सरकारले दिएन निर्णय

झापा मेचीनगर नगरपालिकाले काँकडभिट्टामा रहेको होल्डिङ सेन्टरमा नगर स्वास्थ्य केन्द्र चलाउन सेन्टरका दुईवटा ब्लक मागेको छ। झापाका प्रमुख जिल्ला अधिकारी नेतृत्वको उपसमितिले नगर स्वास्थ्य केन्द्रसँगै एउटा ब्लक रेडक्रसलाई दिन, केही क्वारेन्टिनका रूपमा राखेर बाँकी नेपाली सेनामातहत राख्न सकिने सुझाव दिएको छ।

मोरङ विराटनगर महानगरपालिकाले मोरङमा रहेको होल्डिङ सेन्टरमा अस्पताल चलाउने प्रस्ताव गरेको छ। मेयर नागेश कोइरालाले जिल्ला प्रशासन, मालपोत, महानगरपालिकाको बैठक बसेर होल्डिङ सेन्टर महानगरलाई दिन सरकारलाई आग्रह गर्ने निर्णय भएको बताए। 'महानगरलाई होल्डिङ सेन्टर हस्तान्तरण भए महानगरले आफ्नै अस्पताल बनाउनेछ,' उनले भने, 'अस्पताल बनाउन पाए महानगरवासीले स्वास्थ्य सेवा पाउने थिए।' तर, मोरङका प्रमुख जिल्ला अधिकारी वीरेन्द्रकुमार यादवले भने होल्डिङ सेन्टरलाई के गर्न सकिन्छ भन्ने विकल्प गृह मन्त्रालयले नै तयार पार्ने बताए। 'होल्डिङ सेन्टरलाई के गर्न सकिन्छ मैले भन्ने होइन। गृहले नै निर्णय गर्ने हो,' उनले भने, 'महानगरले भने होल्डिङ सेन्टरको स्वामित्व मागिरहेको छ।'

पर्सा जिल्ला प्रशासन कार्यालय पर्साले वीरगन्ज महानगरपालिका- १६ इनर्वामा रहेको होल्डिङ सेन्टर सञ्चालन व्यवस्थापनसम्बन्धी कार्ययोजना बनाएर संघ सरकारलाई पठाइसकेको छ। प्रशासनले होल्डिङ सेन्टरलाई प्रादेशिक विपत् व्यवस्थापनको भण्डारण र विपत् व्यवस्थापन तालिम केन्द्रको रूपमा विकास गर्न सकिने राय दिएको छ। स्वामित्व भने वीरगन्ज

» पृष्ठ २ मा क्रमशः

झापामा **चिरञ्जीवी घिमिरे**, विराटनगरमा **गणेश लम्साल**, वीरगन्जमा **तिवारी यादव**, कपिलवस्तुमा **डिलाराम भुसाल**, बाँकेमा **विश्वराज पछ्लडड्या**, धनगढीमा **तेजराज भट्ट** र कञ्चनपुरमा **मोहन विष्ट**

कोभिडकालमा दुई अर्ब १६ करोड खर्चेर नेपाल-भारतको सीमाक्षेत्रमा बनाइएका सातवटा होल्डिङ सेन्टर निर्माण भएदेखि नै प्रयोगविहीन छन्। भारतबाट आउनेलाई सीमाक्षेत्रमै केही दिन राखेर स्वास्थ्य जाँच गर्ने उद्देश्यले झापाको काँकडभिट्टा, मोरङको विराटनगरस्थित रानी, पर्साको वीरगन्ज, कपिलवस्तुको कृष्णनगर, बाँकेको जमुनाह, कैलालीको गौरीफन्टा र कञ्चनपुरको महेन्द्रनगरमा निर्माण गरिएका होल्डिङ सेन्टर प्रयोगमै नआएका हुन्।

प्रत्येक होल्डिङ सेन्टर एक-एक हजार व्यक्ति अट्ने क्षमताका छन्। हरेक होल्डिङ सेन्टरमा कम्तीमा २० भवन, एक हजार बेड र आवश्यक उपकरण छन्। तर, संघ, प्रदेश र स्थानीय तहले चासो नदेखाउँदा सबैमा

» पृष्ठ २ मा क्रमशः

होल्डिङ सेन्टर पूरै हामी व्यवस्थापन गरेर चलाउँछौं भनेर कुनै पनि निकाय आएनन्



● **बाबुराम अधिकारी**, (सहसचिव, रक्षा मन्त्रालय) **कार्यदल संयोजक**

होल्डिङ सेन्टर विपत् व्यवस्थापनको प्रयोजनका लागि बनाइएकाले हरेक सेन्टरमा २५ प्रतिशत बेड होल्डिङ सेन्टरकै रूपमा राखेर बाँकी बहुउपयोगमा ल्याउने कि भन्ने छ। तर, होल्डिङ सेन्टर पूरै हामी व्यवस्थापन गरेर चलाउँछौं भनेर कुनै पनि निकाय आएनन्।

होल्डिङ सेन्टरमा के-के छ ?

हरेक होल्डिङ सेन्टरमा एक हजार बेड क्षमताका २२ देखि ५१ ब्लक छन्। होल्डिङ सेन्टरमा क्वारेन्टिन, चिकित्सक कक्ष, शौचालय, भान्साघरसहितका ब्लक छन्। ब्लकको दुवैतर्फ शौचालय निर्माण गरिएको छ। आइसोलेसन र शौचालय ब्लक गरी दुई भागमा बाँडिएको छ। हजार बेडमध्ये सय बेडमा अक्सिजनको व्यवस्था गरिएको छ।

नौ महिनामै कोशीको कोर्स पाँचौं सरकार गठनतिर

आज मुख्यमन्त्रीले विश्वासको मत नपाए संविधानको धारा १६८ को उपधारा ५ अनुसार बन्नेछ नयाँ सरकार




शनिबार मुख्यमन्त्री हिक्मत कार्कीले विश्वासको मत नपाए प्रदेश प्रमुख परशुराम खापुडले संविधान धारा १६८ को उपधारा ५ अनुसार बहुमत पुऱ्याउने सांसदलाई सरकार गठनका लागि आह्वान गर्नेछन्। यसअनुसार प्रदेश सभाको कुनै सदस्यले प्रदेश सभामा विश्वासको मत प्राप्त गर्न सक्ने अवस्था भए प्रदेश प्रमुखले त्यस्तो सदस्यलाई मुख्यमन्त्री नियुक्त गर्ने व्यवस्था छ। त्यसरी नियुक्त भएका मुख्यमन्त्रीले पनि ३० दिनभित्र विश्वासको मत पाएनन् भने संविधानको धारा १६८ (७) अनुसार मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखले प्रदेश सभा विघटन गरी ६ महिनाभित्र अर्को प्रदेश सभाको निर्वाचन सम्पन्न हुने गरी निर्वाचन मिति तोक्न पाउनेछन्।



● **रेवतीरमण भण्डारी**, एमाले प्रमुख सचेतक

माओवादी र एकीकृत समाजवादीसँग कुरा नमिले पनि हामी कांग्रेससँग धेरै आशावादी छौं।



● **उद्धव थापा**, कांग्रेस संसदीय दलका नेता

गठबन्धनले अहिलेको सरकारलाई विश्वासको मत नदिने निर्णय गरिसकेको छ। निर्णय कार्यान्वयनमा कुनै शंका छैन।



● **इन्द्रबहादुर आङ्बो**, माओवादी संसदीय दलका नेता

अब आफू ठूलो दल हुँ भनेर मात्र कोशीमा मध्यावधि टर्दैन, यसैले अस्थिर राजनीति मलजल गर्नुभन्दा एमालेले पनि सरकारमा सहभागी भएर सहयोग गर्नु नै उचित हुन्छ।



● **भक्तिप्रसाद सिटौला**, राप्रपा संसदीय दलका नेता

हामी एमाले मुख्यमन्त्री हिक्मतकुमार कार्कीलाई विश्वासको मत दिए पनि सरकार टिक्ने सम्भावना नभएकाले विश्वासको मत दिने योजना छैन। विपक्षी गठबन्धनलाई पनि नयाँ सरकार गठनमा साथ दिने-नदिनेबारे निर्णय गर्न बाँकी नै छ। भोलिसम्म निर्णय गर्नेछौं।

विराटनगरमा **गणेश लम्साल**

नौ महिनामा चार सरकार बनिसकेको कोशीको राजनीतिक कोर्स पाँचौं सरकार गठनतिर उन्मुख भएको छ। प्रदेश सभामा ठूलो दलको हैसियतमा २२ भदौमा मुख्यमन्त्री बनेका एमाले संसदीय दलका नेता हिक्मतकुमार कार्कीले शनिबार विश्वासको

तीन सरकार ढलिसके, चौथोलाई झन् कठिन

गत २४ पुस ०७९ मा एमालेका हिक्मत कार्की माओवादी, राप्रपा र जसपाको साथमा प्रदेश सभाको दोस्रो कार्यकालका लागि पहिलो मुख्यमन्त्री नियुक्त भएका थिए। र, २९ पुस ०७९ मा उनी संसद्बाट विश्वासको मत लिन सफल भए। तर, नामकरणको विषयलाई लिएर माओवादी र जसपा सरकारबाट बाहिरिए। अल्पमतमा परेका कार्कीले राप्रपाले साथ दिए पनि विश्वासको मत प्राप्त गर्न सकेनन् र १५ असार ०८० मा उनी पदमुक्त भए।

लगत्तै २१ असार ०८० मा कांग्रेसका उद्धव थापा माओवादी, एकीकृत समाजवादी र जसपाको साथमा दोस्रो मुख्यमन्त्रीका रूपमा नियुक्त भए। सभामुखको हस्ताक्षर प्रयोग गरेको आरोपमा अदालतको आदेशबाट ११ साउनमा थापा पदमुक्त बने। तर, फेरि सभामुखलाई राजीनामा गराएर १६ साउन ०८० मा पुनः थापा दोस्रोपटक मुख्यमन्त्री नियुक्त भए। सदन चलाएका ज्येष्ठ सदस्यले समेत विश्वासको मत दिए। यसलाई असंवैधानिक ठान्दै सर्वोच्चले १९ भदौ ०८० मा पदमुक्त गऱ्यो र यसरी तेस्रो सरकार पनि ढल्यो।

सर्वोच्चको आदेशअनुसार २२ भदौ ०८० मा दोस्रोपटक एमालेका कार्की प्रदेश सभामा ठूलो दलको हैसियतमा मुख्यमन्त्रीमा नियुक्त भए। शनिबार उनले सदनमा विश्वासको मत लिँदै छन्, तर सरकार बचाउने संसदीय अंक तय भएको छैन। उनको सरकारले विश्वासको मत नलिए कोशीमा संविधानको धारा १६८ को उपधारा ५ अनुसार नयाँ सरकार गठन हुनेछ।

» पृष्ठ २ मा क्रमशः

NIMB
नेपाल उन्मेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ **बझाङ भूकम्प**

पुनर्निर्माणमा ०७२ को भूकम्पपछिको मोडालिटी अपनाउने प्रधानमन्त्रीको घोषणा

अस्थायी आवासका लागि तत्काल प्रतिपरिवार ५० हजार उपलब्ध गराइने

■ ०७२ मा सरकारले आवासमा आंशिक क्षति भएकालाई मर्मत खर्च र घर भत्किएकालाई पुनर्निर्माणका लागि तीन लाख अनुदान दिएको थियो

नयाँ पत्रिका

प्रधानमन्त्री पुष्कमल दाहाल प्रचण्डले बझाङ भूकम्पबाट भएको क्षतिको पुनर्निर्माणका लागि प्याकेज अगाडि बढाइने बताएका छन्। शुक्रबार बझाङ सदरमुकाम चैनपुर पुगेर भूकम्पबाट भएको क्षति अवलोकनपश्चात् प्रधानमन्त्री प्रचण्डले राहत, घाइतेको निःशुल्क उपचार, अस्थायी आवासका लागि प्रतिपरिवार ५० हजार तत्काल उपलब्ध गराइने र त्यसपछि पुनर्स्थापना तथा पुनर्निर्माणको काम हुने बताएका हुन्।

'भत्किएका, चिरा परेका, आंशिक क्षति भएका घर तथा संरचनाको दीर्घकालीन पुनर्निर्माण र पुनर्स्थापनाका लागि स्थानीय तह, जिल्ला प्रदेशबाट प्राप्त क्षति मूल्यांकनका आधारमा कार्यविधि बनाइनेछ,' प्रचण्डले

» पृष्ठ २ मा क्रमशः



प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' भूकम्पले क्षति पुऱ्याएको बझाङको सदरमुकाम चैनपुरका बस्तीको शुक्रबार अवलोकन गर्दै। तस्बिर : **भूमिराज पिठातोली**/ रासस

झन्नयाँ

चिनियाँहरू हिँडिरहेको अलग बाटो



अनुभूति

● राजेश राई

कलामा सेन्सरसिपको त्रासदी

बहस



विमल सुवेदी

एसियाडमा गुञ्जियो यो मन त मेरो नेपाली हो...



खेल

● श्रीलोचन राजोपाध्याय

इरानी अधिकारकर्मी नर्गिस मोहम्मदीलाई नोबेल शान्ति पुरस्कार

पछिल्लोपटक २०२१ मा पक्राउ परेकी नर्गिस मोहम्मदी 'राज्यविरोधी दुष्प्रचार गरेको' अभियोगमा जेलमा छिन्

एजेन्सीहरू

जेलमा रहेकी इरानी अधिकारकर्मी नर्गिस मोहम्मदीले यस वर्षको नोबेल शान्ति पुरस्कार पाएकी छिन्। पटक-पटक जेल परेकी उनी पछिल्लोपटक सन् २०२१ को नोभेम्बरमा पक्राउ परेकी थिइन्। उनलाई 'राज्यविरोधी दुष्प्रचार गरेको' अभियोगमा १२ वर्ष जेल सजाय सुनाइएको छ।

शुक्रबार आयोजित एक कार्यक्रममा रोयल स्विडिस एकेडेमीले नर्गिसलाई सन् २०२३ को नोबेल शान्ति पुरस्कार विजेता घोषणा गरेको हो। 'इरानमा महिला उत्पीडनविरुद्धको संघर्ष र सबैका लागि मानव अधिकार र स्वतन्त्रताका लागि उनले गरेको पहलका लागि मोहम्मदीलाई सम्मान गरिएको,' ओस्लोस्थित नर्वेजियन नोबेल कमिटीका प्रमुख बेरिट रेस-एन्डरसनले जनाएका छन्। आगामी १० डिसेम्बरमा एक विशेष समारोहबीच उनलाई पुरस्कार प्रदान गरिनेछ।

» पृष्ठ २ मा क्रमशः



■ को हुन् मोहम्मदी ?

इरानको जन्जनमा १९७२ मा जन्मिएकी हुन् नर्गिस मोहम्मदी। हाल तेहरानको इभिन कारागारमा रहेकी उनी इरानी लेखक र मानव अधिकार कार्यकर्तासँगै डिफेन्डर्स अफ ह्युमन राइट्स सेन्टर (डिएचआरसी)की उपनिर्देशक हुन्।

नर्गिस अहिलेसम्म १३ पटक पक्राउ परिसकेकी छिन्। पाँचपटक त दोषी नै ठहर गरिएको छ र कुल ३१ वर्षको जेल सजाय सुनाइएको छ। पछिल्लोपटक उनी सन् २०२१ को नोभेम्बरमा पक्राउ परेकी थिइन्। उनका पति (राजनीतिक कार्यकर्ता) तागी रहमानी आफ्ना दुई सन्तानसँगै हाल पेरिसमा निर्वासनमा छन्। उनीहरूले वर्षौंदेखि एक-अर्कालाई देखेका छैनन्। अलजजिराका अनुसार नर्गिस हाल 'राज्यविरोधी प्रचार फैलाएको' अभियोगमा १२ वर्षको जेल सजाय भोग्दै छिन्। यही अभियोगमा उनलाई एक सय ५४ कोर्राको सजाय पनि सुनाइएको थियो। एक दशकदेखि उनी जेलभित्र र बाहिर छिन्।

इरानमा प्रहरी हिरासतमै मृत्यु भएकी महसा अमिनीको विरोध प्रदर्शनपछि नर्गिसले एभिन जेलमा एक महिलाका रूपमा दुर्व्यवहारको अनुभव गरेको बताइएको छ।

विशेष प्रदेश अधिवेशनमा ओलीले भने-

कतिपय ठाउँमा अस्वस्थ देखियो, स्वस्थ प्रतिस्पर्धा गर्नुस्

नयाँ पत्रिका

एमाले अध्यक्ष केपी ओलीले प्रदेश अधिवेशनमा नेतृत्व छनोटका लागि स्वस्थ प्रतिस्पर्धा गर्न ध्यानाकर्षण गराएका छन् । एमाले उपत्यका विशेष प्रदेशको अधिवेशन शुक्रबार उद्घाटन गर्दै ओलीले त्यस्तो बताएका हुन् । विभिन्न प्रदेशमा जित्नका लागि उम्मेद्वारहरूले नेतालाई जोडेर प्यानल चुनाव गर्दै आन्तरिक प्रतिस्पर्धालाई अस्वस्थ बनाउन खोजेकोतर्फ ईंगित गर्दै ओलीले स्वस्थ प्रतिस्पर्धा अंगाल्न ध्यानाकर्षण गराए ।

'उठेपछि जित्नका लागि कतिपय ठाउँमा जसोतसो अभ्यास गरेको पनि देखिन्छ, त्यस्तो नगर्नुँ, साँच्चै लोकतान्त्रिक अभ्यास, समझदारी र त्यसमार्फत सहमति गर्नुस्' ओलीले भने, 'प्रतिस्पर्धा स्वस्थ गर्नुस्, हामी स्वस्थ समाज बनाउन, लोकतान्त्रिक समाज बनाउन लागिरहेका छौं । त्यसकारण अस्वस्थ बाटोबाट गएर स्वस्थ गन्तव्यमा पुग्न सकिँदैन ।' एमालेका प्रदेश अधिवेशनहरूमा अध्यक्षमा पराजित उम्मेद्वारहरूले अध्यक्षलाई घेराबन्दी गर्दै सीमित नेताहरूले अस्वस्थ प्रतिस्पर्धा गराएको आरोप लगाउँदै आएका छन् ।

संचारमाध्यम र विपक्षीले सहमति भएन भने स्वस्थ प्रतिस्पर्धा गर्न गरिएको आग्रहलाई पूर्वाग्रही ढंगले एकतर्फी गलत प्रचार गरेको उनको जिकिर थियो । 'जसरी हाम्रा विपक्षीहरूले हाम्रा अधिवेशनहरूको सन्दर्भमा एकोहोरो खालको टिक्काटिप्पणी गर्न पाएका छन् । अर्को खालको टिक्काटिप्पणी गर्ने मौका यस अधिवेशनले दियोस् । अहिलेसम्म लडेभिडे भन्ने सन्देश प्रवाहित गरेको छ । यस अधिवेशनले सर्वसम्मति गरेर डेमोक्रेसी नै भएन भन्ने त्यो मौका पनि दिऊँ विपक्षीहरूलाई,' ओलीले भने, 'कुरा मिलेन भने स्वस्थ प्रतिस्पर्धा गर्नुस् त हामीले सबै ठाउँमा भनेकै छौं, तर त्यो चाँही संचार माध्यमहरूले सुन्दो रहेनछ, हाम्रा विपक्षीहरूले सुन्दा रहेनछन् । उनीहरूले स्वच्छ प्रतिस्पर्धा गर्नुस् भनेको नसुनेर सहमति कायम गर्नुस् भनेको थियो, मानेनन् भन्ने मात्रै प्रचार गरे । कसैलाई न निर्देशन, न आदेश गरिएको छ । यसै गर्नुस् भनेर केही भनिएको छैन तर पनि विपक्षीहरूले भन्ने गरेका छन् ।'

कतिपय प्रदेशमा पार्टीभित्रको आन्तरिक प्रतिस्पर्धाको चुनाव जित्नेमा उन्माद र हार्नेमा निराश भइहाल्ने प्रवृत्ति देखिएको भन्दै ओलीले पार्टीभित्रको आन्तरिक प्रतिस्पर्धालाई त्यसरी लिन नहुने बताए । सकेसम्म सहमतिबाट र त्यस्तो हुन नसके स्वस्थ प्रतिस्पर्धाबाट नेतृत्व चयनका लागि निर्देशन गरिए पनि विपक्षीहरूले ओलीले सहमति चाहेको तर कार्यकर्ताले मानेन् भन्दै गलत प्रचार गरिएको पनि बताए । 'कसैलाई न यसो गर्नुस् भनेर निर्देश, न आदेश गरिएको छ, यसै गर्नुस् भनेकै छैन तर पनि विपक्षीहरूले भन्ने गरेका छन्, तपाईंहरूले नयाँ अभ्यास गर्नुस् । यहाँ जितेर पनि केके न पाइने होइन । एउटाले जित्दा अर्कोले हार्दा मन दुख्छ, सहमति गर्दा कसैको मन दुख्दैन,' ओलीले भने ।

१२ मन्त्रालय पुऱ्याएर १० महिनापछि मधेस सरकारले पूर्णता पायो

जनकपुरधाम / मधेश प्रदेश सरकारले १० महिनापछि पूर्णता पाएको छ । शिक्षा तथा समाज कल्याण मन्त्रालय फुटाएर खेलकुद तथा समाज कल्याण मन्त्रालय र शिक्षा तथा संस्कृति मन्त्रालय बनाइएसँगै सरकारले पूर्णता पाएको हो । जसपा नेता सरोजकुमार यादव नेतृत्वको सरकारमा अब १२ मन्त्री र दुई राज्यमन्त्री छन् । यससँगै चार महिनादेखि विनाविभागीय मन्त्री रहेकी जसपाकी सुरिता साह खेलकुदमन्त्री बनेकी छिन् ।

आफूहरूलाई जानकारी नै नदिई मन्त्रालय फुटाएको भन्दै जनमतका संसदीय दलका नेता समेत रहेका खेलकुदमन्त्री महेशप्रसाद यादवले आपत्ति जनाएका छन् । 'यस विषयमा मन्त्रिपरिषद्मा प्रस्ताव नै लगिएन । अवैधानिक रूपमा मुख्यमन्त्रीले मन्त्रालय फुटाउनुभएको छ,' उनले भने । ०७४ मा मधेश सरकार गठन हुँदा मुख्यमन्त्रीसहित सातमन्त्री थिए । तर, त्यसपछि जसपा विभाजन हुँदा तत्कालीन मुख्यमन्त्री लालबाबु राउतले मन्त्रालयलाई फुटाएर १० वटा मन्त्रालय बनाएका थिए । हालका मुख्यमन्त्री यादवले यसअघि एमाले सरकारबाट बाहिरिएर नयाँ गठबन्धन बनेपछि एउटा मन्त्रालय थपेर ११ पुऱ्याएका थिए । अहिले १२ मन्त्रालय पुऱ्याइएको हो । मधेश प्रदेश सरकारका मुख्य न्यायाधिवक्ता वीरेन्द्र ठाकुरले ६ दलीय सरकार भएकाले सबै दललाई खुसी पार्न मन्त्रालय थप्नुपरेको बताए ।

जसपाको मुख्यमन्त्रीसहित चार मन्त्री र एक राज्यमन्त्री गरी पाँच छन् । कांग्रेसका तीन मन्त्री, जनमतका दुई, माओवादीका एक मन्त्री र एक राज्यमन्त्री छन् । त्यस्तै, नेकपा एसका एक मन्त्री र लोसपाका एक मन्त्री सरकारमा छन् ।

नौ महिनामै...

पृष्ठ १ बाट क्रमशः

मत लिँदै छन्, तर शुक्रबार रातिसम्म उनको सरकार सुरक्षित रहने संसदीय अंकगणित बनिसकेको छैन । नौ महिनामा एमाले र कांग्रेसको नेतृत्वमा दुई-दुईपटक सरकार गठन भइसकेका छन् ।

संविधानको धारा १६८ (३) अनुसार प्रदेश सभामा सबैभन्दा ठूलो दलका नेता मुख्यमन्त्री भइसकेकाले यस्तो सरकारले विश्वासको मत नपाए अब सरकार गठनको एक मात्र विकल्प बाँकी रहनेछ । शनिबार कार्कीले विश्वासको मत नपाए प्रदेश प्रमुख परशुराम खापुड्ले संविधान धारा १६८ को उपधारा ५ अनुसार बहुमत पुऱ्याउने सांसदलाई सरकार गठनका लागि आह्वान गर्नेछन् ।

यसअनुसार प्रदेश सभाको कुनै सदस्यले प्रदेश सभामा विश्वासको मत प्राप्त गर्न सक्ने अवस्था भए प्रदेश प्रमुखले त्यस्तो सदस्यलाई मुख्यमन्त्री नियुक्त गर्ने व्यवस्था छ । त्यसरी नियुक्त भएका मुख्यमन्त्रीले पनि ३० दिनभित्र विश्वासको मत पाएनन् भने संविधानको धारा १६८ (७) अनुसार मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखले प्रदेश सभा विघटन गरी ६ महिनाभित्र अर्को प्रदेश सभाको निर्वाचन सम्पन्न हुने गरी निर्वाचन मिति तोक्न पाउनेछन् ।

२२ भदौमा सर्वोच्च अदालतको परमादेशबाट मुख्यमन्त्रीमा नियुक्त कार्कीले प्रदेश सभाको चौथो अधिवेशनमा शनिबार विश्वासको मत लिने बताएका छन् । तर, ९३ सदस्यीय प्रदेश सभामा बहुमतका लागि ४७ मत आवश्यक पर्छ । प्रदेश सभामा एमालेको ४० (एक उपसभामुखसहित) सदस्य छन् । हाल सभामुख नरहेकाले सदन उपसभामुखले चलाउँदा कार्कीको पक्षमा ३९ मत मात्र हुनेछन् ।

अघिल्लोपटक अन्तिम समयसम्म सरकारमा रहेको राप्रपा यसपटक सरकारमा सहभागी भएन । ६ मत रहेको राप्रपाले समर्थन गर्दा पनि कार्कीले विश्वासको मत पाउने अवस्था छैन । राप्रपाले कार्कीलाई विश्वासको मत दिने निर्णय गरेको छैन । सरकार सुरक्षित नहुने अवस्थामा मत नदिने राप्रपाको रणनीति छ । सत्ता राजनीतिले प्रभावित हुँदै आएको कोशी प्रदेश सभाको दोस्रो कार्यकालको चौथो अधिवेशन १७ असोजदेखि जारी छ ।

विपक्षी गठबन्धनमा रहेका दलहरू कांग्रेस, माओवादी, एकीकृत समाजवादी र जनता समाजवादीले कार्कीको सरकारलाई विश्वासको मत नदिने घोषणा गरिसकेका छन् । कार्कीको विपक्षमा कांग्रेस, माओवादी, नेकपा एकीकृत समाजवादी र जसपाको ४७ मत छ । कोशीमा हाल एमालेका ४० (उपसभामुखसहित), कांग्रेस २९, माओवादी १३, राप्रपा ६, एकीकृत समाजवादी चार र जनता समाजवादीका एक सांसद छन् ।

एमाले प्रमुख सचेतक रेवतीरमण भण्डारी आफूहरूले संघीयताको रक्षाका लागि विपक्षी दल कांग्रेस र राप्रपासँग पटक-पटक कुरा गरिसकेको र संयुक्त सरकार बनाउन सहमति जुटाएकाले आफूहरूले विश्वासको मत पाउने दाबी गर्छ । 'माओवादी र एकीकृत समाजवादीसँग कुरा नमिले पनि हामी कांग्रेससँग धेरै आशावादी छौं,' प्रमुख सचेतक भण्डारीले भने ।

दुईपटक मुख्यमन्त्री बनेर पनि दुवैपटक अदालतबाट पदमुक्त भएका कांग्रेस संसदीय दलका नेता उद्धव थापा गठबन्धनले एमालेका मुख्यमन्त्रीलाई विश्वासको मत नदिने निर्णय गरिसकेको र हुबहु कार्यान्वयन हुने बताउँछन् । 'गठबन्धनले अहिलेको सरकारलाई विश्वासको मत नदिने निर्णय गरिसकेको छ । निर्णय कार्यान्वयनमा कुनै शंका छैन,' थापाले भने ।

कार्कीले विश्वासको मत नपाएमा कोशीमा संविधानको धारा १६८ को उपधारा ५ अनुसार पुनः नयाँ सरकार गठनका लागि आफूहरूको पहल रहने कांग्रेस संसदीय दलका नेता थापाको भनाइ छ । यस्तो सरकार बने कोशी प्रदेश सभाको दोस्रो कार्यकालको दश महिनामा पाँचौं सरकार हुनेछ । र यसरी बहुमत दाबी गरेर सरकार गठन भए पनि उसले पनि ३० दिनभित्र विश्वासको मत लिनुपर्छ । मत नपाए प्रदेशको राजनीति मध्यावधितिर जानेछ ।

केन्द्रमा सत्तागठबन्धनमा रहेका दलहरू संविधानको धारा १६८ को उपधारा ५ अनुसार कोशीमा सरकार बने हाल तटस्थ बसेको राप्रपाले साथ दिने विश्वासमा छन् । राप्रपाले समर्थन गरे कोशीमा तत्कालका लागि मध्यावधि टर्नेछ । ६ सिट रहेको राप्रपाले साथ दिए हालको विपक्षी गठबन्धनमा कोशीमा ५३ सांसद पुग्नेछन् ।

मुख्यमन्त्री र सभामुख दाबी गरिरहेको राप्रपाले अहिले नै निर्णय सार्वजनिक गरेको छैन । राप्रपा संसदीय दलका नेता भक्तिप्रसाद सिटौला आफूहरूले एमाले मुख्यमन्त्री हिक्मतकुमार कार्कीलाई विश्वासको मत दिए पनि सरकार टिक्ने सम्भावना नभएकाले विश्वासको मत दिने योजना नभएको बताउँछ । विपक्षी गठबन्धनलाई पनि नयाँ सरकार गठनमा साथ दिने-नदिनेबारे निर्णय गर्न बाँकी रहेको उनी बताउँछन् । 'हामी अझै छलफलमै छौं, भोलिसम्म निर्णय गर्नेछौं,' उनले भने ।

प्रदेश सभामा रहेका सबै दलले अहिले नै मध्यावधि निर्वाचनको अवस्था नरहेको भन्दै सर्वदलीय सरकार बनाएर संघीयता प्रवर्द्धन गर्नुपर्नेमा जोड दिँदै आएका छन् । प्रदेश सभाको चौथो अधिवेशनमा बोल्ने क्रममा सबै दलका नेताले अहिलेको विकल्प सर्वदलीय सरकार मात्र भएको बताएका थिए । उनीहरूले दश महिनामा चार-चारवटा सरकार परिवर्तन गर्नुपर्ने, संसद् पनि निरन्तर चलाउन नसक्ने र बजेट पनि अध्यादेशबाटै लागू गराइरहनुपर्ने बाध्यताको अन्त्य गर्न सबै दल मिलेर स्थिर सरकार सञ्चालन गर्नुपर्ने सबैले चाहना व्यक्त गरेका थिए ।

मुख्यमन्त्री कार्कीले आफूले विश्वासको मत लिने समयदेखि नै आफू र आफनो पार्टी मिलीजुली सरकारको पक्षमा रहेको बताउँदै आएका छन् । तर, उनी र उनको पार्टीले त्यसतर्फ ठोस पहल भने गरेको छैन । यसैगरी कांग्रेस, माओवादी र एकीकृत समाजवादीले यसलाई सार्थक रूपमा छलफलमा ल्याएका छैनन् । माओवादी र जसपा बाहिरिएपछि एमाले सरकारलाई साथ दिएको राप्रपाले भने अहिलेसम्म यसबारे आधिकारिक धारणा बाहिर ल्याएको छैन ।

माओवादी संसदीय दलका नेता इन्द्रबहादुर आङ्बो पटक-पटक आफ्नै नेतृत्वको सरकार असफल भइसकेकाले अब एमालेले संघीयताको दिगो प्रवर्द्धनका लागि सर्वदलीय सरकारमा सहभागी भएर सहयोग गर्नुपर्ने बताउँछन् । 'अब आफू ठूलो दल हुँ भनेर मात्र कोशीमा मध्यावधि टर्दैन, यसैले अस्थिर राजनीति मलजल गर्नुभन्दा एमालेले पनि सरकारमा सहभागी भएर सहयोग गर्नु नै उचित हुन्छ,' उनले भने ।

वालिङ नगरपालिकाको साझेदारीमा कार्यक्रम सञ्चालन गर्न ईच्छुक निजी क्षेत्र/गैरसरकारी संघ संस्थाको लागि आशय पत्र आह्वानको सूचना

प्रथम पटक सूचना प्रकाशित मितिः २०८०/६/२०

वालिङ नगरपालिकाले कृषि तथा पशुविकासको क्षेत्रमा निजी क्षेत्र/गैर सरकारी संघसस्थाको साझेदारीमा काम गर्ने उद्देश्यले **"वालिङ नगरपालिका साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि २०७९"** को अधिनमा रही आर्थिक वर्ष २०८०/८१ देखि सुरु हुने गरी बहुवर्षिय/सालबसालीरुपमा कृषि तथा पशु विकासमा आधारित सानाकिसान तथा युवा उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक योग्यता पुगेका इच्छुक निजी क्षेत्र/गैरसरकारी क्षेत्रका व्यक्ति/संस्थाहरुबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ पन्ध्र दिन भित्र तपसिल बमोजिमका कागजात सहित आशय पत्र पेश गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत विवरण नगरपालिकाको वेवसाइट www.walingmun.gov.np बाट डाउनलोड गर्न वा नगरपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिन्छ । योग्यता नपुगेका र आवश्यक विवरणहरु/कागजात संलग्न नभएको प्रस्ताव उपर कारवाही गर्न नगरपालिका बाध्य हुने छैन । आशय पत्रदाताको योग्यता, अनुभव, क्षमता र साझेदारीको लागि अधिकतम बजेटको प्रस्ताव गरेको आधारमा आशय पत्रको मुल्याङ्कन गरिनेछ ।

आशयपत्रका साथ संलग्न हुनुपर्ने कागजातहरू

१. आशयपत्र पेश सम्बन्धी निवेदन,
२. आशय पत्रको फारम,
३. संस्थाको दर्ता, नवीकरण, कर चुक्ता, विगत तीन वर्षको लेखापरीक्षण प्रतिवेदन, नियमनकारी निकायको अनुमति पत्र (अनुमतिपत्र लिनुपर्नेको हकमा),
४. स्थायी लेखा नम्बर,
५. साझेदारीको लागि आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्नसक्ने प्रतिबद्धता पत्र,
६. आँफुले लागत साझेदारी गर्न चाहेको रकम प्रतिशत
७. संयुक्त उपक्रममा कार्यगर्ने संस्थाहरुको हकमा दुवै संस्था बीचको कार्य जिम्मेवारी खुल्ने सम्झौता पत्रको सक्कल १ प्रति,
८. प्रस्तावना पेश गर्ने संस्थाको अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपि १ प्रति,
९. संस्था कालो सूचीमा नपरेको स्वघोषणा पत्रको सक्कल १ प्रति,
१०. व्यक्ति, फर्म, कम्पनी तथा संघसंस्थाको विवरण (प्रोफाईल)
११. विगत सात वर्षमा काम गरेको समान प्रकृतिको काम र स्थानको विवरण । व्यक्तिगत आशय पत्रदाताको हकमा विगत चार वर्षमा सम्पन्न गरेको समान प्रकृतिको कामको विवरण
१२. प्रस्तावित जनशक्तिको वैयक्तिक विवरण

प्रमुख प्रशासकीय अधिकृत

दुई अर्ब १६ करोड...

पृष्ठ १ बाट क्रमशः

ताला लगाएर बन्द गरिएको छ । हाल कोभिड नभए पनि अन्य प्रयोजनमा लगाउन सकिने संरचना बिग्रिने जोखिम बढेको छ । यी होल्डिङ सेन्टर सञ्चालनको मोडालिटी तय गर्न ६ महिनाअघि बनेको रक्षा मन्त्रालयको कार्यदल पनि अनिर्णीत बनेको छ ।

'होल्डिङ सेन्टर विपत् व्यवस्थापनको प्रयोजनका लागि बनाइएकाले हरेक सेन्टरमा २५ प्रतिशत बेड होल्डिङ सेन्टरकै रूपमा राखेर बाँकी बहुउपयोगमा ल्याउने कि भन्ने छ,' कार्यदल संयोजक रक्षा मन्त्रालयका सहसचिव बाबुराम अधिकारीले भने, 'तर, होल्डिङ सेन्टर पूरै हामी व्यवस्थापन गरेर चलाउँछौं भनेर कुनै पनि निकाय आएनन् ।'

मोरङको विराटनगर महानगर र कैलालीको धनगढी उपमहानगरले होल्डिङ सेन्टरमा अस्पताल चलाउन खोजेका छन्, तर हजार बेडको पूरै संरचनामा होइन । त्यसबाहेक भाडामा रहेका सरकारी कार्यालय सञ्चालनको अर्को विकल्प पनि छ । 'होल्डिङ सेन्टरको बहुउपयोगका लागि प्रदेश र स्थानीय तहसँग समन्वय गरेर अधि बढ्नुपर्छ । जहिल्यै माथिबाट व्यवस्थापन गर्न गाह्रो हुन्छ,' अधिकारीले भने, 'तर, कुन होल्डिङ सेन्टर कुन प्रयोजनमा ल्याउन सकिन्छ भनेर भन्न सकिएको छैन । विपत् व्यवस्थापनको विषय पनि भएकाले गृह र स्वास्थ्य मन्त्रालयसँगै प्रदेश सरकारको राय माग गरेका छौं ।' संघका दुई मन्त्रालय तथा कोशी, मधेश, लुम्बिनी र सुदूरपश्चिम प्रदेश सरकारबाट राय प्राप्त भएमा सोहीअनुसार प्रतिवेदनलाई अन्तिम रूप दिएर मन्त्रालयमा पेस गरिने उनले बताए ।

कार्यदलले यसअघि होल्डिङ सेन्टरकै विषयमा झापा, मोरङ, पर्सा, कपिलवस्तु, बाँके, कैलाली र कञ्चनपुरका प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा प्रदेश र स्थानीय तहको प्रतिनिधित्व रहने गरी सहकार्य दल बनाएको थियो । तर, जिल्लाबाट होल्डिङ सेन्टरको स्पष्ट कार्ययोजना नआएको र आंशिक प्रयोगको विषय मात्र समेटिएको थियो ।

महामारीका वेला भारतबाट फर्कने संक्रमितलाई राख्नका लागि सरकारले नाकानजिक होल्डिङ सेन्टर निर्माण गरेको थियो । तर, ०७८ को अन्तिमदेखि ०७९ भदौसम्म सात होल्डिङ सेन्टर निर्माण पूरा हुँदासम्म कोभिड संक्रमणको अवस्था सामान्य भइसकेकाले संक्रमित राख्ने प्रयोजनका लागि होल्डिङ सेन्टर प्रयोग गर्नुपरेन ।

रक्षा मन्त्रालयका प्रवक्ता प्रकाश पौडेलले होल्डिङ सेन्टर कुन निकायलाई जिम्मा लगाउने भनेर चाँडै निर्णय हुने बताए । 'कोभिड महामारीका वेला भारतबाट आएकालाई केही समय सीमाक्षेत्रमै राख्ने भनेर होल्डिङ सेन्टर बनाइएको हो, महामारीपछि ती होल्डिङ सेन्टर प्रयोगविहीन बनेका छन्,' पौडेलले भने, 'अब अस्पताललगायत संरचना सञ्चालनका लागि स्थानीय तह वा कुनै क्षेत्रमा संघकै कार्यालयलाई पनि दिन सकिने देखिएको छ ।'

सरकारले ५ वैशाख ०७८ मा १० वटा होल्डिङ सेन्टर बनाउने निर्णय गर्दा देशभर कोरोनाको महामारी थियो । रूपन्देहीको बेलहिया तथा काठमाडौं उपत्यका प्रवेश गर्ने थानकोट र भक्तपुरको सल्लाघारीमा पनि होल्डिङ सेन्टर बनाउने निर्णय गरेको थियो । १३ वैशाखमा निर्माणको जिम्मा पाएको नेपाली सेनाले यी तीन ठाउँ छाडेर सात ठाउँमा मात्रै होल्डिङ सेन्टर बनाउन हुनुमान कन्स्ट्रक्सनलाई जिम्मा दिएको थियो । बेलहियामा जग्गा प्राप्त नभएर बनाएन भने थानकोट र सल्लाघारीमा अस्थायी रूपमा मात्रै होल्डिङ सेन्टर चलाइयो । त्यतिखेर होल्डिङ सेन्टर निर्माणको कुल लागत अनुमान दुई अर्ब ३२ करोड ९० लाख रहेकामा सातवटा मात्र निर्माणमा दुई अर्ब १६ करोड खर्च भएको थियो ।

हस्तान्तरण नहुँदा काँकडभिट्टाको होल्डिङ सेन्टर एक वर्षदेखि रुँगेर बस्दै सेना

झापाको मेचीनगर नगरपालिका- १४ दुवागडीमा एक वर्षअघि नै होल्डिङ सेन्टर निर्माण भए पनि प्रयोगविहीन छ । कोरोनाको समयमा पूर्वीनाका काँकडभिट्टादेखि आउने नेपालीलाई राख्न भनेर हजार बेडको होल्डिङ सेन्टर बनाइएको थियो । कोरोना महामारी नियन्त्रणसँगै करिब २८ करोडमा निर्माण भएको होल्डिङ सेन्टर प्रयोगविहीन भएको छ । होल्डिङ सेन्टर नेपाली सेनाको चारआलीस्थित अरिदमन गणको जिम्मामा छ ।

रक्षा मन्त्रालयले हस्तान्तरण नगरेका कारण होल्डिङ सेन्टर प्रयोगविहीन भएको झापाका प्रमुख जिल्ला अधिकारी शिवराम पोखरेलले बताए । 'होल्डिङ सेन्टर अहिले प्रयोगमा छैन । कसलाई हस्तान्तरण पनि भएको छैन । नेपाली सेनाले संरक्षण गरिरहेको छ,' उनले भने, 'केही महामारी आयो भने तत्काल प्रयोग गर्न सक्ने गरी तयारी अवस्थामा छ ।' मेचीनगर नगरपालिकाकी उपमेयर मीना उप्रेतीले संघ सरकारले हस्तान्तरण गरेमा आफूहरू अस्पताल चलाउन तयार रहेको बताइन् ।

त्यस्तै, मोरङको विराटनगर (रानी) जोगबनी नाकामा निर्माण गरिएको होल्डिङ सेन्टर सवा एक वर्षदेखि प्रयोगविहीन छ । २८ करोड ९१ लाखमा नेपाली सेनाले हनुमान कन्स्ट्रक्सनमार्फत विराटनगर- १६ स्थित विराटनगर जुटमिलको पाँच बिघा क्षेत्रमा होल्डिङ सेन्टर निर्माण गरेको हो ।

१३ महिना लगाएर बनाइएको वीरगन्जको होल्डिङ सेन्टर प्रयोगमै आएन

वीरगन्ज-रक्सौल नाकाको वीरगन्ज भन्सारको पश्चिमपट्टिको गोदाम क्षेत्रमा १३ महिना लगाएर निर्माण भएको होल्डिङ सेन्टर अहिलेसम्म प्रयोगमा आएको छैन । २५ असार ०७८ बाट निर्माण थालिएको होल्डिङ सेन्टर गत वर्ष भदौमा मात्र सकिएको थियो । करिब २८ करोड लागतमा निर्माण भएको होल्डिङ सेन्टर अहिलेसम्म प्रयोगमा आएको छैन । पर्साका सहायक प्रमुख जिल्ला अधिकारी शिव लम्सालका अनुसार सरकारी निकायलाई हस्तान्तर भइनसकेकाले अहिले सेनाले नै रेखदेख गरिरहेको छ ।

साढे २७ करोडमा बनेको कपिलवस्तुको होल्डिङ सेन्टर प्रयोगविहीन

२७ करोड ६७ लाख ८२ हजार लागतमा कपिलवस्तुको कृष्णनगर नगरपालिका- १ को भन्सार नाकानजिक ६ सय बेड र सोही वडाको शिवनगरमा चार सय बेडको होल्डिङ सेन्टर गत वर्ष नै निर्माण भए पनि सञ्चालनको मोडालिटी नबन्दा प्रयोगमा आउन सकेको छैन । कपिलवस्तुका प्रमुख जिल्ला अधिकारी शंकरहरि आचार्यले होल्डिङ सेन्टर के-कसरी सञ्चालन गर्ने भनेर केन्द्रले निर्णय गरेपछि मात्र थाहा हुने बताए ।

कृष्णनगर नगरपालिकाका मेयर रजतप्रताप शाहले होल्डिङ सेन्टर सञ्चालनका लागि केन्द्र र प्रदेशले स्थानीय तहलाई स्रोत-साधन उपलब्ध गराउनुपर्ने बताए । कृष्णनगर नगरपालिकाले नेपाल आउनेको स्वास्थ्य परीक्षण भन्सारको एउटा कोठामा गर्दै आएको छ । अहिले कोभिड महामारी नरहे पनि मलेरिया, टिबी, एचआइभी/एड्सको जाँच भइरहेको छ ।

बाँकेको होल्डिङ सेन्टर सञ्चालनमा नआउँदै चर्किन थाले भवनका भित्ता

बाँकेको नेपालगन्ज उपमहानगरपालिका- १४ भवनियापुरस्थित निर्माण भएको होल्डिङ सेन्टर सञ्चालनमा नआउँदै भवनका भित्ता चर्किन थालेको छ । भवनमा लगाइएका ताला नखोलेको एक वर्ष भइसकेको छ । तालामा खिया लागेर खोल्न नसकिने भएका छन् भने होल्डिङ सेन्टर परिसरमा खाल्डाखुल्डीसमेत परेका छन् । कुल २९ करोड ३८ लाख २० हजार रुपैयाँ लागतमा निर्माण भएको होल्डिङ सेन्टर जमुनाह नाका हुँदै भारतबाट आउने कोरोना संक्रमितलाई राख्ने उद्देश्यले निर्माण गरिएको हो । १३ असार ०७९ मा निर्माण भएको होल्डिङ सेन्टर नेपाली सेनाले श्री नम्बर ४ बाहिनी अड्डालाई हस्तान्तरण गरेको थियो ।

होल्डिङ सेन्टर प्रयोगविहीन हुँदा जीर्ण बन्ने जोखिम

कैलालीको त्रिनगर भन्सार नाकानजिक बनाइएको होल्डिङ सेन्टर प्रयोगविहीन हुँदा जीर्ण बन्ने जोखिम छ । २८ करोड ८१ लाख लागतको होल्डिङ सेन्टर निर्माण भएदेखि नै प्रयोगविहीन छ । राज्यको ठूलो लगानी रहेको होल्डिङ सेन्टर लामो समयसम्म प्रयोगविहीन हुँदा संरचना र त्यसभित्र राखिएका सामान जीर्ण बन्ने जोखिम छ । तर, कुन प्रयोजनका लागि प्रयोग गर्ने भन्ने यकिन भएको छैन । होल्डिङ सेन्टरबाहिर नेपाली सेनाले पहरा दिइरहेको छ । कैलालीका प्रमुख जिल्ला अधिकारी युवराज कट्टेलले संरचना जतिसक्दो चाँडो प्रयोगमा ल्याउन आवश्यक रहेको बताए । 'होल्डिङ सेन्टर सञ्चालनको तीन मोडालिटी करिब तीन महिनाअघि गृह मन्त्रालयलाई पठाएका छौं, गृहले केही निर्णय गर्ला,' उनले भने, 'संरचना अहिलेसम्म बिग्रिएको छैन, तर जतिसक्दो चाँडो प्रयोगमा ल्याउनुपर्ने देखिन्छ ।'

बाल अस्पताल सञ्चालनको पहल

धनगढी उपमहानगरपालिकाले होल्डिङ सेन्टरमा निजी क्षेत्रबाट बाल अस्पताल सञ्चालनका लागि पहल थालेको छ । वरिष्ठ मुटुरोग विशेषज्ञ डा. भगवान कोइरालाले सुदूरपश्चिममा बाल अस्पताल सञ्चालन गर्न चाहेकाले होल्डिङ सेन्टर उक्त अस्पताल सञ्चालनका लागि दिन सकिने उपमहानगरको भनाइ छ । डा. कोइराला र धनगढी नगरप्रमुख गोपाल हमालले केही दिनअघि होल्डिङ सेन्टरको निरीक्षण गरेका थिए ।

होल्डिङ सेन्टरमा स्त्री तथा बालरोग विशेषज्ञसहितको अस्पताल सञ्चालन गर्न उपमहानगरले डा. कोइरालालाई आग्रह गरेको थियो । डा. कोइरालाले सुदूरपश्चिममा सेवा दिनका लागि बाल अस्पताल सञ्चालन गर्न चाहेकाले होल्डिङ सेन्टर उपलब्ध गराउन पहल थालिएको र डा. कोइरालालाई निरीक्षण गराइएको मेयर हमालले बताए ।

दुई वर्षअघि नै बनेको कञ्चनपुरको होल्डिङ सेन्टर सञ्चालनमै आएन

कञ्चनपुरको महेन्द्रनगरस्थित भगतपुरमा दुई वर्षअघि नै बनेको होल्डिङ सेन्टर प्रयोगमा आएको छैन । हनुमान कन्स्ट्रक्सनले २९ करोड २४ लाखमा चैत ०७८ मा निर्माण गरेको थियो । तर, हस्तान्तरण नै नहुँदा होल्डिङ सेन्टर सेनाले रेखदेख गर्दै आएको छ । हनुमान कन्स्ट्रक्सनका म्यानेजर लक्ष्मण सापकोटाले होल्डिङ सेन्टर हस्तान्तरणमा समस्या भएको बताए । 'बुझिदिने निकाय भएनन्, कसलाई बुझाउने हामी अन्योलमा छौं,' उनले भने । स्थानीय, प्रदेश र संघीय सरकारका अधिकारीले स्थलगत अनुगमन गरे पनि सञ्चालनको स्पष्ट खाका आइसकेको छैन ।

होल्डिङ सेन्टर...

पृष्ठ १ बाट क्रमशः

महानगरपालिकाले लिने भनिएको छ । प्रदेश सरकारले नियमित बजेट उपलब्ध गराउनुपर्ने र जिल्लास्थित पालिकाका स्थानीय विपत् व्यवस्थापन समितिले जिल्ला विपत् व्यवस्थापन समितिको कोषमा उपलब्ध गराएर सोही कोषबाट बिजुली, पानी, मर्मत-सम्भार, सुरक्षालगायतका अन्य व्यवस्थापन खर्च जोहो गर्न सकिने सुझाइएको छ ।

कैलाली धनगढीस्थित त्रिनगर भन्सार नाकामा रहेको होल्डिङ सेन्टरमा तीन प्रयोजनको प्रस्ताव गरिएको छ । प्रजिअ युवराज कट्टेल नेतृत्वको उपसमितिले धनगढी उपमहानगरको समन्वयमा स्वास्थ्य प्रयोजनका लागि प्रयोग गर्न सकिने वा प्रदेशको सामाजिक विकास मन्त्रालयसँगको समन्वयमा स्वास्थ्य वा अन्य क्षेत्रको तालिम केन्द्र बनाउन सकिने वा सशस्त्र प्रहरीको अस्पताल बनाउने राय सुझाएको हो । यी तीनवटै प्रयोजनमा होल्डिङ सेन्टरको निश्चित क्षेत्र प्रयोग गरेर बाँकी बेड महामारी वा विपत्मा प्रयोग गर्न सकिने गरी छुट्याउनुपर्ने प्रस्ताव छ ।

कपिलस्त कपिलवस्तु प्रशासनले होल्डिङ सेन्टर सञ्चालनका लागि केन्द्रमा पठाएको रायबारे जानकारी उपलब्ध गराएको छैन । तर, कृष्णनगर नगरपालिकाका मेयर रजतप्रताप शाहले होल्डिङ सेन्टर सञ्चालनका लागि केन्द्र र प्रदेशले स्थानीय तहलाई स्रोत-साधन उपलब्ध गराउनुपर्ने बताए ।

बाँके नेपालगन्जमा रहेको होल्डिङ सेन्टर सञ्चालनका लागि बाँकेका प्रमुख जिल्ला अधिकारी नेतृत्वको उपसमितिले तीन विकल्पसहित राय सरकारलाई दिएको छ । सहायक प्रमुख जिल्ला अधिकारी टोपेन्द्रबहादुर केसीका अनुसार विपत् व्यवस्थापन, एकीकृत बहुउपयोगी लागुऔषध दुर्व्यसनी, कुष्ठरोग पुनर्स्थापना केन्द्र सञ्चालन र निश्चित समयका लागि निजी क्षेत्रलाई भाडामा दिने राय दिइएको छ । २० भवनमा रहेका एक हजार बेडमध्ये २५ प्रतिशत संरचना विपत् व्यवस्थापनका लागि सुरक्षित राख्न सुझाव दिइएको छ । उपसमितिले २४ चैत ०७९ मै प्रतिवेदन पठाएको थियो ।

कञ्चनपुर भीमदत्त नगरपालिका- १८ भगतपुरमा निर्माण भएको होल्डिङ सेन्टर सञ्चालनका लागि विभिन्न विकल्प अघि सारिएको छ । कुल होल्डिङ सेन्टरको २५ प्रतिशत क्षेत्र विपत् व्यवस्थापन केन्द्र होल्डिङ सेन्टरका रूपमा बनाउने, लागुऔषध प्रयोगकर्ताका लागि सुधारगृह बनाउने, कुष्ठ

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्याँ नयाँ
शनिबार २० असोज ०८०
nayapatrikaofficial @naya_patrika

चिनियाँहरू हिँडिरहेको अलग बाटो

हामी अरूको भनाइ, आदेश वा उपदेशको पक्ष-विपक्षमा उभिन इतिहासदेखि आजसम्म अभिशप्त छौं । तर, चिनियाँहरू भनिरहेका छन्, 'दुनियाँले के भन्छन् ? हामीलाई मतलब छैन ।



चीनको छोङछिङ



राजेश राई
kulung.rajesh@gmail.com

अनुभूति

ती चिनियाँ कमरेडले भने, 'हामीलाई दुनियाँले के भनिरहेको छ ? त्यो बहस गर्ने फुर्सद नै छैन । दुनियाँलाई हामी कुन बाटोमा लैजान चाहन्छौं, हाम्रो ध्यान त्यता छ । अरूको पछि दौडिनु र निर्भर हुनु स्वतन्त्र होइन । सबैभन्दा बढी स्वतन्त्र त हामी छौं, किनभने हामी आफैंसँग निर्भर छौं ।

२० भदौ २०८०, नेकपा (एमाले)का महासचिव शंकर पोखरेलसहित चीनको छोङछिङ सहरको उत्तर-पूर्वमा रहेको युनयाङ काउन्टी यात्राको क्रममा थिएँ । हाम्रो गाडीमा युनहाङ यात्राको समन्वय गरिरहेकी थिइन् चिनियाँ कम्युनिस्ट पार्टीको स्थानीय कमिटीको विदेश विभागमा कार्यरत २४ वर्षीया कमरेड याङ युन, जो भर्खरै बेलायतबाट मास्टर्स गरेर फर्किएपछि चिनियाँ कम्युनिस्ट पार्टीको स्थानीय कमिटीको विदेश विभागमा काम सुरु गरेकी रहेछिन् । यात्राको क्रममा प्रसंगवश कमरेड याङ युनलाई अनेरास्वविyुका अध्यक्ष समिक बडाल र मैले पालैपालो प्रश्न सोध्यौं ।

मेरो प्रश्न थियो, 'तपाईंले मान्ने धर्म कुन हो ?' मुस्कुराउँदै भनिन्, 'चिनियाँ कम्युनिस्ट पार्टी ।' फेरि सोधें, 'तपाईंको धर्मको कुरा गरेको हुँ ।' उनले थप प्रस्ट पारिन्, 'मैले तपाईंको प्रश्न बुझिसकें । हाम्रो धर्म, मन्दिर वा गुम्बा जे भन्नुहोस् चिनियाँ कम्युनिस्ट पार्टी हो ।'

कमरेड समिकको प्रश्न थियो, 'भगवान् मान्नुहुन्न ?'

ठ्याक्कै ताप्लेजुङ-पाँचथरतिरको लिम्बुनीजस्तो अनुहार भएकी युनले उही मुस्कानका साथ भनिन्, 'अहिले हाम्रो भगवान् महासचिव सी चिनपिङ ।'

कमरेड समिक र मैले एकसाथ उनको अनुहारतिर फर्केर हेर्‍यौं । उनी हामीसँग जिस्किरहेकी थिइनन् । यस्तो लाग्यो, 'हाम्रो प्रश्नको उत्तर ओठले होइन, हृदयले दिइरहेकी छिन् ।' आस्था र समर्पण अनुहारमा दुगुरिहेको थियो ।

युन मात्रै होइन, हाम्रो दुई साता लामो यात्रामा भेटिएका हरेक चिनियाँ नागरिकले उसैगरी सम्मानका साथ चिनियाँ कम्युनिस्ट पार्टी र महासचिव सी जिनपिङको नाम लिए । किसानले आफ्नो सफलताको कथा सुनाउँदा होस् वा विद्यार्थीहरूले नयाँ रचनाको व्याख्या गर्दा वा ग्रामीण इलाकाका स्थानीय समुदायले आफ्नो उन्नतिको बारेमा व्याख्या गर्दा हरेक विषयमा महासचिव सीको भनाइलाई 'कोड' गर्थे । उनीहरूको उही भाका र भाषा हुन्थ्यो, 'हाम्रो महासचिव सी जिनपिङले सिपिसीको १९औं राष्ट्रिय महाधिवेशनमा यो विषयमा यस्तो भन्नुभएको थियो ।' हरेक आफ्नो सफलताको कथालाई महासचिव सीले गरेको घोषणासँग जोडेर उनीहरूले त्यसको सैद्धान्तीकरण गरिदिन्थे । जस्तो युनहाङका फूल उत्पादन केन्द्रका एक किसानले फूल उत्पादनको सफलताको कथा सुनाउन अगाडि भने, 'महासचिव सीले नयाँ युगमा चिनियाँ विशेषतासहितको समाजवाद स्थापनाका लागि कृषिको आधुनिकीकरणमा जोड दिनुभएको छ । हामीले त्यहीअनुसार यो फार्म सञ्चालन गरिरहेका छौं ।'

यदाकदा पश्चिमा मिडियाँहरूले प्रोपोगान्डा गर्छन्, 'चिनियाँ जनताहरू खुसी छैनन्, उकुसमुकुस जीवन बाँचिरहेका छन् ।' तर, यथार्थ त्यो होइन, छैन । बरु उनीहरू बढो उन्मुक्त र गौरवका साथ बाँचिरहेका छन् । हरेक चिनियाँको दिलदिमागमा छ, 'हाम्रो महासचिव कमरेड सी जिनपिङको नेतृत्वमा संसार जित्न हिँडेका यो धर्तीका सबैभन्दा श्रेष्ठ मानिस हौं ।'

उनीहरूलाई पछाडि फर्केर अरूहरूले अभ्यास गरेजस्तो लोकतन्त्रको कुरा गर्ने फुर्सद नै छैन । संसार जित्न हिँडेकाहरू उनीहरूले आफ्नो लक्ष्यलाई सैद्धान्तीकरण गरेका छन्, 'नयाँ युगमा चिनियाँ विशेषतासहितको समाजवाद ।'

हो, यही मनोविज्ञान र एकताको बलमा चिनियाँ नेतृत्व र जनताले चामत्कारिक र अभूतपूर्व रूपमा वैभवपूर्ण चीनको निर्माण गरेका हुन् । छिडहाईको स्थानीय कमिटीको विदेश विभागमा कार्यरत कमरेड युलीले हामीलाई भनिन्, 'अरूले के अभ्यास गरिरहेका छन् हामीलाई मतलब छैन । हामीलाई यसमा गौरव छ कि महासचिव सीको नेतृत्वमा हामी 'नयाँ युगमा चिनियाँ विशेषतासहितको समाजवाद' स्थापना गर्न चहान्छौं । यो धर्तीलाई गरिबीबाट मुक्त गरेर शान्त र समृद्ध विश्व निर्माण गर्न चाहन्छौं ।'

सीको त्यो सपना, यो विपना

सन् २०१२ मा सम्पन्न सिपिसीको १८औं राष्ट्रिय महाधिवेशनबाट महासचिवमा निर्वाचित भएपछि सीले चीनबाट पूर्णरूपमा गरिबी निवारण गर्ने संकल्प र सपना सुनाए । भने, 'सबैका आ-आफ्नै सपना हुन्छन् । चीनको पनि आफ्नै सपना छ ।' सी नेतृत्वमा आउनुअघि अर्थात् सन् २०११ सम्म चिनियाँ जनताको क्रयशक्ति १.९१ अमेरिकी डलरभन्दा कम थियो । विश्व बैंकको पुरानो मापदण्डअनुसार त्यति क्रयशक्ति भएको जनशक्ति निरपेक्ष गरिबीको रेखामुनि भएको मानिन्छ । संसारका गरिबहरूमा चिनियाँ जनता मात्रै ४६.४ प्रतिशत थिए ।

महासचिव सीले १५ सेप्टेम्बर २०१५ मा अमेरिकाको वासिंटन राज्यको सिएटलमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै भनेका थिए, 'हाम्रो मापदण्डअनुसार चीनमा अझै सात करोड चिनियाँ गरिबीको रेखामुनि छन् । विश्व बैंकको मापदण्डअनुसार २० करोड चिनियाँ गरिबीको रेखामुनि गुजारा गरिरहेका छन् ।' तथ्यांकअनुसार २०१२ यता चीनमा हरेक दुई सेकेन्डमा एक गरिब मानिस गरिबीमुक्त भए । चीनले गएको ४० वर्षमा ८० करोड जनतालाई गरिबीबाट मुक्त गऱ्यो ।

सन् २०१७ मा गरिबीविरुद्ध 'युद्ध' घोषणा गरेको चीनले सन् २३ नोभेम्बर २०२० मा क्विचौ प्रान्तीय सरकारले बाँकी रहेका अन्तिम नौवटा अति गरिब जिल्लाहरू गरिबीबाट मुक्त भएको घोषणा गरे । क्विचौ प्रान्तसँगै चीन गरिबीमुक्त भयो ।

चामत्कारिक परिवर्तन गरेर चीनले दुनियाँलाई चकित बनाएको छ । चीन हिँडिरहेको बाटो र देखाएको उज्यालो दुनियाँका सबै शक्तिलाई मन नपर्न सक्छ, त्यो फरक कुरा हो । तर, चीनलाई विश्वको कुनै पनि शक्तिले बेवास्ता गर्नै सक्दैन । विश्वको अपरिहार्य शक्ति बनेको आजको भव्य चीन सजिलो गरी बनेको भने होइन । चिनियाँहरूले पार गरेको कठिन र कहालीलाग्दा दिनहरूको जगमा आजको चीन उभिएको हो ।

चिनियाँहरूले कस्ता कठिन दिन पार गरेर यहाँसम्म आएका छन् ? महासचिव सीले १५ सेप्टेम्बर २०१५ मा अमेरिकाको वासिङटन राज्यको सिएटलमा आफ्नो सम्झना सुनाएका थिए, 'सन् १९६० को दशकको अन्त्यतिर जुन वेला म किशोरावस्थामा थिएँ । मलाई पश्चिमी चीनको सान्सी प्रान्तका ल्याङचिआह नाम गरेको गाउँमा पठाइयो । मैले त्यहाँ किसानको रूपमा सात वर्षसम्म खेतबारीमा काम गरेँ । म चम्किलो र मलिलो माटोको पहाडमा खनेर पत्ता लागेका गुफाहरूमा बसेँ । माटोको ओछ्यानमा सुतेँ । स्थानीयवासी अति गरिब थिए, उनीहरू महिनौंसम्म एक टुक्रा मासुसमेत खान पाउँदैनथे ।'

सीपछि त्यही गाउँको पार्टी शाखाका सचिव भएँ । स्थानीयहरूको आर्थिक विकासका लागि अग्रसर भए । महासचिव सी सम्झिन्छन्, 'उनीहरूले डाइनिङ टेबलमा मासु खाएको हेर्ने मेरो उत्कट चाहना थियो, मैले बारम्बार हेर्न चाहेको त्यो स्थिति सिर्जना गर्ने लक्ष्य हासिल गर्न भने गाह्रो थियो ।'

करिब ५५ वर्षपछि महासचिव सी वसन्त उत्सव पारेर उही सान्सी प्रान्तको ल्याङचिआह फर्किए । ल्याङचिआहको अनुहार बदलिएको थियो । बिहान-बेलुकी खानामा मासु हुनु कुनै सपनाको विषय थिएन । फराकिला सडकहरू कालोपत्रे थिए । बिजुली र इन्टरनेट पुगेको थियो । बालबालिकाहरूले राम्रो शिक्षा पाएका थिए । फेरिएको ल्याङचिआह पुगेपछि उनले भने, 'यसबाट मलाई के लाग्यो भने चिनियाँ सपना भनेको जनताको सपना हो ।'

महासचिव सीजस्तै सीका पुस्ताका हरेक शक्तिशाली चिनियाँ नेताहरूसँग मलिलो माटोको पहाडमा खनेर पत्ता लागेका गुफाहरूमा सुतेको सम्झना छ । माटोलाई ओछ्यान बनाएर सुतेका संस्मरण छन् । महासचिव सी र उनका पुस्ताका नेताहरूले असाधारण मिहिनेत गरेका छन् । उनीहरूले उत्कट चाहना राखे- एक टुक्रा मासु खान नपाउने चिनियाँ जनताहरूले डाइनिङ टेबलमा मासु खाएको हेर्न पाउने दिन ल्याउनुपर्छ । त्यही असाधारण त्याग र समपर्णका कारण गएको ४० वर्षमा चिनियाँ कम्युनिस्ट पार्टीको नेतृत्वमा ८० करोड जनतालाई गरिबीको रेखाबाट माथि उकासे । गरिब चीनलाई आणविक शक्तिसम्पन्न राष्ट्र र विश्वको दोस्रो आर्थिक महाशक्ति बनाए ।



युनहाङको थ्री गर्जेज जलाशय क्षेत्रको भ्रमणमा नेकपा (एमाले)का महासचिव शंकर पोखरेल

सी जिनपिङ सत्तामा आएपछि अर्थात् २०१२ यता मात्रै चीनले नौ करोड ८९ लाख ९० हजार चिनियाँलाई गरिबीबाट बाहिर निकाले । ८३२ वटा काउन्टी र एक लाख २८ हजार गाउँहरू गरिबीबाट मुक्त भए । चाइना रेडियो इन्टरनेसनल (सिआरआई)मा कार्यरत पत्रकार चेतनाथ आचार्य 'नयाँ युगमा चीन' नामक पुस्तकमा लेख्छन्, 'चीनले पाँच वर्षमै गरिबी निवारणका लागि मात्र १९ अर्ब ६० करोड युआन लगानी गरेको छ । गरिबलाई पेटी लोनका रूपमा २८ अर्ब ३३ करोड युआन वितरण गरेको छ । गरिबी निवारणमा चिनियाँ कम्युनिस्ट पार्टीको केन्द्रीय कमिटीले अत्यन्त कडा अनुगमन गर्छ ।'

> चीन हिँडिरहेको बाटो र देखाएको उज्यालो दुनियाँका सबै शक्तिलाई मन नपर्न सक्छ, त्यो फरक कुरा हो । तर, चीनलाई विश्वको कुनै पनि शक्तिले बेवास्ता गर्नै सक्दैन । विश्वको अपरिहार्य शक्ति बनेको आजको भव्य चीन सजिलो गरी बनेको भने होइन ।

दुई सातामा हामी छोङछिङका विसन, वानझाउ युनहाङ, छिङहाईका सिनिङ, गोलमुड, बेइजिङका विभिन्न कार्यक्रममा सहभागी भयौं । ती सबै स्थान र कार्यक्रममा चिनियाँहरूको भाका र भाषा उही थियो । कुनै पनि विषय प्रस्तुत गर्नुअघि वा आफ्नो सफलताको कथा भन्नुअघि उनीहरू महासचिव सीको भनाइलाई उद्धृत गर्थे । त्यति मात्रै होइन, पोसाक पनि सबैले सीको जस्तै लगाएको देखिन्थ्यो । सेतो सर्ट, नीलो कोड र नीलो पेन्ट ।

चीनको प्रतिनिधि कथा

चीनले हरेक सहरहरू दुनियाँलाई छक्क पार्ने गरी भव्य र व्यवस्थित बनाएको छ । तर, चीनका हरेक सहरले पार गरेर आएको विगत भने पीडादायी र कहालीलाग्दो छ । त्यसो त चिनियाँहरू वर्तमानको चिनियाँ भव्यता र आधुनिकीकरण आफ्नो पुर्खाहरूको रगत, पसिना र आँसुको पहाडमाथि उभिएको तथ्यप्रति सचेत छन् ।

त्यस्तै एउटा प्रतिनिधि सहर हो, चीनको दक्षिण-पश्चिममा अवस्थित छोङछिङ । भौगोलिक बनोट नेपालसँग मिल्दोजुल्दो छ । छोङछिङको ७६ प्रतिशत भूभाग पहाडले भरिएको छ । चार दशकअघिसम्म भोकमरीको सामना गरेको छोङछिङले अमेरिकाको न्युयोर्क बिर्सांउने गरी विकास गरेको छ । छोङछिङ खरानीबाट उठेको सहर हो । छोङछिङ त्यही सहर हो, जहाँ जापानले एक सय ५० बमवर्षक विमानबाट दुई सय ६८ पटक ठूला बम खसाएको थियो । जापानको आक्रमण (१९३८-१९४३) बाट १० हजारभन्दा बढी चिनियाँहरूले ज्यान गुमाएका थिए, ३० हजारभन्दा बढी हताहत भएका थिए । ३० हजारभन्दा बढी भवनहरू ध्वस्त भएको थियो । उनीहरू इतिहासको सम्झना गर्छन्,'त्यो वेला खरानीबाहेक हामीसँग केही बाँकी रहेन ।'

त्यो युद्ध, युद्धपछिको भोकमरीबाट उठेको छोङछिङ अहिले चीनको रणनीतिक सहर हो । जनसंख्याको हिसाबले विश्वको सबैभन्दा ठूलो नगरपालिका हो । छोङछिङ चीनको केन्द्र शासित चार ठूला नगरमध्येको एक हो । अन्य ठूला नगरहरूमा चीनको राजधानी बेइजिङ, सांघाई र तियाङजिङ हुन् । छोङछिङ चीनको पश्चिम र दक्षिण क्षेत्रमा रहेको एक मात्रै नगरपालिका हो ।

८२ हजार चार सय पाँच वर्ग किलोमिटर क्षेत्रमा फैलिएको छोङछिङको जनसंख्या तीन करोड २० लाख छ । याङ्सी तथा जिआलिङ नदीको संगममा रहेको छोङछिङलाई रेल, सडक, हवाई सेवा मात्रै होइन र नदीको जलमार्गले समुद्रसँग जोडेको छ । नेपालसँग नजिक रहेको छोङछिङलाई चीनले रणनीतिक प्राथमिकतामा राखेको सहर हो । यो सहरलाई चीनको बहुचर्चित परियोजना बेल्ट एन्ड रोड इनिसिएटिभ (बिआरआई) कार्यान्वयनको केन्द्रको रूपमा पनि लिइन्छ । चीनले छोङछिङलाई केन्द्रमा राखेर दक्षिण एसियालाई जोड्ने परियोजना अघि बढाइरहेको चिनियाँ सञ्चारमाध्यमहरूले उल्लेख गर्ने गरेका छन् । वित्तीय केन्द्रको रूपमा स्थापित छोङछिङबाट युरोपको दुई सय ३१ वटा सहरमा रेलबाट कार्गो जाने गरेको छ । छोङछिङमा बेलायत, क्यानडा, नेदरल्यान्ड्स, जापानसहितको १२ वटा देशको महावाणिज्य दूतावास छ ।

अहिले बिआरआई र वित्तीय केन्द्र बनेको छोङछिङ ऐतिहासिक रूपमा पनि उत्तिकै महत्त्वपूर्ण सहर हो । क्रान्तिको समयमा माओ त्से तुङले प्रयोग गरेको 'संयुक्त मोर्चा' सिद्धान्तको कार्यान्वयन गरिएको सहर पनि हो । माओ त्से तुङको 'संयुक्त मोर्चा' सिद्धान्तले भन्छ, 'प्रमुख विपक्षीका विरुद्ध क्रान्तिका सबै सहयोगीहरूलाई एकत्रित गर्नु नेतृत्वको योग्यता हो ।' जापानी साम्राज्यवादविरुद्ध लड्न माओ त्से तुङले यही सहरमा बसेर मोर्चा बनाएका थिए । प्रमुख दुस्मन अर्थात् जापानी साम्राज्यवादविरुद्ध लड्न चाङकाइसेकसँग मोर्चाबन्दी गरेका थिए ।

यो सहरको नेतृत्व गरिरहेका छन्, चिनियाँ कम्युनिस्ट पार्टीका पोलिटब्युरो सदस्य युआन जियाजुनले । जियाजुन चिनियाँ सेनाको अन्तरिक्ष इन्जिनियरको नेतृत्व गरेर राजनीतिमा आएका हुन् । उनले चिनियाँ टाइकोनट्सलाई अन्तरिक्षमा लैजाने बहुचर्चित सेन्झाउ अन्तरिक्षयानको मुख्य डिजाइनरको काम गरेका थिए ।

एमाले महासचिवसँगको भेटमा जियाजुनले छोङछिङले गरिबीविरुद्ध लडेको लामो संघर्षको कथा सुनाए । उनका अनुसार तीन दशकअघिसम्म छोङछिङमा गाउँ-सहर र धनी-गरिबबीचको विशाल खाडल थियो । छोङछिङले कृषिको आधुनिकीकरणबाट गरिबी निवारणमा गरेको अभ्यास आज विश्वका लागि अनुकरणीय बनेको छ ।

०००

हाम्रो यात्राको अन्तिम सहर थियो, छिङहाई । यस प्रान्तका ८० प्रतिशत भूभाग समुद्र सतहभन्दा तीन हजार मिटरमाथि पर्दछन् । छिङहाई चीन र दक्षिण एसियाको पानीको स्रोत पनि हो । छिङहाई याङत्जे, येल्लो र लान्काङ नदीको उद्गमस्थल हो । चीनले छिङहाईको राजधानी सिनिङलाई पर्यावरणीय हिसाबले विश्वको नमुना सहरको रूपमा विकास गर्ने रणनीतिसहित काम गरिरहेको छ । छिङहाई गुलमोडस्थित 'करहन साल्ट लेक' छ । जहाँ आजको विश्वको पूरै जनसंख्यालाई एक हजार वर्ष पुग्ने नुन उपलब्ध रहेछ ।

गुलमोड यात्राको क्रममा सिपिसीका एक चिनियाँ कमरेडलाई मन नपर्ने कुरा गरे । भने, 'तपाईंकहाँ स्वतन्त्रता छैन, लोकतन्त्रको अभ्यास छैन भनिन्छ नि ?'


ती कमरेडले बढो विम्रनताका साथ उत्तर दिए, 'हामीलाई दुनियाँले के भनिरहेका छन् ? त्यो बहस गर्ने फुर्सद नै छैन । दुनियाँलाई हामी कुन बाटोमा लैजान चाहन्छौं, ध्यान हाम्रो त्यता छ । जहाँसम्म स्वतन्त्रताको कुरा छ । अरूको पछि दौडिनु र निर्भर हुनु स्वतन्त्र होइन । सबैभन्दा बढी स्वतन्त्र त हामी छौं, किनभने हामी आफैंमा निर्भर छौं । अरूले गुगलबाट दुनियाँ खोज्ला, हामी बाइदुमार्फत खोज्छौं । अरूले युट्युबाट संसार हेर्ला हामी युकोबाट । अरूले फेसबुक वा ह्वाट्सएप्सबाट संवाद गर्ला हामी विच्याटमार्फत ।'

ती कमरेडले कुरा बिट मार्दै गर्दा अरूले जस्तै महासचिव सीलाई उद्धृत गर्दै आफूहरू विश्वबाट अलग नभएर विश्वलाई आफ्नो बाटोमा लैजान खोजेको सगौरव बताए । भने, 'महासचिव सी जिन पिङले २०औं महाधिवेशनमा भन्नुभएको छ, 'साझा भविष्यसहितको समुदाय निर्माण' अर्थात् चिनियाँ जनताको सपना अन्य मुलुकहरूका जनताको सपनासँग घनिष्ट रूपमा जोडिएको छ, चिनियाँ सपना शान्तिपूर्ण अन्तर्राष्ट्रिय वातावरण र स्थायी अन्तर्राष्ट्रिय प्रबन्धमातहतमा मात्र पूरा हुन सक्छ ।'

हामी अरूको भनाइ, आदेश वा उपदेशको पक्ष-विपक्षमा उभिन इतिहासदेखि आजसम्म अभिशप्त छौं । तर, चिनियाँहरू भनिरहेका छन्, 'दुनियाँले के भन्छन् ? हामीलाई मतलब छैन । हाम्रो प्रयास त्यता छ कि दुनियाँलाई हामी कता लैजान्छौं ?' हामीबीचको फरक यही हो ।

अनलाइन गोपनीयता र निगरानी

राष्ट्रिय सुरक्षा, अखण्डता, एकताको नाममा राज्यस्तरबाट हुने पहरेदारी अझ डरलाग्दो हुँदै छ





कविता बाहिङ
kabitarai2019@gmail.com

प्रविधि

हामीमध्ये कतिलाई खुला किताब हुन मनपर्छ ? कतिलाई मसँग लुकाउनुपर्ने केही कुरा छैन जस्तो लाग्छ ? सायद राम्रै संख्यामा छौं होला हामी यो प्रश्नको पक्षमा । वास्तवमा हाम्रो अधिकांश सामाजिक अभ्यासमा गोपनीयताको खासै वास्ता गरिँदैन । न त गोप्यता कायम राख्नुलाई सहज स्विकार्ने वा प्रोत्साहन गर्ने हाम्रो सिकाइ छ । ठिक यही प्रवृत्ति प्रविधि तथा अनलाइनहरूमा पनि देखिन्छ । तर, बढ्दो गोपनीयता भंग, डाटा चोरी र तिनले निम्त्याउने असरको तथ्यलाई बेवास्ता गर्नु मूर्खता हो ।

नेपालको संविधानलगायत अन्तर्राष्ट्रिय कानुन, मानवाधिकारका दस्ताबेजहरूले गोपनीयतालाई अधिकारको रूपमा सुनिश्चित गरेको छ । व्यक्तिको अनुमतिबेगर वा व्यक्तिको कुनै पनि जानकारी, सूचना वा गोपनीयतामा अनधिकृत पहुँचलाई कानुनले गैरकानुनी व्याख्या गर्छ । के कुरा कसलाई पहुँच दिने वा के कुरा गोप्य राख्ने निर्धारण अधिकार व्यक्ति आफूमा निहित हुनुपर्छ । ठिकविपरीत, परिवार, पार्टनर, समाजबाट हुने गोपनीयता हस्तक्षेप निरन्तर छ । अझ सरकारलगायत निजी तथा टेक कम्पनी, सामाजिक सञ्जालद्वारा व्यक्तिको गोपनीयता हस्तक्षेप तथा निगरानी अझै विकराल बन्दै गएको छ ।

दैनिक जीवनमा विनाअनुमति कसैको कोठाभित्र छिर्नु, व्यक्तिगत डायरी पढ्नु गोपनीयताविरुद्ध कार्य हो । कसैको जात, धर्म सोध्नु र खुलाउन बाध्य बनाउनु व्यक्तिको सीमाहरूको उल्लंघन गर्नु हो । पार्टनरले फेसबुकको पासवर्डमा पहुँच राख्नु, अनुमतिबेगर कसैको फोन तथा ल्यापटपमा भएको डाटामा पहुँच राख्नु पनि गोपनीयताविरुद्धका कार्य हुन् । त्यस्तै टेक कम्पनी र सामाजिक सञ्जालका प्ल्याटफर्मले प्रयोगकर्ताको अनावश्यक विवरण लिनु, अझ भर्नौं, अधिक र हरेक जानकारी संकलन गर्नु व्यक्तिको शरीर र डाटा अखण्डतामाथिको आक्रमण हो । त्यस्तै, प्रयोगकर्ताको सहमतिबेगर उनीहरूको डाटा तथा जानकारी बेच्नु वा हाम्रा अनलाइन व्यवहारलाई अध्ययन गरी लक्षित विज्ञापन, अनलाइन सामग्री सम्प्रेषण गर्नु गोपनीयताविरुद्धकै कार्यभित्र पर्छन् ।

गोपनीयता निःसर्त अधिकार हो । तर, पुँजीवादी प्रवृत्तिले ग्रस्त सामाजिक सञ्जाल, जस्तै- फेसबुक, इन्स्टाग्राम, टिकटक, यक्स (ट्विटर) इत्यादि प्रयोग गर्नका निम्ति व्यक्तिले आफ्नो गोपनीयतामा सम्झौता गर्नुपर्ने बाध्यात्मक व्यवस्था समस्याग्रस्त छ । गोपनीयता मूलतः शक्तिविमुख संघर्षरत तथा सीमान्तकृत समूहका लागि शक्ति हो । यसले कैयौं सम्भावित जोखिमबाट सुरक्षा दिनुका साथै स्वतन्त्र रूपमा आफ्ना अभियान गर्न सहयोग गर्छ । गोपनीयता अभ्यास गर्नु आफ्नो शारीरिक, मानसिक र अन्य सुरक्षा र सहजताको शक्तिशाली औजार हो । खासगरी हिंसापीडित व्यक्तिले आफ्नो पहिचान नखुलाई कानुनी अधिकार, सुरक्षा र न्याय प्रचलन गर्न पाउनु, दलित समुदाय आफ्नो थर खोल्न बाध्य नहुनु, यौनकर्मी व्यक्तिले आफ्नो पेसा नखुलाई सुरक्षित महसुस गर्न पाउनु गोपनीयाताको अवसर हो ।

छद्म पहिचान (अनोनिमिटी) गोपनीयता अभ्यास गर्ने अर्को महत्त्वपूर्ण औजार हो । इन्टरनेटमा पारलैंगिक व्यक्तिले आफ्नो नाम कतै नखुलाई बाँच्न पाउनु वा वास्तविक पहिचान लुकाई छद्म खाता खोल्नु, तिनको प्रयोग गरेर इन्टरनेट अभियान गरी सीमान्तकृत समूहले आफ्नो मुद्दा, वैकल्पिक विचारहरू प्रस्तुत गर्न सक्नु इत्यादि यसको अवसर हो । यसो गर्दा उनीहरूमा हुन सक्ने सम्भावित जोखिमलाई न्यूनीकरण गर्नुका साथै सामान्य जीवन निर्वाहमा टेवा पुग्छ ।

गोपनीयता आफैंमा विषयपरक कुरा हो । व्यक्ति र उसको परिस्थितिअनुसार गोपनीयता फरक-फरक देखिन्छ । तसर्थ, यसको सीमा तथा सर्तहरूको निर्धारक शक्ति व्यक्ति स्वयं हुनु अत्यन्त जरुरी छ । गोपनीयता र एजेन्सी अभ्यासको मेरुदण्ड पूर्ण जानकारीसहितको सहमति हो । विडम्बना, निश्चित वर्ग, समूहको गोपनीयतालाई सधैं पाखामा पारिन्छ । मिडिया, विकासे परियोजना, सरकारलगायतबाट सहयोग गर्ने, अनुदान प्रदान गर्ने वा कुनै किसिमको सहजीकरण गर्ने नाममा बार्गेनिङ शक्ति खोसिन्छ । न त उनीहरूलाई उनका फोटोलगायत जानकारी संकलन गर्दा सहमति मागिन्छ, न त प्रयोजनको उद्देश्य बताउनु जरुरी ठानिन्छ । ती जानकारी सार्वजनिक गर्दा सम्बन्धित समूहलाई सुसूचित गराएर सहमति लिनुपर्छ भन्ने कुराको हेक्कासमेत गरिँदैन । यसकै कारण जोखिमपूर्ण परिस्थितिमा भएका समुदायलाई कतिसम्मको असर पार्न सक्छ भन्ने उदाहरण मनग्य छन् । कोभिड महामारीको समयमा पहिलो घटना बाहिर आएसँगै ती महिलामाथि भएको अनलाइन गालीगलोज र ज्यानसम्बन्धी धम्की, इन्टरनेटमा चर्किएको इस्लामोफोबिया र पछिल्लो समयमा भूमिहीन सुकुम्बासी समुदायविरुद्ध उर्लिएको घृणाजन्य अभिव्यक्तिलाई लिन सकिन्छ ।

विश्वभरि नै डाटा अभ्यासलाई मसिनोसँग हेर्दा बैंक, शैक्षिक तथा सरकारी निकाय, निजी संस्थाले हरेक स्थानमा अनावश्यक र अधिक डाटा संकलन गर्ने प्रवृत्ति छ । हरेक निकायले विविध प्रयोजनका लागि व्यक्तिको धेरैभन्दा धेरै र संवेदनशील डाटा पटक-पटक, अन्धाधुन्ध संकलन गर्ने प्रचलन छ । बदलामा ती डाटा संकलनको औचित्य र तिनका प्रभावबारे सचेतना शून्य छ । उदाहरणका लागि अधिक र संवेदनशील डाटा संकलन, सीमान्तकृत समूहमाथि सम्भावित सुरक्षा जोखिम, निगरानी तथा असमावेशिताका कारण भारतमा आधार कार्ड विवादास्पद रह्यो । त्यसका बाबजुद नेपालमा सोही प्रकृतिको राष्ट्रिय परिचय पत्र वितरण प्रचलनमा ल्याइयो । यो परिचय पत्र प्राप्त गर्न व्यक्तिले आफ्नो आँखाको रेटिना, औंठाछाप, तीनपुस्ते जानकारी, वैवाहिक र पारिवारिकलगायत अति विशिष्ट र संवेदनशील जानकारी अनिवार्य दिनुपर्ने हुन्छ । तर, त्यत्ति धेरै जानकारी संकलनको औचित्य के हो ? ती डाटा सुरक्षा सुनिश्चितता र डाटामा कसको पहुँच रहन्छ ? ती डाटाको हदैसम्मको सम्भावित प्रयोजन, सुरक्षित भण्डारण र मेटाउने व्यवस्थाबारे मार्गनिर्देशन के हो ? यस्ता प्रश्न अनुत्तरित छन् । पछिल्लो समयमा राजनीतिक नेता, कलाकारहरूको व्यक्तिगत फेसबुक खाता, सरकारी वेबसाइट ह्याकका घटना नेपालको कमजोर डाटा सुरक्षा संयन्त्रको ज्वलन्त उदाहरण हुन् । साथै यी जानकारी राज्य तथा गैरराज्य समूहले कुन समयमा कसरी प्रयोग वा दुरुप्रयोग गर्नेछन् भन्ने कुराको अनुमान अन्योल छ । अन्ततः यिनको हदैसम्मको जोखिमको मूल्य भने जनताले चुकाउनुपर्ने हुन्छ ।

> राष्ट्रिय परिचयपत्र प्राप्त गर्न व्यक्तिले आफ्नो आँखाको रेटिना, औंठाछाप, तीनपुस्ते जानकारी, वैवाहिक र पारिवारिकलगायत अति विशिष्ट र संवेदनशील जानकारी अनिवार्य दिनुपर्ने हुन्छ । तर, त्यति धेरै जानकारी संकलनको औचित्य के हो ? ती डाटा सुरक्षा सुनिश्चितता र डाटामा कसको पहुँच रहन्छ ?

'डाटा इज न्यु ओयल' भन्ने आख्यानले डाटालाई स्रोतको रूपमा व्याख्या गर्छ । पुँजीवादी तथा शक्ति सम्पन्न समूहले सक्दो दोहन गर्ने र फाइदा लिने भन्ने उपनिवेशीकरणका मान्यातालाई प्रोत्साहन गर्छ । व्यक्तिको शारीरिक तथा डाटा अखण्डता, स्वतन्त्रता, न्याय संकुचित हुन्छ । यस क्रममा वातावरणीय न्यायमा ह्रास पुग्नुका साथै मानवीय तत्त्व हराएर जान्छ । गोपनीयता र निगरानी सँगसँगै आउने विषय हो । प्राविधिक विकासमा निगरानी पुँजीवाद र उपनिवेशीकरण अब्बल नमुना हो । घर, कार्यस्थलदेखि सार्वजनिक स्थलमा 'तपाईं सिसिटिभीको निगरानीमा हुनुहुन्छ' सामान्य बनिसकेको छ । नेपालमा संघीय शासन व्यवस्था सुरु भएसँगै स्थानीय सरकार र प्रतिनिधिको प्राथमिकता सिसिटिभी जडान भनेको छ । पछिल्लो चरणमा सवारीसाधनमा इम्बोस्ड नम्बर प्लेट अनिवार्य, डिजिटल सवारीचालक अनुमतिपत्र तथा आर्टिफिसियल इन्टेलिजेन्स इत्यादि प्रयोग गरी निगरानीका अनेक परियोजन बढ्दै छन् । कोभिडमा विश्वभरि प्रयोगमा आएका ट्र्याकिङ एप, चिनको सोसियल क्रेडिट सिस्टम, ड्रोन, जिओ लोकेसन ट्र्याकिङ, बायोमेट्रिक प्रणाली व्यक्तिको व्यवहार तथा गतिविधिलाई नियन्त्रण, नियमन गर्ने दरिलो औजारको रूपमा प्रयोग भइरहेको छ ।

निगरानी र तिनको असर सधैं फरक र असमान हुन्छ । पुरुषलाई हुने निगरानीभन्दा महिला तथा बालबालिकामाथि हुने निगरानी फरक हुन्छ । अझ जनजाति वा दलित महिला, वा आर्थिक रूपमा विपन्न महिला, गैर-द्वयसांखिक लैंखिक पहिचान गर्ने व्यक्तिलाई हुने निगरानी फरक र बढी हुन्छ । महिला तथा गैर-द्वयसांखिक लैंगिक पहिचान गर्ने व्यक्तिमाथि शरीर, यौनिकता छनोटलाई लिएर निगरानी र नियन्त्रण हुन्छ भने एक त्याचलैंगिक पुरुषलाई उसको बौद्धिकता, क्षमताका आधारमा निगरानी गर्छ । राष्ट्रिय सुरक्षा, अखण्डता, एकताको नाममा राज्यस्तरबाट हुने पहरेदारी अझ डरलाग्दो हुँदै छ । 'झुटा' सुरक्षाको नाममा स्वतन्त्रताको मूल्यलाई क्षीण गर्नुका साथै शक्ति सम्पन्नको दबदबालाई प्रोत्साहित गरिँदै छ । सामान्यतया सरकार र निजी तथा ठूला टेक कम्पनी एक-आपसमा मिलेर काम गर्छन् । राज्यले निरंकुश र नियन्त्रणमुखी कानुन बनाएर निगरानी गर्छ । निजी तथा टेक कम्पनीहरूले कम्युनिटी गाइडलाइन, सुलभ सेवा प्रदान र प्ल्याट फर्म सुरक्षाको नाममा निगरानी र नियन्त्रण गर्छन् । उनीहरू एकले अर्कोको आवश्यकतालाई परिपूर्ति गर्ने, डाटा तथा जानकारी बढाउन समन्वयमा काम गर्ने गर्छन् । यसो गर्दा शक्तिविमुख संघर्षरत समूह, बहिष्कृत तथा सीमान्तकृत समूह, अधिकारकर्मी अभियन्ता, पत्रकार र उनीहरूको कार्यमा निगरानी र नियन्त्रणको सम्भावना बढ्छ । म जनजाति आन्दोलनका सार्वजनिक प्रदर्शनीमा सहभागी भइरहँदा राज्यतर्फका सुराकी परिचालन, सुरक्षाकर्मीको पूर्वघेराउ हुने गरेको घटनाहरू देखेकी छु । अभियन्तालाई धम्की तथा दबाब आउने अनुभवहरू त कत्ति हो कत्ति । हालै भूमि सुकुम्बासी अधिकारमा आवाज उठाइरहेका अभियन्ताहरूको सामाजिक खाता खोजिखोजी ह्याक गर्ने, ज्यान मार्ने धम्की दिने, व्यक्तिगत जानकारी सार्वजनिक गरिएको भिडियो हामीले टिकटक तथा मूलधार मिडियामा टन्नै देख्यौं । साथै ती अभियन्ताका परिवारको सदस्यहरू पत्ता लगाई अनलाइन वा अफलाइनमा हैरान पार्ने, आन्दोलनलाई कमजोर पार्न कानुनी दायरामा ल्याउनेजस्ता घटना निरन्तर भइरहेका छन् ।

नेपालमा नैतिकता, शुद्धतामा आधारित रही त्याचलैंगीय-विषमयौनिकतालाई मात्र स्वीकार गर्ने गरिन्छ । हरेक यौनिक व्यवहार, यौनकर्मलाई अपराधीकरण गर्ने कानुनी प्रचलन छ । पितृसत्तामा आधारित ब्राह्मणवादी-हिन्दूवाद हाबी संरचनामा हरेक वैकल्पिक पहिचानहरू सधैं राज्य रडारमा रहन्छन् र तिनलाई सहजै नियमन गर्ने गरिन्छ । नेपालको कानुनी दस्ताबेजहरूलाई हेर्ने हो भने 'प्रचलित कानुनबमोजिम', 'तोकिएका अधिकारीले 'शंका लागेमा' वा, 'राष्ट्रिय सुरक्षा, एकता, अखण्ड्तामा आँच आउने' जस्ता प्रावधान प्रयोग गरी जुनसुकै वेला पनि व्यक्तिको गोपनीयतामा हस्तक्षेप गर्न सक्ने, निगरानीमा तथा नियन्त्रणमा लिन सक्नेजस्ता व्यवस्था प्रचलनमा छ । यसरी राज्यस्तरबाट व्यक्तिका शक्ति आफूमा सञ्चित गरी विविध ऐन-कानुन तथा प्रावधान लादेर व्यक्तिको गोपनीयता, स्वनिर्धारण अधिकार र पूर्ण जानकारीसहितको सहमतिको अभ्यासलाई कुण्ठित पार्ने गरिँदै आएको छ ।

अतः अब पनि गोपनीयताबारे छलफल नगर्ने र बढ्दो निगरानीको जोखिमलाई नजरअन्दाज गर्ने हो भने व्यक्तिगत स्वतन्त्रता, शारीरिक अखण्डता धरापमा पर्ने निश्चित छ । निजी टेक कम्पनी र राज्यशक्तिको मनोमानी बढेसँगै मूलतः सीमान्तकृत र शक्तिविमुख संघर्षरत वर्ग, समूह यसले निम्त्याउने नियन्त्रण, निगरानी र जोखिमका प्रमुख भागिदार हुन्छन् । बहिष्करणमा पारिएका समूहहरूको आफ्नो अविछिन्न अधिकार संकुचित र च्युत हुने निश्चय छ । तसर्थ, हाम्रो निजी, व्यावहारिक तथा नीतिगत तहमा नै गोपनीयता, सहमतिको कुरा गर्नु जरुरी छ । मूलतः सीमान्तकृत समूहको भोगाइ, सामाजिक तथा राजनीतिक अवस्थालाई ध्यानमा राखी नवप्रवर्तनको परिकल्पना गरिनुपर्छ । नियन्त्रणमुखी तथा निगरानीलाई प्रश्रय दिने कानुनी बुझाइ र व्याख्यालाई पुनरावलोकनसहित सुधार्न अत्यावश्यक छ ।

कलामा सेन्सरसिपको त्रासदी

कलामाथिको सेन्सरसिप सामाजिक चेनतामाथिको पनि सेन्सरसिप हो



विमल सुवेदी
directortheatrevillage@gmail.com

बहस



२०४६ सालको जनआन्दोलन हुँदा म त्यस्तै ५-६ वर्षको थिएँ । जब प्रजातन्त्र आयो भनियो, त्यसपछि हामी केटाकेटी सडकमा भएका प्रहरीलाई हिर्काउँदै हिँड्थ्यौं । उसले गाली गऱ्यो भने भन्थ्यौं, 'देशमा प्रजातन्त्र आएको थाहा छैन ? अब जे पनि गर्न पाइन्छ ।' अर्काको घरको फलफूल चोरेर खान्थ्यौं, पिट्न आयो भने उसैलाई ढुंगा हानेर झपार्दै भन्थ्यौं,'देशमा प्रजातन्त्र आएको छ । थाहा छ कि छैन ?'

त्यो आँट हामीले ठूलाबाट सिकेका थियौं । किनकि आफूभन्दा ठूलाले पनि त्यही गर्थे । शिक्षकले गृहकार्य माग्यो भने पनि देशमा प्रजातन्त्र आएको थाहा छैन भन्थ्यौं । यो कालखण्ड केही समय रह्यो । प्रजातन्त्र भनेको मनपरीतन्त्र होइन रहेछ भन्ने थाहा हुन समय लाग्यो ।

०६२-६३ को आन्दोलनपश्चात् संक्रमणकालीन अवस्थामा पनि यस्तै धेरै घटना भए । सायद हरेक परिवर्तनलाई परिपक्व हुन समय लाग्ने रहेछ । तर, यत्रो समय बितिसक्दा पनि आफ्नो अधिकारको सुनिश्चितता गरिहँदा अरूको अधिकार हनन गर्न पाइँदैन भन्ने आधारभूत मान्यता न त राजनीतिक नेता, न त सामाजिक अभियन्ता, न त आफूलाई बौद्धिक या बुद्धिजीवी भन्नेले बुझे । न त बुझाउन नै सके । जसको कारण समाज झनझन् असहिष्णुता र अराजकताको उत्कर्षतिर बढिरहेको देखिन्छ । सामाजिक सञ्जालको विकास र प्रयोगपछि त झन् यसले विकराल रूप नै लियो । आफ्नो क्षणिक स्वार्थ र सहानुभूतिका लागि जोकसैलाई रातारात नायक र रातारात खलनायक बनाउन हामीले बाँकी राखेनौं । आधारभूत मानवीय मूल्य, मर्यादा, दया, माया, मानवता र मानवीय संवेदनाकै मजाक उडायौं र अत्यन्त निर्दयी र क्रूर हुँदै गयौं ।

> सामाजिक रूपले कसैलाई प्रताडित हुने कार्य गर्नुहुन्न भन्नेमा हामी कलाकार पनि सजग हुनुपर्छ । तर, समाजमा व्याप्त हरेक प्रकारका यस्ता हजारौं संघसंस्था र व्यक्तिले कलाको सेन्सरसिपको सर्टिफिकेट बाँड्दै जाने हो भने समाज 'बर्बरिज्म' र कालो युगमा प्रवेश गर्छ ।

स्वतन्त्र हुनु, त्यो स्वतन्त्रतामाथि जिम्मेवार हुनु, अनि अराजक र असंवेदनशील हुनुबीचको मापदण्ड कसरी निर्धारण गर्ने ? यो अहिलेको ठूलो चुनौती हो । तर, हाम्रो आफ्नै चेतना, विचार र शरीरमाथिको हक कसको हुने ? यो अर्को प्रश्न पनि उत्तिकै महत्त्वपूर्ण छ ।

'स्वतन्त्रता के हो ?' 'टाउकोले टेकेर हिँड्नु, व्यक्तिगत अभिव्यक्ति र स्वतन्त्रताको नाममा सामाजिक सञ्जाल र सार्वजनिक ठाउँमा अरूलाई गाली गर्नु, मानमर्दन गर्नु, मानसिक यातना दिनु, अराजक हुनु स्वतन्त्र हुनु होइन । त्यसो भए कति स्वतन्त्र हुनु अराजक नहुनु हो ? यसको मापदण्ड निर्धारणको लगाम कसको हातमा छ ? राज्य कसका लागि ? कानुन कसका लागि ? राष्ट्र कसका लागि ? यी सबै अमूर्त र निराकार तर्कका केही आधारहरू भए । तर, राज्यबाटै दण्डहीनता मौलाउनु, गैरजिम्मेवार हुनु, यसको कारक तत्त्व हुन् । यसबाट सामाजिक न्यायदेखि व्यक्तिगत स्वतन्त्रतामाथिको विभेद, अल्पसंख्यकमाथिको उपेक्षा र आधारभूत अधिकारमाथि अंकुश लाग्ने परिस्थिति सिर्जना भयो । जब राज्य निरीह अनि कमजोर हुन्छ तब देशमा हरेक अमुक संस्था र व्यक्तिले चलखेल गर्न थाल्छन् ।

अहिले समाज यतिसम्म असहिष्णु बनिसक्यो कि एउटा समुदायले अर्को समुदायलाई कुनै पनि प्रकारले काममाथि आलोचना र टिप्पणी गर्नै मिल्दैन । जस्तै नराम्रो लागे पनि तारिफै गर्नुपर्छ । यो अत्यन्त डरलाग्दो र गम्भीर कुरा हो । तर, यी सबैको निचोड सेन्सरसिपसँग छ । सेन्सरसिपको आधार डार्बिनको सिद्धान्त र फ्रायडको सिद्धान्तसँग पनि जोडिन्छ, जसले आफू र समाजलाई हेर्ने दृष्टिकोण दिन्छ ।

कला र संस्कृतिको इतिहास हेर्ने हो भने यो सामाजिक राजनीतिक अवस्थासँगै सिँगौरी खेल्दैखेल्दै अगाडि बढेको पाइन्छ । समाज परिवर्तन भएसँगै शासकहरूले आफ्नो हकहितमा त्यसलाई प्रयोग गरेको पाइन्छ । आफ्नो हितमा नभएको कुनै पनि कला र काममाथि अनेक मापदण्ड बनाएर अंकुश लगाएको पाइन्छ ।


नाटकको सन्दर्भमा वेदमै नाट्य परम्परा र नवरसको पूर्ण व्याख्या भेटिन्छ । विश्व इतिहासमा ग्रिक थिएटरलाई संगठित नाट्य परम्पराको जननी मानिन्छ । तर, बीचबीचमा नाटकको उदय र विलय भएको देखिन्छ । ग्रिक थिएटरपछि जब रोमन साम्राज्य ढल्यो र युरोपमा क्रिस्चानिटीको उदय भयो तत्पश्चात् सम्पूर्ण कला एउटा अँध्यारो युगमा प्रवेश गऱ्यो । त्यतिवेला मूलतः नाटक नै सबैभन्दा ठूलो समाजमा चेतना फैलाउने, सन्देश प्रवाह गर्ने माध्यम थियो । त्यति मात्रै होइन, सामाजिक जमघटको एउटा महत्त्वपूर्ण थलो पनि नाटक नै थियो ।

त्यसैकारणले क्रिस्चियन धार्मिक राज्यको उदयपश्चात् नाटक गर्न बन्देज लगाइयो । यो समयलाई कलाको 'डार्क एज' भनेर इतिहासमा लिइन्छ । तर, लामो अन्तरालपछि शासकहरूले जुक्ति निकाले- उनीहरूले नाटकलाई आफ्नो धार्मिक राज्यको प्रचारप्रसार र तथा विस्तारमा प्रयोग गरे । पछि बेलायतले पनि त्यही गऱ्यो । रानी एलिजाबेथको समयमा नाटकले ठूलो फड्को मार्‍यो, तर त्यहाँ पनि राज्यले आफ्नो स्वार्थका लागि मात्र नाटकको प्रयोग गऱ्यो । आसपासका राज्य र राजाहरूको पतन, उनीहरूले भोगेको दुःख-कष्टजस्ता विषयलाई उठान गरेमा रानी एलिजाबेथ र उनका भाइभारदार खुबै रमाइलो मानेर हेर्थे । बिस्तारै विश्वव्यापीकरण र शिक्षा तथा चेतनाको विकासले यस्ता कुरा हराउँदै गए ।

तर, अझै पनि धेरै देशमा यस्ता सेन्सरसिप चलिरहेको छ । इरानमा अहिले पनि नाटक गर्दा राज्यको निकायले पहिलो सो हेरेर प्रमाणपत्र दिएपछि मात्र सार्वजनिक गर्न पाइन्छ । अफगानिस्तानमा केही वर्षअघि एकजना महिलाले बुर्का प्रथामाथि प्रश्न गर्ने प्रकारको प्रतीकात्मक प्रदर्शन गरिन् । समाजकै भिडहरूले सार्वजनिक स्थानमा खाल्डो खनेर सानोसानो ढुंगाले टाउकोमा हानी उनको बीभत्स हत्या गऱ्यो ।

भारतको नागाल्यान्ड राज्यमा अहिले पनि फिल्म, नाटकको मापदण्ड धेरैभन्दा धेरै चर्चले निर्धारण गर्छ । कथा, नाटक या पटकथा चर्चबाट स्वीकृत गराउनुपर्छ र आफूनै पक्षमा हुनुपर्छ । तर, यस्ता गतिविधिलाई उनीहरूले आर्थिक सहयोग पनि गरेको पाइन्छ । मैले एनएसडीमा एउटा नाटक गर्दा कुनै अमुक हिन्दूवादी संस्थाले केही संवादलाई लिएर हामीलाई अत्यन्त आतंकित बनाए । तर, नेपाल यस्तो एउटा देश थियो जहाँ एकअर्काप्रति, क्षमा, करुणा, दया, माया, सद्भाव र प्रेमका साथै उच्चस्तरको चेतना र विवेक तथा स्वीकारोक्ति हुन्थ्यो । थिएटर भिलेजले

शब्दबिम्बमा शताब्दी पुरुष



छविरमण सिलवाल
crsilwal@gmail.com

चर्चा

शताब्दी पुरुष सत्यमोहन जोशी साहित्य, लोकसाहित्य, नाटक, कला, संगीत, संस्कृति, पुरातत्त्व र इतिहासमा दखखल राख्ने एक मात्र साधक हुनुहुन्थ्यो । एक सय तीन वर्षसम्म अनवरत रूपमा चिन्तन मननमा व्यस्त उहाँको कलम थन्किएको छ । तर, उहाँको योगदानको प्रतिफल भने हामीले निरन्तर सदुपयोग गरिरहेका छौं । सत्यमोहनका बारेमा जति नै कुरा गरे पनि थोरै हुन्छ, कुनै वाद-प्रतिवादबाट टाढा रहेर राष्ट्र-राष्ट्रियताप्रति उहाँको लगाव लोभलाग्दो थियो ।

'हामीले आफ्ना लागि भन्दा पनि संसारका मान्छेका मनलाई छुने साहित्य लेख्न सक्नुपर्छ ।' उहाँको यो भनाइ हामीले मनन गर्न सक्नुपर्छ । यस्ता धेरै कुरा उहाँले मानक बनाएर हामीलाई छाडेर जानुभएको छ । निष्कलंक रूपमा आफूलाई उभ्याएर जीवनको उत्तरार्धमा पनि सक्रिय जीवन थियो उहाँको । उहाँको घरमा पुग्दा मन्दिरमा पुगेजस्तो भान हुन्थ्यो । यस्ता व्यक्ति युगमा एकाध मात्र जन्मन्छन्, हामीले चिन्न नसकेको मात्र हो । सत्यमोहन जोशी राष्ट्रले सम्मान दिएका व्यक्ति हुन् । यस्ता योग्य पात्रबारे धेरै विद्वत्वर्गले लेखेका छन् । उहाँको जीवनका विविध आयामबारे लेखिएका लेखोटहरू एकीकृत भएर बृहत् ग्रन्थ प्रकाशनमा आएको छ, 'शब्दबिम्बमा सत्यमोहन' । साहित्यकार तथा पत्रकार गोपीकृष्ण ढुंगानाले 'शब्दबिम्बमा सत्यमोहन' (शब्द-संसारमा शताब्दी पुरुष) ग्रन्थ सम्पादन गर्नुभएको हो भने भुँडीपुराण प्रकाशनले प्रकाशनमा ल्याएको हो ।

-सत्यमोहन अर्थात् सगरमाथा ।
-सादा जीवन, सकारात्मक सोच, सक्रिय जीवन अर्थात् सत्यमोहन ।
-सत्यमोहन अर्थात् शताब्दी लामो समयको प्रतिबिम्ब ।
-सत्यम्, शिवम्, सुन्दरम् अर्थात् शिवजस्तै, सुन्दर अनि सत्य पनि ।
-समयले बनायो सत्यमोहन, सत्यमोहनले बनाए समय ।

शताब्दी पुरुष सत्यमोहन जोशीबारे सम्पादकीयमा गोपीकृष्ण ढुंगानाले उल्लेख गर्नुभएका यी हरफले सत्यमोहनका हुबहु चित्र उतारेका छन् । हामीले पनि यही युगमा उहाँसँग संगत गर्ने अवसर पायौं, उहाँका कुरा सुन्ने अवसर पायौं । उहाँको सिर्जनशीलतालेे आज हामीलाई सधैं ऊर्जा दिन्छ । यस्ता व्यक्तित्वबारे जति लेखे पनि थोरै हुन्छ, सूर्यको अगाडि बत्ती बालेजस्तो । तापनि उहाँसँगको सामीप्यबाट मिलेको ऊर्जालाई उहाँलाई नै समर्पित गरेर श्रद्धाहरूले लेखेका आलेखहरू 'शब्दबिम्बमा सत्यमोहन'ग्रन्थमार्फत आएका छन् । शब्द-संसारमा शताब्दी पुरुषलाई खोजी गर्दा 'शब्दबिम्बमा सत्यमोहन' ग्रन्थभित्रका सामग्री पठनीय छन् । सात खण्डमा विभाजित आलेखका आ-आफ्नै विषेशता छन् ।



‘मालिनी’ नाटक गर्दा केही बौद्धमार्गी भन्नेहरूले त्यसैगरी केही दिन मानसिक यातना दिए । हामी नाटक बन्दै गर्नुपर्ने स्थितिमा पुगेका थियौं ।

सामाजिक रूपले कसैलाई प्रताडित हुने कार्य गर्नुहुन्न भन्नेमा हामी कलाकार पनि सजग हुनुपर्दछ । तर, समाजमा व्याप्त हरेक प्रकारका यस्ता हजारौं संघसंस्था र व्यक्तिले कलाको सेन्सरसिपको सर्टिफिकेट बाँड्दै जाने हो भने समाज ‘बर्बरिज्म’ र कालोयुगमा प्रवेश गर्छ । क्रिस्चियनका दुई मुख्य हाँगा छन्, प्रोटेस्टन्ट र क्याथोलिक । बुद्धिज्मका मुख्य दुई हाँगा छन् महायान र थेरावाद अनि यसका धेरै आयाम छन् । मुस्लिम धर्मका पनि दुई हाँगा छन् सिया र सुन्नी । हिन्दूहरूका त झन् धेरै आयाम र संघसंस्था छन् ।

यसरी हरेकले कलासंस्कृतिमाथि आफ्नै हिसाबले अंकुश लगाउने हो भने हामी ठुंगेयुगमा प्रवेश गर्छौं । अहिलेसम्मको मानव विकासक्रम, यसका मान्यता, देशको कानुन, सामाजिक न्याय, व्यक्तिगत स्वतन्त्रता, लोकतन्त्र त समाप्तै हुन्छ । सबैभन्दा ठूलो कुरा यसले एउटा व्यक्तिको सोच्ने अधिकारको पनि हनन गर्छ ।

नेपालमा भर्खरै एउटा नाटक र चलचित्रमाथि भयानक आक्रमण भयो । त्यसबाट ती संस्थाले ती सबैलाई दुःखित र लज्जास्पद बनाए, जो साँच्चै पूर्वीय सभ्यता र हिन्दू धर्ममाथि विश्वास पनि राख्थे । तर, दुवैको कामको प्रचारप्रसारचाहिँ राम्रै गरिदिए । यी संस्था कसका हुन् ? यिनको कार्यक्षेत्र के हो ? कसैलाई थाहा छैन ।

> सामाजिक सञ्जालको युगमा, आर्टिफिसियल इन्टेलिजेन्सको युगमा बामे सर्दै गरेको नेपाली नाटक र कलाक्षेत्रलाई सेन्सरसिपमा बाँध्नु, दुःख दिनु, डर, त्रास देखाउनु भनेको सामाजिक चेतना, देशको सभ्यता, संविधानको आधारभूत पालनाविरुद्ध जानु हो ।

सेन्सरसिप दर्शकले गर्ने हो । समयले गर्ने हो या राज्यको निकायले गर्ने हो । अर्को महत्त्वपूर्ण कुरा, के नाटक नै नबुझेको मान्छेले नाटक कस्तो गर्ने भनेर निर्धारण गर्न सक्छ ? जो चित्रकार होइन, उसले चित्र कस्तो हुनुपर्छ भन्ने कुराको निर्धारण गर्न सक्छ ? जसलाई संगीत थाहा छैन उसले कसरी संगीत कस्तो हुनुपर्छ भन्न सक्छ ? त्यसो हो भने, एउटा कलाकार ब्राह्मणले रेखी कसरी हाल्ने भन्न पाउने कि नपाउने ? पूजा कसरी गर्ने भनेर भन्न पाउनेकी नपाउने ? एउटा इन्जिनियरले डाक्टरलाई सर्जरी कसरी गर्ने भनेर सिकाउन पाउने कि नपाउने ? एउटा ड्राइभरले पाइलटलाई कसरी हवाईजहाज उडाउने भनेर त्यसको आधिकारिता निर्धारण गर्न पाउने कि नपाउने ? यदि गर्न पाउने हो भने एउटा यस्तो काल्पनिक संसारको परिकल्पना गर्नुपऱ्यो, मार्केस र जोस सारामागोको दुनियाँजस्तो अस्तव्यस्त । किनकि कला निबन्ध होइन, कला कुनै घटना या समाचार होइन । यो तथ्यमा आधारित हुनैपर्ने भन्ने हुँदैन । यसका आफ्नै भाषा छन्, बिम्ब हुन्छन्, जसको धेरै व्याख्या हुन सक्छन् । यसको आफ्नै लामो इतिहास छ, जसको अध्ययन गरेर त्यो कलाकारले आफ्नो जीवन बिताएका हुन्छन् । कुनै अमुक व्यक्ति या संस्थाले यसको सेन्सरसिप गर्ने हैसियत राख्दैन ।

कथा पढेर नाटक या चलचित्रको सेन्सर गर्नु भनेको, रंगको प्यालेट हेरेर चित्रको सेन्सर गर्नुजस्तै हो । मुख्य कुरा यसले समाजलाई पार्ने असर त्यसको प्रस्तुतिपछि मात्र आकलन गर्न सकिन्छ । कलामाथिको सेन्सरसिप सामाजिक चेनतामाथिको पनि सेन्सरसिप हो ।

यसले देशलाई र मानव सभ्यतालाई नै अँध्यारोतिर धकेल्छ । कलासंस्कृति, मानव सभ्यता, हालसम्मको उपलब्धि मर्छ । यसलाई पुनर्जागरण गर्न धेरै शताब्दी लाग्छ, युरोपको मध्यकालीन युगजस्तै । तसर्थ, कुनै व्यक्तिको सनक, व्यक्तिगत भावना या संस्थागत धारणा, सामाजिक र राष्ट्रिय भावना बन्ने हो भने अहिलेका सबै सामाजिक संरचना भाताभुंग हुन समय लाग्दैन । यसमा हामी तर्कसंगत हुनु जरुरी छ । बिउ र विचार दुवै आयात गर्ने र त्यसको रकम जुटाउन युवालाई खाडीमा धकेल्ने हाम्रोजस्तो देशका लागि यस्ता क्रियाकलाप अत्यन्त खतरनाक साबित हुनेछ ।

मैले यो लेख लेख्दै गर्दा विश्वका धेरै प्राध्यापक, कलाकारसँग कुरा गर्ने, तर केही बोल्न चाहेनन् । अराजकता र असहिष्णुतामाथि सधैं धारिलो अभिव्यक्ति दिने भारतका प्रसिद्ध अभिनेता नसिरुद्दिन शाहसँग कुरा गर्दा उनले यसबारे अभिव्यक्ति दिन मानेनन् । त्यस्तै, भारतका प्रसिद्ध नाट्य निर्देशक तथा नेसनल स्कुल अफ ड्रामाकी पूर्वनिर्देशक अनुराधा कपुरसँग यसै विषयमा लामो कुराकानी भयो । उनको तर्क थियो- सेन्सरसिप र थिएटरबीचको सम्बन्ध लामो र उथलपुथलको छ । सेन्सरसिपले थिएटर या सार्वजनिक क्षेत्रमा भविष्यमा कुनै अहिंसा, अशान्ति र दंगा हुने ठूलो क्षति निम्त्याउने सम्भावनालाई रोक्न प्रयोग गरिन्छ । तर, नाटक अरू कलाभन्दा फरक छ । नाटक त जहिले पनि वर्तमानमा अवस्थित हुन्छ र सकिन्छ । यो कथा, कविता, चित्र या सिनेमाजस्तो पछिसम्म रहने हुँदैन, त्यसलै पनि प्रगतिशील कुनै पनि राष्ट्रले नाटकमा सेन्सर लगाउने संस्कृतिको विकास गरेन । यसले त्यस समयमा भएको अन्याय, उत्पीडन, सामाजिक विभेद र आसपास भएका घटनामाथि प्रश्न उठाएर त्यस समयको वास्तविकता चित्रण गर्छ ।

यो राज्यको नियमन गर्ने आधिकारिताको एउटा पाटो भयो, तर राज्यबाहेक सेन्सरसिपको एक कपटी रूप पनि समाजमा अवस्थित छ । जसमा नाट्य निर्देशक तथा लेखक अगस्तो बोयलले ‘कप(पुलिस) इन अ हेड’को नाम दिएका छन् । यो शब्दले आत्मा सेन्सरसिप र सामाजिक नियन्त्रणको उत्पीडनलाई जनाउँछ । तर, एउटा राम्रो कलाकारले समाजमा उत्तेजना र अराजकता पैदा नगरी आफूले भन्ने तरिका निकाल्न सक्छ । इतिहास हेर्ने हो भने जहाँ पनि यस्ता व्यक्ति र संघसंस्थाले सेन्सरसिपलाई बेवास्ता र उल्लंघन गरेका छन् । सांकेतिक र बिम्बद्वारा आफूले भन्नुपर्ने कुरा भनेरै छोडेका छन्, तर त्यसका लागि कलाकार पनि उत्तिकै अनुभवी, समयको संवेदनशीलता र कलाका आयाम बुझ्न सक्ने हुनुपर्छ ।

त्यस्तै, रोयल एकेडेमी अफ ड्रामाटिक आर्ट (राडा), लन्डनकी प्राध्यापक क्लाउडया मेर भन्छिन्, ‘कुनै पनि राष्ट्र विभिन्न समुदाय, व्यक्ति मिलेर बनेको हुन्छ । समाजको संरचना र सम्बन्ध अनि नीतिको अभिव्यक्तिका बहुल आयामको संगम अनि विशेषता नै देश हो । कुनै पनि कारणले कुनै पनि व्यक्तिबाट कुनै पनि कलामाथिको सेन्सरसिप गर्नु भनेको त्यस देशको कला, समाज मात्र नभई, प्रत्येक व्यक्तिको आफ्नो राष्ट्रको जीवनमा पूर्ण रूपमा भाग लिन सक्ने सम्भावना र क्षमतामाथिको प्रतिबन्ध हो ।’

सामाजिक सञ्जालको युगमा, आर्टिफिसियल इन्टेलिजेन्सको युगमा बामे सर्दै गरेको नेपाली नाटक र कलाक्षेत्रलाई सेन्सरसिपमा बाँध्नु दुःख दिनु, डर, त्रास देखाउनु भनेको सामाजिक चेतना, देशको सभ्यता, संविधानको आधारभूत पालनाविरुद्ध जानु हो । कलाले समाज र राष्ट्रलाई पहिचान दिन्छ, कुनै पनि राष्ट्रको आधारभूत कुरापछि हेरिने कुरा कला, संस्कृति नै हो । तर, हामी कलाकारहरूले पनि क्षणिक प्रसिद्धिका लागि समाजको संवेदनशीलता र कलाको गहिराइ नबुझी भाइरल हुने र अर्को समुदायलाई चोट पुऱ्याउने अनि उक्साउने कार्यमा संवेदनशील हुन जरुरी छ ।

नाटकमय बन्दै पूर्वी नेपाल

पूर्वी नेपालका तीन नाटकघर ‘कदम थिएटर’ दमक, ‘परिवर्तन थिएटर’ काँकडभिट्ठा र ‘चेतना नाट्य समूह’ इलामले धमाधम नाटक मञ्चन गरिरहेका छन्



दमकस्थित कदम थिएटरमा मञ्चन भएको नाटक ‘जयमाया आफू मात्रै लिखापानी आइपुगी’को एक दृश्य



चिरञ्जीवी घिमिरे
chiran.ghimire7@gmail.com

रंगमञ्च

दोस्रो विश्वयुद्धताका जापानको मुख्य निसानामा थियो, बर्मा । आकाशबाट गोलाबारी सुरु भएपछि ज्यान जोगाउन धेरै नेपाली बर्मा छाडेर भागे । तिनै बर्मेली नेपालीको कथालाई दार्जिलिङका प्रसिद्ध साहित्यकार इन्द्रबहादुर राईले सन् १९६१ ताका ‘जयमाया आफू मात्रै लिखापानी आइपुगी’मार्फत सार्वजनिक गरेका थिए ।

झन्डै ६ दशकअघि लेखिएको त्यो कथा नेपाली (गोर्खा) समाजमा अझै सान्दर्भिक नै छ । यो कथालाई अग्रज रंगकर्मी सुनील पोखरेलले पहिल्यै नाट्य रूपान्तरण गरिसकेका थिए । मोरङको पथरीका युवा रंगकर्मी जीवन बरालले त्यही कथालाई पुनः फरक ढंगले प्रस्तुत गरेका छन् । रंगकर्मी सिजन दाहालले नाट्य रूपान्तरण गरेको नाटक असोज १२ देखि दमकको कदम थिएटरमा जारी छ ।

कथाअनुसार दोस्रो विश्वयुद्धका कारण बर्माका नेपालीभाषीले आफ्नो थातथलो छाड्छन् । उनीहरूको यात्रा भारत असमको लिखापानीतिर मोडिन्छ । त्यो यात्राको नेतृत्वकर्ता छन्, सुबेदार । उनका छोरा सेनामा छन् । कहाँ छन् ? कस्तो अवस्थामा छन् अत्तोपत्तो छैन । छोरी जयमाया, श्रीमती र गाउँलेको नेतृत्व गर्दै उनको यात्रा मोडिन्छ लिखापानीतिर ।

लिखापानीमा आफन्त थिएनन् । मात्रै नेपाली (गोर्खा) मन थियो । बुबा सुबेदारको पछि लागेकी छन्, १५ वर्षीया जयमाया । लिखापानीसम्म पुग्ने आसमा हिँड्दै गर्दा पीडा सहन नसकेर आफ् नाले आफ्नैलाई मार्नुपरेको, खाना नपाएर भोकै मर्नुपरेको, दर्दनाक पीडाको दृश्य नाटकमा देखाइएको छ । पानी-झरीले रुझ्दा बिरामी परेका बर्मेली नेपालीभाषीले ज्यान गुमाएका पीडा उस्तै छन् । ज्यान बचाउन हिँडेका नेपालीभाषीले के कारण बीचमै प्राण त्याग्छन् ? त्यो थाहा पाउन दमकस्थित कदम थिएटरको ‘पाङ् वाइलाहिम’ (नटकघर)सम्म पुग्नैपर्छ ।

०००

१५ वर्षीया जयमायालाई युद्धको सन्त्रासले छोपेको छ । त्यही सन्त्रासले निम्त्याएको लिखापानीसम्मको यात्रा कष्टकर छ । नाटककी मुख्य पात्र जयमायासँगै यात्रामा निस्किएका बुबा-आमा, गाउँले गुमाउँछे । आफ्ना रहर गुमाउँछे । अर्थात् लामो यात्रापछि ऊ मात्र लिखापानी आइपुग्छे । कष्टकर यात्रामा आफूले असाध्यै माया गर्ने व्यक्ति गुमाउनुपर्छ । केही दिनको यात्रा त एकले अर्कालाई सहयोग गर्दै अघि बढ्छ । तर, निरन्तर यात्रा बढ्दै जाँदा सबै थकित हुन्छन् । खानलाई अन्नको जोहो हुँदैन । पानीमा रुझ्दै यात्रा गर्दा बिस्तारै बिरामी पर्न थाल्छन् । शरीरको शक्ति गुम्दै जान्छ । अनि एकले अर्काको मृत्यु हेर्नुको विकल्प रहँदैन । यात्राकै क्रममा युवासुले असाध्यै माया गरेकी आफ्नी श्रीमतीको हत्या गर्नुपर्ने अवस्था आउँछ । बिमारले छट्पटिएकी श्रीमतीको पीडा हेर्न नसकेर युवासु गोली ठोक्न बाध्य छन् । आफ्ना पुर्खा खोज्दै ज्यान बचाउन हिँडेका अधिकांश नेपालीभाषी बर्मेलीको पाइला बीचमै रोकिन्छ ।

०००

हिजो नेपालीभाषी (नाटकअनुसार गोर्खाली) ले ज्यान बचाउन बर्मा छाडे । आज परिस्थिति फेरिएको छ । सुन्दर जीवनको कल्पना गरेर नेपालीहरू दैनिक सयौंको संख्यामा खाडी मुलुकसम्म पुगेका छन् । हिजो शासकको डरले बर्मा, भुटानबाट नेपालीभाषी लखेटिए । नाटकले आठ दशकअघिको त्यो बाध्यता मात्र होइन, आजको परिस्थिति पनि समेटेको छ ।

> कदम थिएटरको ‘जयमाया आफू मात्रै लिखापानी आइपुगी’को मञ्चन नसकिँदै इलामको चुलाचुली रंगमञ्चले दमकमै ‘झोडा’ मञ्चनको तयारी गर्दै छ । गणेश रसिकको उपन्यास ‘आकाशगंगाको ओतमुनि’ पनि नाटकमा हेर्न पाइने भएको छ ।

आज असीमित आवश्यकता पूरा गर्न र रहरले बुढेसकालका बुबाआमा छाडेर ‘ग्रिनकार्ड’को लोभमा बिदेसिइरहेका छन् । रहरले मात्र होइन, बाध्यताको पोको बोकेर रुँदै साउदी, कतार, मलेसिया पुग्नेहरूको व्यथा अझ चर्को छ । नाटकले यो दृश्यलाई पनि समेटेको छ ।

नाटकमा बर्मेली नेपाली भाषीले लिखापानी आउँदा गरेका कष्टलाई पुनर्ताजगी गराएको छ । सीमित स्रोतसाधनका बाबजुद कदम थिएटरले तयार पारेको नाटकले निकै प्रशंसा बटुलिरहेको छ । इलाम रोङ गाउँपालिकाका अध्यक्ष मनिकुमार स्याङ्बो नाटकले मनै कटक्कै पारेको बताउँछन् । ‘यो नाटकले देखाएको विषयले मन छोयो । आँसु थामिएन,’ उनी भन्छन्, ‘मोफसलमा यत्तिको नाटक मञ्चन हुनु असाध्यै राम्रो हो ।’

नाटकमा अनुभवी कलाकार थिएनन्, हालै कदममा तीन महिनाको ‘थिएटर क्लास’ सिकेका विद्यार्थी थिए । र पनि, कलाकारले आफ्नो भूमिकालाई उत्कृष्ट ढंगले निभाएका छन् । नाटकमा चारजना भुटानी शरणार्थी कलाकारले पनि अभिनय गरेका छन् । ती कलाकारमध्ये केही तीन दशकअघि भुटानी शासकले लखेट्दा आमाको काखमै देश छाडेका थिए । केही नेपाल आएर जन्मिए । भुटानी शरणार्थी र बर्मेली नेपालीभाषीले पाएको दुःखको कथा उस्तै-उस्तै छ । उनीहरूका पुस्तालै भोगेको पीडासँग साक्षात्कार भएर होला, नाटकमा त्यो संवेदना देखिन्छ । कलाकारको अभिनयले दर्शकको मथिंगल हल्लाएको छ । आँखा रसाएका छन् ।

निर्देशक जीवन बरालले रंगमञ्चको सेटलाई वास्तविकतामा ढाल्ने राम्रो कोसिस गरेका छन् । नाटकमा केही कमजोरी भने पक्कै छन् । जसलाई कलाकार र निर्देशकले सुधार्न सके आगामी दिनमा तयार गर्ने नाटक झन्नै उत्कृष्ट हुन्छ । हुन त कलाकारले पहिलो नाटक गर्दै छन् । तर, रंगमञ्चको सेटमा छिरेपछि यो उनीहरूको पहिलो नाटक हो भनेर दर्शकले माफी भने दिनेछैनन् । यसमा कलाकारले ध्यान दिनुपर्छ । नाटकका कुनै-कुनै दृश्य कलाकारले अनावश्यक लम्ब्याएको देखिन्छ । जसले नाटकलाई पट्यारलाग्दो बनाएको छ । निर्देशकले यो अनावश्यक दृश्यमाथि काम गर्नुपर्ने देखिन्छ । निर्देशक बराल र कलाकारहरूले यी कमजोरीलाई सुधार्न सके नाटक अझै उत्कृष्ट बन्ने थियो ।

कदम थिएटर सुरु हुनुभन्दा पहिला दमकमा नाटकको संस्कार थिएन । फाट्टफुट्ट नाटक भए पनि रंगमञ्च नै पुगेर नाटक हेर्नुपर्छ भन्ने संस्कारको विकास भएको थिएन । तर, कदमले आफ्नो स्थापनाको सात वर्षमा भरिभराउ दर्शकबीच नाटक प्रदर्शन गर्न थालेको छ । पैसा तिरेर नाटक हेर्ने बानी बनाएको छ । थिएटरको यो मिहिनेतलाई सम्मान गर्नैपर्छ ।

नाटकमा जाग्दै पूर्वी नेपाल

कदम थिएटरको ‘जयमाया आफू मात्रै लिखापानी आइपुगी’को मञ्चन नसकिँदै इलामको चुलाचुली रंगमञ्चले दमकमै ‘झोडा’ मञ्चनको तयारी गर्दै छ । गणेश रसिकको उपन्यास ‘आकाशगंगाको ओतमुनि’मा आधारित कथालाई सुमन लिङ्देनले नाट्य रूपान्तरण र चेतन आङ्थुपोले निर्देशन गरेका छन् । नाटक २६ असोजदेखि ३० गतेसम्म मञ्चन हुँदै छ । ‘यो कथा पहाडबाट तराई झरेर झोडा फाँडेर बस्नेको हो । झोडा फाँडेको कालखण्ड धेरै लामो छ । तर, हामीले ०२६ देखि ०३२ सालसम्मको कथालाई समेटेका छौं,’ निर्देशक आङ्थुपो भन्छन् ।

२२ असोजदेखि कात्तिक २ सम्म इलामको ‘चेतना नाट्य समूह’ले इलाम बजारमा नाटक ‘चियाबारी मिठ्ठो चियाको कथा’ नाटक मञ्चन गर्दै छ । यो नाटक इलामको चियाबारे रहेको समूहका अध्यक्ष तथा रंगकर्मी सुरेश पोर्तेल बताउँछन् । ‘इलामको चियाको ब्रान्डिङ गर्ने उद्देश्यले नाटक तयार पारेका छौं,’ उनले भने, ‘निःशुल्क चिया टेस्टिङ गराउँछौं । चियाको फोटो प्रदर्शनी र चियाबारे प्यानल डिस्कसन पनि गर्छौं ।’ नाटकको निर्देशन तथा परिकल्पना युवा रंगकर्मी अन्वेष थुलुङले गरेका हुन् ।

सीमावर्ती सहर काँकडभिट्ठामा पनि ‘परिवर्तन थिएटर’ले असोज २५ देखि कात्तिक ३ सम्म ‘म्लेच्छ’ नाटक प्रदर्शन गर्दै छ । थिएटरले चार वर्षपछि नाटक प्रदर्शन गर्न लागेको नाट्य निर्देशक कविता नेपालले बताइन् । ‘कोभिडका कारण नयाँ नाटक देखाउँनै सकिएको थिएन,’ नेपालले भनिन्, ‘लामो समयपछि देखाउन लागेका छौं ।’

पत्रकार पर्वत पोर्तेलले लेखेको नाटक ‘म्लेच्छ’ मा आदिवासीको कथा भन्न खोजिएको छ । जसलाई युवा रंगकर्मी गणेश बस्नेतले निर्देशन गरेका छन् । ‘आदिवासीको इतिहास र वर्तमान नाटकमा देखाउने प्रयत्न भएको छ,’ निर्देशक बस्नेतले थपे ।

पहिलो खण्डमा उनन्तीसजना स्रष्टाका लेख तथा तीनवटा सत्यमोहन जोशीका आफ्नै लेख समावेश छन् ।

दोस्रो खण्डमा विभिन्न पत्रपत्रिकामा प्रकाशित सातवटा सम्पादकीय समावेश छन् ।

तेस्रो खण्डमा विभिन्न पत्रपत्रिकामा छापिएका अन्तर्वार्ता समावेश छन् । चौथो खण्डमा



ग्रन्थमा सत्यमोहन जोशीबारे लेखिएका लेखोटले उहाँको समग्र जीवन तथा योगदानबारे प्रस्ट पार्छन् । ग्रन्थ सम्पादकको कला यहाँ बेजोड देखिन्छ, यो ग्रन्थ यसकारण पनि विशेष छ । प्रस्तुत ग्रन्थमा समेट्न नसकेका जोशीका विविध आयाम आगामी ग्रन्थमा पक्कै आउनेछन् ।

परिशिष्टांकमार्फत सत्रजना विभिन्न क्षेत्रका व्यक्तिले उहाँका बारेमा लेखिएका अनुभवहरू प्रकाशित छन् ।

पाँचौं खण्डमा विभिन्न पत्रपत्रिकामा आएका समाचार संकलित छन् । छैटौं खण्डमा सरुभक्त, शान्तिदीप रायमाझी र नारायण नेपालले सत्यमोहन जोशीका बारेमा लेख्नुभएको कविता समाविष्ट छन् । र, अन्तिम खण्डमा उहाँका केही मुख्य कृति र तस्बिर समावेश छन् । जोशीका बारेमा प्रकाशित ग्रन्थ यो नै पहिलो त होइन, तर विशेष भने अवश्य छ । उहाँ दिवंगत भएका समाचार वा सम्पादकीयलाई ग्रन्थमा समावेश गर्नु सम्पादनको कला हो । समाचार आउँछन्, केही दिनपछि हराउँछन्, त्यसकारण पनि यो सम्पादनको कला यहाँ देखिन्छ । त्यो समाचार पढ्दा त्यो दुःखद क्षणको सम्झना झल्कन्छ । विभिन्न सम्पादकले के-के भनेका रहेछन्, र कुन लेखक तथा साहित्यकारका दृष्टिमा सत्यमोहन जोशी कस्ता रहेछन् भन्ने ज्ञान यस ग्रन्थमार्फत हामीले पढ्न सक्छौं ।

-‘सत्यमोहन जोशी नेपालका मात्रै नभएर एसियाकै विभूति हुन् ।’ साहित्यकार कनकमणि दीक्षितले भन्नुभएजस्तै जोशी एसियाकै विभूति हुनुहुन्थ्यो । संस्कृति, साहित्य, इतिहास, पुरातत्त्व सबै विषयमा उहाँ धाराप्रवाह रूपमा बोल्न सक्ने व्यक्तिको रूपमा हामीले चिनेका छौं । यस्ता विभूतिबारे जति नै लेखे पनि कमै हुन्छ । यो एउटा प्रयास हो, अझै उहाँका लुकेका पाटाको खोजी गरेर नयाँ-नयाँ ग्रन्थ प्रकाशन गर्न जरुरी छ । यो प्रयास पनि स्तूत्य छ, गोपीकृष्ण ढुंगानाजीको ।

सत्यमोहन जोशीले बाँचुन्जेल समाज र देशका लागि आफ्नो ऊर्जा खर्च गरेर बितेपछि पनि आफ्नो भौतिक शरीरसमेत समाजकै लागि अर्पण गरेर सत्मार्ग देखाउनुभयो । यो स्तूत्य कार्य हो । समाज, संस्कृतिको कुनै पर्वाह नगरेर उहाँको यस्तो कार्यले धेरैलाई सत्मार्गमा हिँडाउन मद्दत गर्छ । कहीं न कतैबाट राम्रो कामको सुरुवात त हुनैपर्छ, त्यो सत्यमोहनले गर्नुभयो ।

हामीले देखेका थियौं, कार्यक्रममा प्रमुख अतिथिका लागि आमन्त्रित गर्दा पाटनदेखि हिँडेरै काठमाडौंसम्म आउनुहुन्थ्यो । हामी अचम्म मान्थ्यौं, उहाँको शारीरिक तन्दुरुस्तीको औषधि के होला ? साँच्चै उहाँ एक सम्पदा नै हुनुहुन्थ्यो, उहाँको घरमा अध्ययन अनुसन्धानको लागि लोकसंस्कृति भवन बनेको छ, हामीले त्यहाँ बसेर धेरै अध्ययन अनुसन्धान गर्न सक्छौं । उहाँकै पहलमा धेरै कुरा भए, मान्छेको नश्वर शरीरको अवधि धेरै नभए पनि जति बाँचिन्छ, त्यति नै समयमा धेरै काम गर्न सकिँदो रहेछ भन्ने ज्ञान हामीलाई उहाँले बाँडेर जानुभयो । उहाँका योगदानलाई हामी शब्दबिम्बमा मात्र उतार्न सक्दैनौं, समाजमा छोडेका प्रतिबिम्ब वर्षौंवर्षसम्म तरंगित भइरहन्छन्, शब्दबिम्बमा सत्यमोहन ग्रन्थ त एउटा माध्यम मात्र हो ।

यहाँ सत्यमोहन जोशीका बारेमा लेखिएका लेखोटले उहाँको समग्र जीवन तथा योगदानबारे प्रस्ट पार्छ । ग्रन्थ सम्पादकको कला यहाँ बेजोड देखिन्छ, यो ग्रन्थ यसकारण पनि विशेष छ । प्रस्तुत ग्रन्थमा समेट्न नसकेका जोशीका विविध आयाम आगामी ग्रन्थमा पक्कै आउनेछन् । अर्को कुरा, एउटै ग्रन्थबाट जोशीका विविध आयामलाई चिनाउन सक्नु सम्पादकको खुबी हो । सम्पादक गोपीकृष्ण ढुंगानाबाट यस्तै ओजनदार ग्रन्थहरूको अपेक्षा गर्न सकिन्छ ।

एसियाडमा गुञ्जियो यो मन त मेरो नेपाली हो...

चीनमा अध्ययनरत नेपाली विद्यार्थी भन्छन्- हामी जहाँ रहे पनि नेपाली खेलाडीलाई समर्थन गर्न पुग्छौं ।





श्रीलोचन राजोपाध्याय
shreelochan2070@gmail.com

खेल

आफू पढिरहेको विश्वविद्यालयको मैदानमै नेपाली टोलीको क्रिकेट खेल हेर्न पाएपछि चीनमा अध्ययनरत नेपाली विद्यार्थी दंग मात्र भएनन्, विदेशमा आएर पनि आफ्ना क्रिकेटरलाई समर्थन गर्न पाउँदा गौरवान्वित महसुस गरे । त्यसपछि उनीहरूले एकसाथ गाए- यो मन त मेरो नेपाली हो ।

नेपाली क्रिकेट टोलीले अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धा गरेको चितवनका सुमन सापकोटा र उनको परिवारले पहिलोपटक हेर्ने अवसर पाए । 'हामी नेपाली खेलाडीलाई चियर अप गर्न आएका हौं,' एक वर्षको बच्चा बोकेरै मैदान पुगेका उनले भने, 'नेपालले विदेशमा खेलिरहेको देख्दा खुसी लाग्छ ।'

चाङ युनिभर्सिटी अफ टेक्नोलोजी क्रिकेट मैदान ठ्याक्कै नेपालको कीर्तिपुरस्थित त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट मैदानजस्तै छ । विश्वविद्यालय र क्रिकेट मैदानलाई चारैतिर हरियाली पहाडले घेरेको छ । चचाङ र त्रिवि मैदानबीच एउटै मात्र फरकपन छ- त्यो हो, भौतिक पूर्वाधार । चीनमा क्रिकेट खेल लोकप्रिय छैन । तर, एसियाड खेल आयोजना गर्न आवश्यक पर्ने सबै भौतिक पूर्वाधारको सुविधा चेचाङ अन्तर्राष्ट्रिय मैदानले दिएको छ । हाङझाउ सहरले १९औँ एसियाली खेलकुद प्रतियोगिता आयोजना गर्ने अवसर पाएपछि मैदान बनाउन सुरु गरेको हो । हाङझाउ सहरबाट द्रुतगतिको बसमा सवार हुँदा खेल मैदानमा पुग्न डेढ घन्टाजति समय लाग्छ । मेट्रो ट्रेनमा आधा घन्टामा पुगिन्छ ।

सहरबाट टाढा रहेको क्रिकेट मैदानमा यो साता महत्त्वपूर्ण खेल भए । नेपालले तीनवटा खेल खेल्यो । क्वार्टरफाइनलमा टी-२० विश्वकपको पूर्वविजेता भारतलाई अन्तिम बलसम्म पनि नेपालले टक्कर दिएको थियो । टी-२० कै डेब्यु खेलमा नेपालले मंगोलियामाथि कम्तीमा १० वटाजति विश्व कीर्तिमान यसै मैदानमा राख्यो । कुशल मल्ल र दीपेन्द्रसिंहले बनाएका रेकर्ड टी-२० विधामा अव तोडिन मुस्किल नै छ । माल्दिभ्सविरुद्ध अविनाश बोहोराले नेपालका लागि टी-२० क्रिकेटमा एकै खेलमा सर्वाधिक ६ विकेट लिने रेकर्ड यसै मैदानमा राखे ।

भारतसँग केवल २३ रनले पराजित हुँदै घर फर्किए पनि चचाङ विश्वविद्यालयको मैदान नेपाली खेलाडीका लागि विशेष रह्यो । नेपाली क्रिकेट टोलीका मुख्य प्रशिक्षक मोन्टी देसाईंले भारतसँगको खेलपछि भनेका थिए, 'नेपालले एसियाडमा आफ्नो ब्रान्ड बनायो र बिस्तारै हामी क्रिकेट कल्चर विकास गरिरहेका छौं ।' नेपाली टोलीको खेल हेरेर गर्वले छाती चौंडा बनाउने अवसर पाए, यसै विश्वविद्यालयमा अध्ययन गरिरहेका नेपाली विद्यार्थीले । उनीहरूले चीनमा नेपाली क्रिकेट खेलाडीको खेल हेर्ने सपना पूरा गरे । आफू पढिरहेको विश्वविद्यालयकै मैदानमा क्रिकेट खेल हुने भएपछि नेपाली विद्यार्थी दंग मात्र भएनन्, विदेशमा आएर पनि आफ्ना क्रिकेटरलाई समर्थन गर्न पाउँदा प्रफुल्लित भए ।

नेपाली मात्र होइन, यहाँ रहेका एसियाडका भोलेन्टियरले समेत नेपाली टिमको समर्थन गरिरहेका देखिन्थे । थोरै संख्यामा उपस्थित नेपाली दर्शकले रंगशालालाई तताइरहँदा चिनियाँ स्वयंसेवकले समेत ताली बजाइरहेका थिए । रंगशालामा नेपाली समर्थक र विद्यार्थीले १९७४ एडीको चर्चित गीत (जसो गर जे भन जतासुकै लैजाऊ मलाई । यो मन त मेरो नेपाली हो...)चर्को स्वरमा गाइरहेका थिए ।

हाङझाउमा अध्ययन गरिरहेकामध्ये एक हुन्, सुमन सापकोटा । चितवनका सुमन सन् २००४ मा अध्ययन गर्न चीनको हाङझाउ आएका थिए । उनको चीन बसाइ र अध्ययन अर्को वर्ष दुई दशक पुगेछ । उनले आफ्नो परिवार नै यतै बोलाइसकेका छन् । उनी चचाङ विश्वविद्यालयमा अध्ययनका लागि आएका थिए । चीनको विकास र यहाँको वातावरणसँग उनी यति लोभिए कि सम्पूर्ण परिवारलाई नै यतै बोलाए । माल्दिभ्ससँगको खेल हेर्न आएका सुमनले भने, 'हामी अध्ययन गर्ने विश्वविद्यालयमै नेपालको खेल भएको थाहा पाउँदा कम्ता खुसी भएनौं, यो दिन कहिले आउँछ भनी प्रतिक्षा गरी बसेँ । अन्ततः नेपालको खेल हेर्न अवसर पायौं ।'

> नेपाली टोलीको खेल हेरेर गर्वले छाती चौडा बनाउने अवसर पाए, यसै विश्वविद्यालयमा अध्ययन गरिरहेका नेपाली विद्यार्थीले । उनीहरूले चीनको भूमिमा नेपाली क्रिकेट खेलाडीको खेल हेर्ने सपना पूरा गरे ।

नेपाली क्रिकेट टोलीले अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धा गरेको सुमन र उनका परिवारले पहिलोपटक हेर्ने अवसर पाए । 'हामी नेपाली खेलाडीलाई चियर अप गर्न आएका हौं,' एक वर्षको बच्चा बोकेरै मैदान पुगेका उनले भने, 'नेपालले विदेशमा खेलिरहेको देख्दा खुसी लाग्छ ।' उनको एउटै गुनासो छ, 'नेपालमा सुविधासम्पन्न रंगशाला छैन ।' पर्याप्त सुविधा नपाउँदा पनि खेलाडीले अन्तर्राष्ट्रिय मैदानमा नेपालको नाम राखेको देख्दा आफूलाई खुसी लागेको उनी बताउँछन् । 'वास्तवमा योभन्दा राम्रो नेपालकै क्रिकेट मैदान हो, तर यहाँ भौतिक पूर्वाधारका कारण राम्रो देखिएको छ । नेपालसँग कम्तीमा एउटा अन्तर्राष्ट्रियस्तरको क्रिकेट मैदान हुँदा थप सफलता प्राप्त गर्न सक्छ,' चचाङ र त्रिवि मैदानको तुलना गर्दै सुमनले भने, 'त्यो अवस्थाबाट यहाँसम्म पुग्नु निकै ठूलो हो । हामी जहाँ भए पनि नेपालकै समर्थन गरिरहेका हुन्छौं ।'

०००

चचाङ विश्वविद्यालयमै विद्यावारिधि गरिरहेकी शिखा उपाध्याय खतिवडा पनि नेपाली टोलीको क्रिकेट हेर्न दर्शकदीर्घामा थिइन् । नेपालको प्रत्येक चौका र छक्कामा रमाउने र ब्याट्सम्यान आउट हुँदा न्याम्रो पोखेको उनको अनुहार हेर्न लायक थियो । सोसल मेडिसिन र हेल्थ म्यानेजमेन्टमा विद्यावारिधि गरिरहेकी शिखालाई चाइनिज भाषाको राम्रो ज्ञान छ । सुरुमा चाइनिज भाषा उनलाई गाह्रो लागेको थियो । पछि जसरी भए पनि चाइनिज भाषा जान्नुपर्ने उनलाई महसुस भयो । त्यसपछि उनले भाषा सिकिन् । अहिले उनलाई भाषाको केही समस्या छैन । उनी क्रिकेट खेल हेर्न सय किलोमिटर टाढाबाट चचाङ क्रिकेट मैदान आइन् ।

यस मैदानसम्म आउँदा जहाँबाट चढे पनि मेट्रोमा एक घन्टाभन्दा बढी समय लाग्ने उनको भनाइ छ । 'मेट्रोबाट एक घन्टाभन्दा बढी लाग्ने भनेको धेरै टाढाको स्थान हो, यद्यपि म नेपालको समर्थन गर्न आएकी हुँ,' हातमा टिकट देखाउँदै उनले भनिन् । मंगोलियाविरुद्धको खेल हेर्न आउँदा उनले टिकट पाइनन् । लामो यात्रा गरी खेल हेर्न नपाउँदा उनी निराश हुँदै होस्टेल फर्किएकी थिइन् । 'मंगोलियाविरुद्धको खेलको टिकट नपाउँदा रुन मन लागेको थियो । लाइभ हेर्न नपाए पनि जितेको सुन्दा गर्वले छाती चौडा भयो,' शिखाले अनुभव सुनाइन् ।

सुर्खेतका नवीन महताराको बसोवास चीनमा लामै भइसकेको छ । पाँच वर्षअघि उनी इन्जिनियरिङ पढ्न हाङचाओको जेजियाङ युनिभर्सिटी अफ टेक्नोलोजीमा आएका थिए । अहिले उनको तेस्रो वर्ष चलिरहेको छ । 'नेपालको खेल हेर्न नै लगभग एक घन्टा ट्रेन चढ्नैं,' उनले सुनाए, 'यसपटक टिकट पाएँ । मैदानमा नेपाल र भारतबीचको खेलको भरपूर मजा लिएँ ।'

नवीन कहिलेकाहीं चचाङ विश्वविद्यालयमा भिजिटरका रूपमा पुग्थे । त्यहाँ नेपालको टिमले पनि क्रिकेट खेल्ने उनले थाहा पाए । त्यसैवेलादेखि उनलाई नेपालको खेल विदेशी भूमिमा हेर्न रहर भयो । नवीनलाई कहिले एसियाड आउला जस्तो भइसकेको थियो । 'जब यस मैदानमा नेपालको क्रिकेट खेल हुने थाहा पाएँ, त्यसैवेलादेखि यो पल कहिले आउला भनेर दिन गन्न थालेको थिएँ,' प्रतीक्षाको क्षण समाप्त भएको बताउँदै उनले भने, 'यद्यपि भारत विजयी भए पनि नेपालले विश्व च्याम्पियनलाई तर्साएको थियो ।' अध्ययन गरिरहेको सहरमा नेपाली टोलीलाई समर्थन गर्न पाउने कल्पनासमेत नगरेको उनले बताए । 'यो अवसर मेरा लागि निकै गर्विलो छ, शब्दमा बयान गर्ने सक्तिनँ,' नवीनले भने, 'यहाँ नेपालले खेलेको देखेर भावुक पनि भएँ ।'

०००

नुवाकोटकी मनीषा राई चचाङ विश्वविद्यालयमा हेल्थ एन्ड साइन्स अध्ययन गर्न पाँच वर्षअघि आएकी थिइन् । अहिले मनीषाले म्यानेजमेन्ट पनि पढिरहेकी छिन् । तेक्वान्दो सिकेकी उनलाई खेल औधी मन पर्छ । नेपालको तीनवटै क्रिकेट खेल हेर्न उनी मैदानमा पुगिन् । उनी ट्रेनबाट एक घन्टाभन्दा बढी यात्रा गरी यहाँ पुगेकी थिइन् । यसक्रममा उनले तीनवटा जति मेट्रो परिवर्तन गरेकी थिइन् । 'यात्रा लामो भए पनि हेर्न पाइयो, त्यसैमा खुसी छु,' मनीषा भन्छिन्, 'नेपालको खेल हेर्न अगाडिदेखि नै प्रतीक्षा गरेकी थिएँ ।' अहिले चीनमा 'नेसनल होलिडे' चलिरहेको छ । यस अवसरमा चीनमा बिदा हुन्छ । यसैकारण उनले नेपालको खेल हेर्ने अवसर पाइन् । उनी क्रिकेट हेर्न एक्लै आएकी थिइन् । 'नेसनल होलिडे चलिरहेको कारण नै यो अवसर मिलेको हो । नत्र कहाँ खेल हेर्न बिदा पाइन्छ र ?' उनले भनिन्, 'बिदालाई यसपटक राम्रोसँग सदुपयोग गर्न पाएँ ।'

नेपालको खेल हेर्न हाङझाउका मात्र होइनन्, बेइजिङ र सांघाईमा रहेका नेपालीहरू पनि आएका थिए । विशेषतः उनीहरू नेपाल र भारतबीचको खेल हेर्न अघिल्लो दिन नै हाङझाउ पुगे । बेइजिङबाट सीधै क्रिकेट मैदान पुगेका रमेश पौडेलले महत्त्वपूर्ण म्याच मिस हुने डर लागेको बताए । उनी भन्छन्, 'बेइजिङबाट यहाँसम्म आयौं, सुरुमा टिकट नपाउने ठूलै डर थियो, तर यहाँका साथीहरूले मिलाएका रहेछन् ।' विश्व क्रिकेटमा राज गरेको भारतविरुद्धको खेल हेर्न पाउँदा सौगात पौडेल यति खुसी देखिए, उनीसँग शब्द नै छैन । भन्छन्, 'यस्तो खेल अब कहिले हेर्न पाउने हो थाहा छैन, तर पुग्ने गरी अनुभव बटुलौं, नेपालले केही गल्ती गरे पनि क्रिकेटको दिग्गजलाई चुनौती दियो ।' सांघाईबाट एक घन्टा मेट्रो चढेर पुगेका सौगात क्रिकेट खुब मन पराउँछन् । उनी खेलस्थलमा ढिलो पुगे पनि भारत र नेपालबीचको खेल प्रत्यक्ष हेर्ने अवसर पाए । 'टिकट पाउन गाह्रो थियो, हामी यहाँ पुग्न ढिला भयो । तर, बीचबाट भए पनि खेल हेर्ऱ्यौं,' उनले भने, 'नेपाली खेलाडीको प्रदर्शनबाट गर्व लागेको छ ।'

यसपटक नेपालले एसियाडमा २९ खेलमा सहभागिता जनाइरहेको छ । अधिकांश खेलका खेलाडी नेपाल फर्किसकेका छन् । नेपाली महिला कबड्डी टोलीले पदक पक्का गरिसकेको छ । कबड्डीका कारण नै नेपाल सन् १९८६ को सोल एसियाडपछि खाली हात फर्कनुपर्ने अवस्था आएन । हाङझाउका विभिन्न सहर र जिल्लाका रंगशालामा खेल चलिरहँदा खासै नेपाली समर्थक देखिँदैनन् । तर, क्रिकेटमा कसैले नसोचेको समर्थक देखिएका हुन् ।

(हाङझाउबाट)

लाउरेको राजनीति



चाउरे कार्की

कविता

चाउरे देशका लाउरे नेता
बाउरे कर्मचारी
गरिब देशका टाठाबाठा
खान्छन् सोझा मारी

कोही अक्षर नपढी अन्धा
कोही पढी अन्धा
देश दुनियाँ नदेख्नेहरू
गर्छन् स्वार्थी धन्दा

कोही भाइ मन्त्री भया
कोही भाइ चोर
साँच्चै नेपाल स्वर्ग हुन्थ्यो
सबको मिले स्वर

ओली नेपाल देउवा दाहाल
एकै ड्याङका मुला
राजनीति कुर्सीको मात्रै
मै हुँ भन्छन् ठूला

विकासको नाममा बदमासी
गर्न जानेका छन्
घुसखोरी भ्रष्टचारीलाई
संरक्षण दिँदै खान्छन्

धनका गरिब जनता भए
मनका धनी नेता
जनतालाई सुशासन दिने
ढंग छैन त्यता

पीडित र गरिबका
पीडा बुझ्न चाहँदैनन्
भ्रष्टाचार र बेथितिसँग
जुध्न चाहँदैनन् ।



भक्याप्पै !



रवि मिश्र
@rabimishra



अर्थ पत्रिका
नयाँ पत्रिका
शनिबार २० असोज ०८०

दसैँ-तिहारलक्षित तयारी

आइतबारदेखि सहुलियत पसल र सोमबारदेखि टिकट बुकिङ खुला, नयाँ नोटको सटही घटस्थापनादेखि

मिलन विश्वकर्मा/नयाँ पत्रिका

दसैँ, तिहार तथा छठ पर्व नजिकिँदै जाँदा सर्वसाधारणले मात्र होइन, सरकारले पनि त्यसको तयारी गरेको छ। चाडपर्व भन्नेबित्तिकै उपभोगको मात्रा बढ्नु सामान्य हो।

यसै वेलालाई भनेर निजी क्षेत्रले विशेष प्रयोग हुने सामानहरू निकै पहिलेदेखि आयात तथा उत्पादन सुरु गरेका हुन्छन्। हरेक वर्ष महँगी बढेको तथा चाडपर्वको अवसर पारेर कालोबजारी बढेको गुनासो पनि उपभोक्ताले गर्दै आएका छन्। यसैलाई रोकथाम गर्न तथा बजार मूल्यलाई नियन्त्रण गर्न सरकारले सांकेतिक रूपमै भए पनि उपभोग्य सामान आपूर्ति गरेर बिक्री गर्ने विशेष व्यवस्थादेखि अनुगमनको पनि व्यवस्था गर्दै आएको छ।

सोही क्रममा सरकारले यही आइतबारदेखि सहुलियत पसल सञ्चालन गर्दै छ। साथै, सोमबारबाट देशभरका सार्वजनिक यातायातको अग्रिम टिकट बुकिङ खुलाउने निर्णय पनि भएको छ। साथै, घटस्थापना (२८ असोज)आसपासबाट नेपाल राष्ट्र बैंकले नयाँ नोटको सहटी सुविधा सञ्चालन गर्ने तयारी गरेको छ।

व्यवसाय, रोजगारी, अध्ययनलगायतका उद्देश्यसहित देशभरका लाखौँ सर्वसाधारण परिवारबाट छुट्टिएर संघीय राजधानी काठमाडौंलगायत मुख्य सहरमा बसोवास गर्दै आएका छन्। जब दसैँ, तिहार तथा छठजस्ता ठूला पर्व आउँछन्, त्यसपछि भने उनीहरू आफ्नै परिवारसँगै चाडपर्व मनाउन जान्छन्। त्यस्तै, विदेशमा रहेका नेपाली दसैँकै अवसर पारेर स्वदेश फर्कनेको संख्या पनि उल्लेख्य हुने गर्छ। फलस्वरूप यसवेला यात्रुको चाप पनि हुने गर्छ। उपभोग र यात्रालाई ध्यान दिँदै बजारमा भएका तयारी यस्ता छन् :





फाइल तस्बिर : नयाँ पत्रिका





■ २२ असोजबाट अग्रिम टिकट बुकिङ, भाडा नबढ्ने

यातायात व्यवसायीहरूले आगामी २२ असोज (सोमबार)देखि सार्वजनिक यातायातको टिकट बुकिङ खुला गर्ने भएका छन्। शुक्रबार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, यातायात व्यवस्था विभाग र यातायात व्यवसायीबीच भएको छलफलपछि सोमबारदेखि टिकट बुकिङ खुला गर्ने निर्णय भएको हो।

शनिबार र आइतबार आवश्यक तयारी गर्ने समय राखेर सोमबारदेखि टिकट बुकिङ खुला गर्ने निर्णय भएको यातायात व्यवस्था विभागका महानिर्देशक उद्धवप्रसाद रिजालले जानकारी दिए। उनले भने, 'व्यवसायी साथीहरूलाई शनिबार र आइतबार आवश्यक तयारी गर्न समय दिएका छौं। सोमबारदेखि अग्रिम टिकट बुकिङ खुला हुन्छ।'

सरकार र व्यवसायीबीच प्रचलित भाडादरमै टिकट बुकिङ खुला गरिएको हो। व्यवसायीहरूको मागबमोजिम दसैँपछि मात्रै सार्वजनिक यातायातको भाडादर पुनरावलोकन गरिने महानिर्देशक रिजालले बताए।

हरेक वर्ष चैत मसान्तभित्र सार्वजनिक यातायातको भाडादर पुनरावलोकन गर्नुपर्ने नीति छ। तर, अझै त्यस्तो हुन सकेको छैन। अहिले दसैँको बहानामा व्यवसायीहरूले भाडादर पुनरावलोकन गर्नुपर्ने माग राखेका थिए। तर, यो महँगीमा थप भाडा नबढाउने सरकारी अडान थियो। अहिले आएर दसैँपछि मात्रै भाडादर पुनरावलोकन गर्ने सर्तमा टिकट बुकिङ खुला गरिएको हो।

■ अनलाइन सुविधा भने अपूरो

अहिलेको जमानामा अनलाइनमार्फत टिकट बुकिङ गर्न पाइने आमसर्वसाधारणको अपेक्षा थियो। तर, यसपालि पूर्ण रूपमा अनलाइन टिकट बुकिङ खुला गर्न नसकिने राष्ट्रिय यातायात व्यवसायी महासंघका अध्यक्ष विजयबहादुर स्वाँरले बताए। 'केही कम्पनीहरूले यसअघि नै अनलाइट टिकेटिङको सुविधा ल्याइसकेका छन्। उनीहरूमा अनलाइनमार्फत टिकट बुकिङ गर्न सकिन्छ, अन्यमा भने गाह्रो छ,' उनले भने, 'आगामी वर्षदेखि भने पूर्ण रूपमा अनलाइनमा जाने हाम्रो तयारी छ।'

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

दसैँ मनाउनकै लागि घटस्थापनापछि काठमाडौं उपत्यकाबाट दैनिक लाखौँ सर्वसाधारण बाहिरिने गर्छन्। त्यसो गर्दा तत्काल गाडी पाउने सम्भावना कम हुन्छ। सोही विषयलाई लक्षित गर्दै अग्रिम टिकट बुकिङको व्यवस्था गर्ने परम्परा छ।

■ झन्डै ६ सय गाडी थप, यसरी हुँदै छ गाडीको व्यवस्थापन

यो वर्ष दसैँमा १८ लाख मानिस काठमाडौंबाट बाहिरिने यातायात व्यवसायीहरूको अनुमान छ। दसैँ मनाउन घटस्थापनापछि दैनिक लाखौँ संख्यामा सर्वसाधारण बाहिरिने गर्छन्। यसो गर्दा तत्काल गाडी पाउने सम्भावना कम हुन्छ। साथै, प्रचलित सवारीसाधनले पनि पुग्न गाह्रो हुने देखिन्छ। सोही अवस्थालाई दृष्टिगत गर्दै देशभरका यातायात व्यवसायीले पाँचदेखि ६ सय गाडी थप्ने महासंघका अध्यक्ष स्वाँरले बताए। दसैँका वेला गाडी व्यवस्थापन गर्न चाप कम पर्ने रुटको गाडी (काठमाडौंबाहिर समेत चल्ने) चाप बढी पर्ने रुटमा हाल्ने तयारी व्यवसायीको छ। जुन रुटमा यात्रुको चाप हुँदैन, त्यस रुटको गाडी लिएर यात्रुको चाप हुने ठाउँमा सञ्चालन गर्ने स्वाँरले बताए।

'दसैँका वेलामा रुट पर्मिट पनि लागू हुँदैन, जुन गाडी जता पनि जान सक्छ। सोहीअनुसार एक रुटको गाडी अर्को रुटमा चलाएर भए पनि हामी यात्रुलाई सहज रूपमा गन्तव्यमा पुऱ्याउन तयार छौं,' उनले भने, 'कुनै पनि हालतमा दसैँमा यात्रुलाई सहज रूपमा गन्तव्यमा पुऱ्याउँछौं।'

दसैँमा नयाँ बसपार्कबाट मात्रै दैनिक एक हजार पाँच सय बस बाहिरिन्छन्। नागढुंगा नाकाबाट दैनिक तीन हजार पाँच सय सार्वजनिक गाडी बाहिरिन्छन्। तीबाहेक चोभार, साँगा नाकाबाट पनि धेरै गाडी बाहिरिन्छन्। समग्रमा दसैँका वेला दैनिक पाँच हजार गाडी बाहिरिने गर्छन्।

■ घटस्थापनाबाट नयाँ नोट सटही

दसैँलाई लक्षित गरेर नेपाल राष्ट्र बैंकले पनि घटस्थापनाआसपासबाट नयाँ नोटको सटही सुविधा दिने तयारी गरेको छ। दसैँमा टीका लगाएर नयाँ नोट दक्षिणा दिने प्रचलन छ। सोहीअनुसार घटस्थापनाआसपासबाट नयाँ नोट सटही सुविधा दिने तयारी रहेको राष्ट्र बैंकका कार्यकारी निर्देशक तथा मुद्रा व्यवस्थापन विभागका प्रमुख नरेश शाक्यले जानकारी दिए। यसबारे आइतबार औपचारिक निर्णय हुनेछ। उनका अनुसार एकजना व्यक्तिले १८ हजार पाँच सय रुपैयाँसम्मको सटही सुविधा पाउनेछन्। एक सय, ५०, २०, १० र पाँच रुपैयाँको नोट एक सय थानका दरले सटही सुविधा पाइनेछ। यद्यपि, कागजीभन्दा पनि डिजिटल दक्षिणामा जोड दिने राष्ट्र बैंकको तयारी छ।

सस्ता टिकट सकिए, कतिपय गन्तव्य नै प्याक



हवाई टिकट दसैँका लागि भनेर औपचारिक बुकिङ खुला हुँदैन। अनलाइन हुने हुँदा टिकट भने धमाधम बुकिङ भइरहेका छन्। दसैँको सप्तमी, अष्टमी र नवमीका लागि टिकटको बढी माग हुने गर्छ। तीन दिनका लागि कतिपय गन्तव्यको हवाई टिकट फुल बुकिङ भइसकेको छ। धेरै उडान भएका गन्तव्यमा ७०-८० प्रतिशतसम्म टिकट बुकिङ भइसकेको वायुसेवा कम्पनीका प्रतिनिधि बताउँछन्।

तुम्लिङटार, सुर्खेतजस्ता केही गन्तव्यको उडानमा पूरै टिकट बुकिङ भइसकेको बुद्ध एयरका प्रवक्ता दीपेन्द्र कर्णले बताए। सुगम गन्तव्यमा धेरै उडान हुने हुँदा कतिपय ठाउँमा ७० प्रतिशत र कतिपय गन्तव्यमा ८० प्रतिशतसम्म टिकट बुकिङ भइसकेको छ। अब सहुलियत भाडादरको टिकट भेट्टाउन भने मुस्किल पर्छ।

अहिले दसैँका लागि भनेर हवाई टिकट धमाधम बुकिङ भइरहेको श्री एयरलाइन्सका प्रवक्ता अनिल मानन्धरले बताए। सप्तमी, अष्टमी र नवमीमा एकतर्फी सिट फुल बुकिङ भइसकेको उनको भनाइ छ। 'टीकाको अगाडि तीन दिन एकतर्फी प्याक हुन्छ, काठमाडौं फर्किने यात्रु हुँदैनन्,' उनले भने, 'टीकाको दिन दुईतर्फी नै यात्रु हुन्छन्, त्यसपछि काठमाडौं फर्किने यात्रु हुन्छन्, बाहिर जाने हुँदैनन्।'

यदि यात्रुको माग बढेमा नियामक निकायसँग स्लट मागेर उडान थप गर्न सकिने उनीहरूले बताएका छन्। तर, गत वर्षको दसैँमा उडान थप्नुनपरेको हुँदा यस वर्ष नियमित उडान नै पर्याप्त हुने मानन्धरको भनाइ छ। 'हामीले यात्रुको माग भयो भने फ्लाइट बढाउन सक्छौं, तर अहिल्यै यसै भन्न सकिन्न,' उनले भने, 'अहिले धेरैसँग व्यक्तिगत गाडी नै हुन थाले, केही यात्रुले आफू-आफू मिलेर गाडी बुकिङ गरेर जान्छन्।' बुद्ध एयरका प्रवक्ता कर्ण पनि दसैँमा यात्रुको माग बढेमा नियामकसँग छलफल गरेर उडान बढाउन सकिने बताउँछन्।

उपत्यकामा दुई हजार खसी-बोका र एक हजार च्यांग्रा ल्याउँदै सरकार

भोजराज भण्डारी/नयाँ पत्रिका

सरकारी स्वामित्वमा रहेको नेपाल खाद्य व्यवस्था तथा व्यापार कम्पनीले दसैँलाई लक्षित गरेर दुई हजार खसी र एक हजार च्यांग्रा ल्याउने भएको छ। कम्पनीले अघिल्लो वर्षभन्दा पाँच सय बढी खसी-बोका र च्यांग्रा ल्याउने भएको हो।

विगतमा कोभिड-१९ का कारणले कम बिक्री हुने आशंकाले समग्रमा दुई हजार पाँच सयको संख्यामा ल्याइएकोमा यसपटक तीन हजार ल्याउन लागेको कम्पनीकी प्रवक्ता शर्मिला सुवेदीले बताइन्। चौपाया खरिदका लागि आन्तरिक तयारी भइरहेको र घटस्थापनापछि बिक्री सुरु गर्ने उनको भनाइ छ।

■ व्यापारीले २५ हजार खसी-बोका ल्याउने

दसैँलाई लक्षित गरेर व्यापारीले २५ हजार खसी-बोका ल्याउने भएका छन्। उपत्यकाको माग धान्न व्यवसायीले अघिल्लो वर्षको भन्दा केही बढाउन सकिने नेपाल चौपाया बजार तथा बधशाला व्यवस्थापक जीवनराज शर्माले बताए। उनले भने, 'गत वर्षको जस्तो बजारमा उत्साह छैन, तैपनि माग र आपूर्तिबीच समस्या नहोस् भनेर केही बढी ल्याउने तयारी गरेका छौं।' असोजको अन्तिम साताबाट खसी बिक्री गर्ने तयारी रहेको शर्माले बताए। उनका अनुसार उपत्यकामा बर्दिया, सल्यान, सुर्खेत, दाङ, उदयपुर, रुकुम, रोल्पालगायतका जिल्लाबाट खसी-बोका ल्याइनेछ।



उनले भनिन्, 'उपभोक्ताको मागलाई मूल्यांकन गरेर खरिद अघि बढाउने तयारी छ।' उनका अनुसार तुलसीपुर, हेटौंडा, नुवाकोट, तनहुँलगायतका जिल्लाबाट ल्याउने र च्यांग्रा जुम्ला र हुम्लाबाट ल्याइने भएको छ।

व्यापार कम्पनीले खसी-बोका र च्यांग्राका लागि आठ करोड ३३ लाख रुपैयाँ छुट्याएको छ। उक्त रकममध्ये कम्पनीले तीन करोड ४२ लाखबराबरका खसी-बोका तथा चार करोड ९१ लाखबराबरका च्यांग्रा ल्याउने योजना बनाएको छ। घटस्थापनाका दिनसम्म खसी-बोका र च्यांग्रा ल्याइनेछ।

अघिल्लो वर्ष कम्पनीले एक हजार एक सय ९४ वटा खसी-बोका किनेको थियो भने दार्चुलाबाट एक सय ६२ वटा च्यांग्रा खरिद गरेको थियो। कम्पनीले गत वर्ष जिउँदो खसी प्रतिकिलो पाँच सय ७० रुपैयाँ, बोका पाँच सय ५५ रुपैयाँ र च्यांग्रा प्रतिकिलो एक हजार दुई सय ६० रुपैयाँका दरले बिक्री गरेको थियो। यस वर्ष अघिल्लो वर्षको तुलनामा दुई सयदेखि तीन सय सय रुपैयाँले मूल्य बढ्न सक्ने उनको भनाइ छ। उनले भने, 'ढुवानी भाडा र चौपायाको गोठमै मूल्य बढेको हुँदा बजारमा पनि मूल्य बढ्न सक्छ। यस वर्ष जिउँदो खसी प्रतिकिलो ६ सय ५० रुपैयाँ पर्ने शर्माको अनुमान छ।

■ महँगो भए पनि २५ सय च्यांग्रा ल्याइने

यसपटक दसैँमा च्यांग्रा महँगो पर्ने भएको छ। गत वर्षभन्दा कम च्यांग्रा मात्र अर्डर भएको हुँदा यस वर्ष काठमाडौंमा करिब दुई हजार पाँच सय च्यांग्रा ल्याउने तयारी रहेको शर्माले बताए। उनले भने, 'च्यांग्रा ल्याउन यस वर्ष ढुवानीमा पनि समस्या छ, पोखरा र काठमाडौंलाई करिब पाँच हजार च्यांग्रा मात्र आपूर्ति हुने हुँदा महँगो पर्ने देखिन्छ।' उनका अनुसार गत वर्ष प्रतिकिलो एक हजार पाँच सयदेखि एक हजार ६ सय रुपैयाँमा बिक्री भएको थियो। यस वर्ष तीन सयदेखि चार सय रुपैयाँसम्मले बढ्न सक्नेछ।

उपत्यकाका ३५ ठाउँमा सहुलियत पसल

हरेक वर्षजस्तै सरकारले चाडपर्वकेन्द्रित सहुलियत (सुपथ) मूल्य पसल यो वर्ष २१ असोज आइतबारबाट सञ्चालन गर्ने भएको छ। उपभोक्तालाई राहत दिन, आपूर्ति व्यवस्थापन सहज बनाउन र बजारमा हुन सक्ने मूल्यवृद्धि रोक्न सरकारी स्वामित्वका संस्थानमार्फत सुपथ मूल्य पसल ३ मंसिरसम्म सञ्चालन गर्ने खाद्य व्यवस्था तथा व्यापार कम्पनीले जनाएको छ।

दसैँ, तिहार तथा छठजस्ता चाडबाडका समयमा उपभोग्य सामानमा निजी क्षेत्रको एकाधिकार हुन नदिन भन्दै सरकारले हरेक वर्ष सहुलियत मूल्य पसल सञ्चालन गर्दै आएको छ। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमातहतका खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसन तथा कृषि तथा पशुपक्षी विकास मन्त्रालयमातहतको दुग्ध विकास संस्थानको सहकार्यमा सहुलियत मूल्य पसल सञ्चालन हुनेछन्।

■ यस्तो छ सहुलियत मूल्य पसलमा दिइने छुट

सहुलियत मूल्य पसलमा सबै किसिमका चामल, दाल, गहुँ, आँटा, पिठो, मैदा, तोरीको तेल, सनफ्लावर तेल, भट्मासको तेल र चिउरा बजार मूल्यभन्दा प्रतिकिलो सात रुपैयाँसम्म सस्तोमा बिक्री हुनेछ। त्यस्तै, कर्णालीको सिमी तथा गेडागुडीहरू, फापरको दाना, चिनो, कागुनो र उवामा प्रतिकिलो १० रुपैयाँ छुट दिइएको छ। सहुलियत मूल्य पसल सञ्चालनका लागि सरकारले खाद्य व्यवस्था तथा व्यापार कम्पनीलाई दुई करोड ३२ लाख २० हजार बजेट छुट्याएको छ।

त्यस्तै, साल्ट ट्रेडिङमार्फत बिक्री हुने सामानमा सहुलियत दिन सरकारले एक करोड रुपैयाँ छुट्याएको छ। साल्ट ट्रेडिङ कर्पोरेसनले चिनी प्रतिकिलो ९७ रुपैयाँमा बेच्नेछ भने बजार मूल्यको तुलनामा नुनमा प्रतिकिलो दुई र तेल तथा चिउरामा प्रतिकिलो सात रुपैयाँ छुट दिनेछ। त्यस्तै, दुग्ध विकास संस्थानले घिउमा प्रतिकिलो २०, पनिर प्रतिदुई सय ग्राममा २० रुपैयाँ छुट दिनेछ।

■ कहाँ-कहाँ राखिन्छ सहुलियत मूल्य पसल ?

खाद्य व्यवस्था तथा व्यापार कम्पनी र साल्ट ट्रेडिङको काठमाडौं उपत्यकामा रहेका आठ बिक्री केन्द्र र तीन घुम्ती पसलसमेत गरी जम्मा ३५ स्थानमा बिक्रीस्थल रहने जनाइएको छ। त्यसबाहेक मोरङ, झापा, ताप्लेजुङ, संखुवासभा, सोलुखुम्बु, दिक्तेल, भोजपुर, ओखलढुंगा, खोटाङ, सिराहा, जनकपुर, पर्सा, काठमाडौं, ललितपुर, भक्तपुर, कास्की, तनहुँ, गोरखा, मनाङ, मुस्ताङ, रुपन्देही, बाँके, दाङ, बर्दिया, रुकुम-पूर्व र रुकुम-पश्चिममा खाद्य व्यवस्था कम्पनीले सहुलियत पसल सञ्चालन गर्नेछ। त्यस्तै रोल्पा, सुर्खेत, गुल्मी, दैलेख, डोल्पा, कालीकोट, हुम्ला, जाजरकोट, जुम्ला, मुगु, कैलाली, डडेल्धुरा, बाजुरा, बझाङ, अछाम, दार्चुला, महेन्द्रनगर गरी ४२ जिल्लाका ४८ स्थानमा खाद्य व्यवस्था तथा व्यापार कम्पनीका सहुलियतपूर्ण पसल रहनेछन्। यस्ता पसलहरू आवश्यकताअनुसार थप जिल्ला र स्थानहरूमा पनि सञ्चालन गर्न सकिने मन्त्रालयले जनाएको छ।

■ बजार अनुगमनमा जोड

सञ्चालनमा ल्याइएका सहुलियत मूल्य पसल प्रभावकारी भए-नभएको विषयमा अनुगमन गर्न समिति पनि बनाइएको छ। वाणिज्य, आपूर्ति व्यवस्था तथा उपभोक्ता संरक्षण विभागबाट पनि नियमित अनुगमनका अतिरिक्त थप अनुगमन टोली बनाई सघन रूपमा अनुगमन गर्ने उल्लेख छ। खसी-बाख्राको स्वास्थ्य जाँच गर्नका लागि पशु सेवा विभाग, खाद्यान्न वस्तुको अनुगमनका लागि खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग र नापतौलमा हुन सक्ने कैफियतको अनुगमन गर्न गुणस्तर नापतौल विभागले संयुक्त अनुगमन गर्ने भएका छन्। हरेक वर्ष चाडपर्वमा हुने कालोबजारी र गुणस्तरहीन सामान बिक्री हुने आशंकामा सरकारले बजार अनुगमनलाई जोड दिँदै आएको छ।

नबिल बैंक लिमिटेड, च्यामासिङ्ग शाखा, भक्तपुर तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८०/०६/२०)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुलउपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुलउपर हुन नसके वा आंशिक रकम मात्र असुलउपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुलउपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूचीमा** समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुलउपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

ऋणी फर्म तथा ऋणी फर्मका प्रोप्राईटरको विवरण

प्रदेश औद्योगिक व्यवसाय ऐन २०७६ बमोजिम प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय वाग्मती प्रदेश, धुलिखेल, काभ्रेपलाञ्चोकमा मिति २०७८/०८/०२ मा प्रा.फ.नं. १२४१२/०७८/०७९ अन्तर्गत दर्ता भएको **श्री सिता कृषि पशु पालन फर्म।**

ठेगानाः काभ्रेपलाञ्चोक जिल्ला, बनेपा न.पा. वडा नं ३ काँक्रे, काभ्रेपलाञ्चोक।

ऋणी फर्मका प्रोप्राईटरको नाम र ठेगानाको विवरण :

मोदनाथ ढकालकी छोरी, रुद्र प्रसाद बजगाईकी बुहारी, रेवती प्रसाद बजगाईकी श्रीमती, काभ्रेपलाञ्चोक जिल्ला, बनेपा न.पा. वडा नं. ३ बस्ने, ना.प्र.नं. ३०/०१/७१/०५६६७ (जारी मितिः २०७१/०६/२७, स्थान काभ्रेपलाञ्चोक) भएकी **श्रीमती सिता बजगाई।**

व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण

दामोदर प्रसाद बजगाईको नाति, रुद्र प्रसाद बजगाईको छोरा, काभ्रेपलाञ्चोक जिल्ला, बनेपा न.पा. वडा नं. ३ बस्ने, ना.प्र.नं. १४५७५८ (जारी मितिः २०६२/०८/२६, स्थान काभ्रेपलाञ्चोक) भएका **श्री रेवती प्रसाद बजगाई।**

धितोको विवरण

धितोमा रहेको घर/जग्गाको विवरण :

काभ्रेपलाञ्चोक जिल्ला, बनेपा न.पा. वडा नं. ३ बस्ने, **श्री रेवती प्रसाद बजगाई**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको काभ्रेपलाञ्चोक जिल्ला, उग्रचण्डी नाला गा.वि.स., वडा नं. ८ सिट नं. ८ मा अवस्थित कि.नं. ३१२२ क्षेत्रफल ०-१५-१-० रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

१९औँ एसियाड

कबड्डीबाट कांस्य पदक

सेमिफाइनलमा भारतसँग पराजित भएपछि नेपालले कांस्य पदकमै चित्त बुझाउनुपऱ्यो

हाङझाउमा **श्रीलोचन राजोपाध्याय**
तस्बिर : **ज्ञानेन्द्र कार्की**/नयाँ पत्रिका

नेपालले सन् १९८६ को दक्षिण कोरियामा भएको एसियन खेलकुद प्रतियोगिता (एसियाड)देखि जित्दै आएको पदकको निरन्तरतालाई १९औँ संस्करणसम्म दिएको छ। चीनको हाङझाउमा चलिरहेको एसियाडमा नेपाललाई अहिलेसम्म एक मात्र कांस्य पदक नेपाली कबड्डी महिला टोलीले दिलाएको हो। यद्यपि, समूह चरणको पहलो खेलमै नेपाल चालू एसियाडमा पदकविहीन निश्चित भइसकेको थियो। नेपालले कुन पदकमा सीमित जित्ने भनी छिनोफानो शुक्रबार मात्र सम्पन्न सेमिफाइनलबाट भयो।

कबड्डीको पहिलो सेमिफाइनलमा नेपाल स्वर्णपदक दाबेदार भारतसँग ६१-१७ ले पराजित भयो। हारसँगै नेपाल सेमिफाइनल लिस्टमा सीमित हुँदै कांस्य पदक हात पाऱ्यो। नेपालले एसियाडमा १०औँ संस्करणदेखि पदकविहीन नहुने परम्परालाई निरन्तरता दियो। हाङझाउ जिआओसान गुआली स्पोर्टस् सेन्टरको कोर्ट-२ मा भारतले पहिलो तथा दुवै हाफमा समान नौ बोनस अंक प्राप्त गरेको थियो। नेपालले दुवै हाफमा समान पाँच बोनस अंक बटुल्यो। पाँच वर्षभित्र दोस्रोपटक महत्त्वपूर्ण अन्तर्राष्ट्रिय खेलमा भारतलाई विपक्षी पाउँदा नेपाली खेलाडी पूरै निरीह देखिए।

दुवै हाफमा नेपालका खेलाडीसँग अन्तर्राष्ट्रियस्तरको अनुभव नभएको प्रस्ट देखिन्थ्यो। यद्यपि, नेपाली खेलाडीले भारतको हरियाणामै दुई महिनाको प्रशिक्षण गरेको थियो। तर, यो प्रशिक्षण भारतलाई कडा चुनौती दिन पर्याप्त भएन। नेपालले कुनै पनि समयमा भारतलाई अल आउट गर्न सकेन। यसअघि तीन टोली सम्मिलित समूह 'बी'मा नेपालले आफ्नो पहिलो खेलमा बंगलादेशलाई हराएको थियो। नेपाल दोस्रो खेलमा इरानसँग पराजित थियो।

इरानले बंगलादेशलाई हराएसँगै नेपाल समूहको उपविजेता रहँदै अन्तिम चारको स्थान पक्का पाऱ्यो। प्रतियोगिताको नियमअनुसार सेमिफाइनल लिस्टलाई समेत संयुक्त रूपमा कांस्य पदक प्रदान गर्ने प्रावधान छ। समूह 'ए'बाट भारत र चाइनिज ताइपेई अन्तिम चारमा पुगेका थिए।



कबड्डीको पहिलो सेमिफाइनलमा भारतविरुद्ध प्रतिस्पर्धा गर्दै नेपालकी नितु गुरुङ

कबड्डीले एसियाडमा डेब्यु खेलमा एक खेल जित्यो। दुई खेलमा हारको सामना गऱ्यो। कबड्डीले सहभागी भएकै संस्करणमा पदक जित्दै नेपालको इज्जत चीनमा जोगाएको छ। यसअघि नेपालले बक्सिङ, उसु, तेक्वान्दो र कराँतेबाट पदकको आशा गरिएको थियो। तर, सम्भावित पदक जित्न सक्ने खेलले चीनमा अपेक्षाअनुसार प्रदर्शन गर्न सकेनन्।

सबैजसो खेलाडी पहिलो चरणबाटै बाहिरिए। नेपाल सन् २०१० देखि एक पदक मात्र सीमित भएको छ। सन् २०१० को हाङझाउ एसियाडमा बक्सिङमा दीपक महर्जनले कांस्य हात पारेका थिए। सन् २०१४ को इन्चोन एसियाडमा कराँतेमा विमला तामाङले कांस्य दिलाइन्। सन् २०१८ को जाकार्ता-पालेडबाङ भएको संस्करणमा प्यारागलाइडिङले ऋस कन्ट्रीमा नेपाललाई रजत पदक दिलाएको थियो।

कप्तान राजवंशी दंग

भारतसँग कमजोर प्रदर्शन गरेको नेपाली टोलीका खेलाडी कांस्य पदकसहित घर फर्कन पाउँदा खुसी छन्। कबड्डीको रिङमा पराजित भएपछि खेलाडीले सामान्य रूपमा खुसी मनाएका थिए। यद्यपि, बंगलादेशमाथि सानदार जितमै खुसी मनाएका थिए। नेपाली टोलीको कप्तानी गर्दै पदक दिलाएकी मेनुका राजवंशीले खेलजीवनमा यति धेरै खुसी कहिल्यै पनि नपाएको बताएकी छिन्। उनी भन्छिन्, '१५ वर्षको कबड्डीको करिअरमा यति धेरै दुःखी कहिल्यै पनि भइनँ।' सुरुमा उनले खोखो खेल्न थालेकी थिइन्। खोखोमा राम्रो गर्दागर्दै उनलाई प्रशिक्षक बिकुलाल चौधरीले कबड्डी खेल्न सुझाव दिए। त्यसपछि उनले कबड्डी खेलेलाई नै पहिचान बनाउने अठोट लिइन्।

'खोखोबाट कबड्डी खेल्न गुरुले सुझाब दिनुभएको थियो, फेरि राम्रो गर्न सक्ने खेलाडी विभागमा जागिर पाउन सक्ने सम्भावना थियो,' उनले भनिन्। जब उनले कबड्डीलाई प्राथमिकतामा राखिन्। उनी बस्ने गाउँमा प्रशिक्षण नै हुँदैनथ्यो। 'घन्टाको यात्रापछि प्रशिक्षण हुन्थ्यो, फर्केर आएर घरमा सहयोग गर्नुपर्ने थियो,' उनले भनिन्। जिल्लास्तरबाट उनलाई राष्ट्रियसम्म पुग्न धेरै समय लागेन। ०६५ सालमा काठमाडौंमा भएको पाँचौं राष्ट्रिय खेलकुद प्रतियोगितामा उनलाई पूर्वाञ्चलले बोलाएको थियो। पहिलोपटकको राष्ट्रिय खेलमा उनले कांस्य जितिन्। धनगढीमा भएको छैटौं राष्ट्रिय प्रतियोगितामा उनी पूर्वाञ्चलकी कप्तान नै बनिसकेकी थिइन्।

राष्ट्रिय खेलकुद प्रतियोगितामा डेब्यु गरेको धेरैपछि उनले अन्तर्राष्ट्रिय खेलमा सहभागी हुने अवसर पाइन्। सन् २०१६ मा राजवंशीले भारतको गुवाहाटीमा भएको १२औँ सागमा पहिलोपटक राष्ट्रिय टोलीमा सहभागी भइन्। त्यस बेला नेपालले कांस्य जितेको थियो। सन् ०१९ मा नेपालमै भएको १३औँ सागमा नेपालले इतिहास रच्दै कांस्य जितेको थियो। यस बेला उनी नै नेपाली टोलीकी कप्तान थिइन्।

हल बनाउन माग

कबड्डीलाई पदक जित्ने लिस्टमा समावेश गरेको थिएन। कसैले नसोचेको परिणाम दिएको कबड्डीले कांस्य नै जितेको छ। नेपाली संस्कृतिसँग समेत जोडिएको कबड्डी खेलको विकास र विस्तार सोचेजस्तो छैन। यतिसम्मकी राष्ट्रिय टोलीमा सहभागी पुरुष-महिला खेलाडीलाई प्रशिक्षण दिलाउने आफ्नै हलसमेत संघसँग छैन। यस्तो अवस्थामा नेपालका कबड्डी खेलाडी त्रिभुवन आर्मी, नेपाल पुलिस र एपिएफमा आबद्ध रही प्रशिक्षण गरिराखेका छन्। भारतको प्रशिक्षणपछि नेपाल फर्केका महिला खेलाडीले राम्रोसँग अभ्याससमेत गर्न पाएनन्। 'हामीले एसियाडअगाडि नेपालमा राम्रोसँग प्रशिक्षणसमेत गर्न पाएनौं,' कप्तान राजवंशीले भनिन्, 'धेरै अवरोधबीच यहाँसम्म आइपुगेका छौं। कप्तान, प्रशिक्षक मात्र नभएर अन्य खेलाडीले पनि कबड्डीको आफ्नै प्रशिक्षण हल हुनुपर्ने माग राखेका छन्।

महिला भलिबलमा हङकङसँग पराजित

महिला भलिबलमा नेपाल हङकङसँग पराजित भएको छ। नवौँदेखि १२औँ स्थानसम्मका लागि भएको क्लासिफिकेसन म्याचमा नेपाल हङकङसँग ३-० को सोझो सेटमा पराजित भयो। हाङझाउ नर्मल युनिभर्सिटी जिम्न्यासियममा भएको खेलमा हङकङले नेपाललाई २५-२२, २५-१६, २५-१८ ले पराजित गऱ्यो। नेपालको यो चौथो हार हो। समूह चरणमा नेपाल भियतनाम र दक्षिण कोरियासँग समान ३-० को नतिजामा पराजित भएको थियो। त्यसपछि क्लासिफिकेसन म्याचमा नेपाल भारतसँग प्रतिस्पर्धात्मक खेलमा चुकेको थियो। अब नेपालले ११औँ स्थानका लागि मंगोलियासँग खेल्नेछ। उक्त खेल आज हुनेछ। मंगोलिया शुक्रबार भारतसँग ३-० को सेटमा पराजित भएको थियो। एसियाडको भलिबलमा नेपाली महिला टोलीले पहिलोपटक सहभागिता जनाएको हो।

ब्रेकिङका दीपक बाहिरिए

हाङझाउ एसियाडअन्तर्गत डान्स स्पोर्टस्को ब्रेकिङ विधामा नेपालका दीपक लामा शुक्रबार पहिलो चरणबाटै बाहिरिएका छन्। पुरुषतर्फ भएको प्रि-सेलेक्सनमा प्रतिस्पर्धा गरेका दीपक पहिलो चरणबाट अगाडि बढेनन्। प्रि-सेलेक्सनमा कुल २५ खेलाडीले प्रतिस्पर्धा गरेका थिए। त्यसमा दीपक २३औँ स्थानमा रहे। दीपकभन्दा पछि ताजकिस्तानका दुई खेलाडी रहे। एसियाडको डान्स स्पोर्ट्समा सहभागी दीपक एक्लो नेपाली खेलाडी हुन्। दीपकले एसियाडअघि बेल्जियममा भएको वर्ल्ड डान्स च्याम्पियनसिपमा सहभागिता जनाएका थिए। प्रि-सेलेक्सनबाट शीर्ष १६ स्थानमा रहेका खेलाडी भने अघिल्लो चरणमा प्रवेश गरेका छन्। एसियाली खेलकुदमा डान्स स्पोर्टस् पहिलोपटक समावेश गरिएको हो।

करौंतेमा विप्लव पदकबाट चुके



चीनको हाङझाउमा सञ्चालन भइरहेको १९औँ एसियाली खेलकुदअन्तर्गत करौंतेमा नेपालका विप्लवलाल श्रेष्ठ कांस्य पदकको भिडन्तमा चुकेका छन्। प्रतियोगिताको शुक्रबार ८४ केजीमाथिको तौल समूहमा साउदी अरेबियाका अली मोहमद हमेदीसँग उनी पराजित भएका हुन्। हारसँगै विप्लवले नेपाललाई सन् २०१४ पछि इन्चोन एसियाडपछि कांस्य पदक जित्ने अवसर गुमाए। विश्व करौंतेमै अनुभवी इरानी खेलाडी मोहमदसँग विप्लव ९-१ को फराकिलोअन्तरले पराजित भए।

करौंतेमा विप्लवबाट पदक आशा गरिएको थियो। भिडन्तमा उनी मोहमदसँग सुरुदेखि नै कमजोर देखिए। १:१० मिनेटमा मोहमदले उनलाई ४-० ले पछि पारेका थिए। खेलको १:४१ मिनेटमा विप्लवले मोहमदविरुद्ध पहिलो अंक बटुल्दै ४-१ को स्थितिमा राखे। आक्रामक रूपमा प्रस्तुत भएका विप्लवले त्यसपछि विपक्षीलाई चुनौती प्रस्तुत गर्न सकेनन्। मोहमदले उनीमाथि एकहोरो रूपमा अंक बटुल्दै गए। खेलको दुई मिनेट २२ सेकेन्डमा मोहमदले ९-१ ले बाजी मारे।

उनले प्रिक्वार्टरफाइनलमा ताजकिस्तानका खेलाडीलाई १२-४ ले पराजित गर्दै क्वार्टरफाइनलमा स्थान बनाएका थिए। क्वार्टरफाइनलमा विप्लव किर्गिस्तानका खेलाडीसँग ५-१ अंकले पराजित भए। किर्गिस्तानका खेलाडी फाइनलमा पुगेसँगै उनले रिपाचेमा स्थान बनाए। रिपाचेको पहिलो राउन्डमा बाई पाएका उनले कांस्य पदकको भिडन्तमा साउदीका खेलाडी मोहमदको सामना गरेका हुन्। विप्लव सन् २०१९ को उनी १३औँ दक्षिण एसियाली खेलकुद प्रतियोगिताको स्वर्ण पदक विजेता हुन्। उनले सागको स्वर्ण भिडन्तमा पाकिस्तानी खेलाडीलाई हराएका थिए। एसियाडमा शुक्रबारै महिलातर्फ नेपालकी निरूपा दोङ तामाङ बंगालदेशकी खेलाडीसँग पहिलो चरणमै पराजित भएकी छिन्। प्रतियोगिताको पहिलो दिन बिहीबार कातामा दुई इभेन्ट र कुमेतेमा प्रतिस्पर्धा गरेका नेपाली खेलाडी बाहिरिएका थिए।

यसअघि पुरुषतर्फ सोनिम मानन्धर र महिलातर्फ एलिसा रास्कोटी मगर पहिलो चरणबाट बाहिरिएका थिए। सोनिमले कुशान्कु कातामा ३८.३ अंक हात पारे। एलिसा आठ खेलाडी सहभागीमध्ये आफ्नो पुलमा छैटौं स्थानमा रहिन्। एलिसाले पापुरेन कातामा ३७.३ अंक हात पारेकी थिइन्। नेपालको टिम कातामा भने सहभागिता जनाएको छैन। कुमुतेमा पुरुष ७५ केजी तौलसमूहमा मोहमद सेखु आलम पराजित भए। आलमले रिपेचेज खेल्ने मौका पाउँदा पहिलो राउन्डमा बाई पाए। उनी कीर्गिस्तानका नाजिम नुर्लानोभसँग २-० ले पराजित हुँदै बाहिरिए।

कुस्तीमा सुशीला पराजित

कुस्तीमा नेपालकी सुशीला चन्द पराजित भएकी छिन्। लिनान स्पोर्ट्स कल्चर एन्ड एक्जिबिसन सेन्टरमा भएको महिला ६२ केजीको पहिलो चरणमा भारतकी सोनमले सुशीलालाई १०-० ले पराजित गरेकी हुन्। अघिल्लो दिन महिला ५७ केजीको पहिलो चरणमा नेपालकी सुवांगी दुवे थाइल्यान्डकी शृपारासँग ८-० ले पराजित भएकी थिइन्।

शनिबार दुई पुरुष खेलाडीले नेपालको चुनौती प्रस्तुत गर्नेछन्। १२५ केजीमा नेपालका राज यादवले कम्बोडियाका बाली सोउ तथा ७४ केजीमा नेपालका सुरेश चुनारालेे तुर्कमिनिस्तानका पर्मन होम्मादोभविरुद्ध खेल्नेछन्।

'३०१ केजी तौल उठाएको सुरुमा त विश्वासै भएन'



महेन्द्रनगरका विशालसिंह विष्टले भारोत्तोलन इतिहासमा अहिलेसम्मकै दुर्लभ कीर्तिमान आफ्नो नाममा लेखाइसकेका छन्। चीनको हाङझाउमा चलिरहेको १९औँ एसियाडमा ९६ केजी तौल समूहमा तीन सय एक केजी तौल उठाएपछि उनी एकाएक चर्चामा छन्। यसअघि कुनै पनि नेपाली खेलाडीले तीन सयमाथि तौल उठाएका थिएनन्। उनले क्लिनमा एक सय ३३ केजी र जर्कमा एक सय ६८ केजी तौल उठाउँदै इतिहास नै रचे। एसियाडअघि उनको व्यक्तिगत उत्कृष्ट प्रदर्शन दुई सय ९१ केजी तौल रहेको थियो। पछिल्ला रेकर्ड तोड्न उनले थप १० केजी भार वजन उठाउँदा एउटा इतिहास नै बन्यो। महेन्द्रनगरका यी खेलाडीले आठ वर्षदेखि भारोत्तोलन खेल्न थालेका हुन्। जुनियरमा उनी राष्ट्रिय च्याम्पियन नै थिए। जुनियरदेखि सिनियरसम्म एक राम्रा खेलाडीका रूपमा परिचित गराउन उनले धेरै समस्या भोगे। त्यसको प्रतिफल एसियाडमा राम्रै पाएका छन्। यस खेलमा लागेको तीन-चार वर्षपछि उनले घरेलु प्रतियोगितामा स्वर्ण जिते। सातौं राष्ट्रिय खेलकुदमा पहिलोपटकको सहभागिता र आठौंमा उनले रजत जिते। गत वर्ष पोखरामा भएको नवौं राष्ट्रिय खेलकुदमा उनले स्वर्णमाथि नै कब्जा जमाए। अन्तर्राष्ट्रियस्तरमा उनले दक्षिण एसियाली खेलकुदमा रजत जितेका छन्। विष्टसँग **नयाँ पत्रिका**ले गरेको कुराकानी :

एसियाली खेलकुद प्रतियोगितामा मेरो यो पहिलो सहभागिता हो। एसियाडमा प्रतिस्पर्धा गर्नुअघि नेपाली टोलीले विश्व च्याम्पियनसिपमा सहभागी भएको थियो। त्यहाँको अनुभवले चीनको हाङझाउमा राम्रो नतिजा आउने विश्वास थियो। मैले एसियाडमा कम्तीमा राष्ट्रिय रेकर्डसहित घर फर्कने योजना बनाएको थिएँ। सुरुवातमा अलिकति नर्भस भएँ। ९६ केजी तौल समूहको प्रशिक्षण भइरहँदा गुरुहरूले जिस्क्याउँदै भन्नुहुन्थ्यो, 'तिमीहरू (म र सागर भण्डारी)ले एसियाडमा तीन सय कटाउनुपर्छ।' गुरुले मलाई तीन सय एक र सागरलाई तीन सय केजी तौल उठाउन सक्ने हिम्मत दलाइराख्नुभएको थियो।

नेपालको भारोत्तोलन खेलको इतिहासमा कसैले पनि तीन सय केजी तौलभन्दा माथि उठाएको रेकर्ड छैन। हामी दुई खेलाडीमध्ये एकले इतिहास बनाउन सक्ने उहाँहरूको विश्वास थियो। यसलाई हामीले कहिले पनि दबाबका रूपमा लिएनौं। गुरुहरूले हामीमाथि विश्वास गरेका कारण नै यस्तो आत्मविश्वास दिलाउनुभएको हो। प्रशिक्षणअनुसार यो लेभलमा रेकर्ड राख्न नसकिने भन्ने लागेको थिएन। मनमा नेपाली भारोत्तोलन खेलाडीले तीन सयमाथिको तौल वजन उठाएको रेकर्ड राख्न सक्ने सुरुमा थिएन। एसियाडजस्तो एरिनामा मैले एक्कासि तीन सय एक केजी भार उठाएँ।

सुरुमा म स्वयंलाई यो विश्वास लागेको थिएन, 'अरे मैले तीन सय केजी तौल माथि उठाएँ।' प्रत्येकपटकको भार वहन सफल भइरहेको थियो। क्रमिक तीन सय केजीमाथि तौल उठाउने योजना बन्यो। लास्टको प्रयासमा नर्भस भइरहेको थिएँ। तर, मैले आफ्नो प्रयासलाई सफल पारे। हामीजस्तो खेलाडीले तीन सय एक केजी तौल वजन उठाउनु सामान्य कुरा होइन। यति वेला यो ऐतिहासिक क्षणको वर्णन गर्न शब्द नै छैन। एकातिर मैले रेकर्ड राख्दा विकास भट्टलाई सोचैं, प्रदर्शन गर्न



नसक्दा अलि दुःख लागेको छ। हामी दुवैका योजना राष्ट्रिय कीर्तिमानसहित इतिहास रच्नु थियो। अर्कोपटक उसले प्रयास गर्नेछ। फेरि रेकर्ड तोडिनकै लागि बन्नेको हो। यो कहिल्यै स्थायी हुँदैन। मलाई विश्वास छ, विकासले मैले राखेको रेकर्ड तोड्नेछ।

■ कम्तीमा तीन महिनाको आराम चाहिन्छ

भारोत्तोलन खेलका विज्ञ वा प्रशिक्षकसँग सोध्दा थाहा हुन्छ कि एउटा अन्तर्राष्ट्रियस्तरको प्रतियोगिता खेलेपछि एक खेलाडीलाई कति समय आराम चाहिन्छ। यो सबैलाई थाहा छ। हामीले कुनै पनि अन्तर्राष्ट्रियस्तरको भारोत्तोलन प्रतियोगितामा सहभागिता जनाएपछि कम्तीमा तीन महिनाको आराम चाहिन्छ। विज्ञहरूले तीन महिनाभित्र अर्को प्रतियोगिता खेल्न सुझाव दिँदैनन्। विज्ञहरूले पूरै फिट भएपछि मात्र खेल्न सुझाव दिन्छन्। खेलाडी पूर्ण रूपले फिट हुन ९० दिनजति नै समय लाग्छ। यो भनेको खेलाडीले तीन महिना पूरै रेस्ट गर्नु हो। निकै जोखिम उठाएर सहभागी भयौं। विश्व च्याम्पियनसिपलगत्तै एसियाड खेल्यौं। एक किसिमले यसलाई रिक्स नै मान्नुपर्छ। हामी खेलाडीले एसियाडमा जुवा नै खेल्यौं भन्नुपर्छ। जसमा सफल भयो।

■ मिडियाको समाचारले तनाव

यहाँ आउनुअघि हामीले एसियाडमा सहभागिता जनाएका नेपाली खेलाडीको प्रदर्शन पढेका थियौं। सबै खेलाडीहरू हारसँगै घर फर्किरहेका थिए। मिडियामा नेपालले एसियाडमा सहभागी भएको खेलको नेगेटिभ समाचार मात्र पढ्दा र सुन्दा एक किसिमले खेलाडीमाथि दबाब भएको महसुस भएको थियो। एक किसिमले हामीले नै गाली खाएको जस्तो थियो। राज्यले खेलकुदमा लगानी गरेको छ। खेलाडीहरूले यसको प्रतिफल राम्रोसँग दिन नसक्दा आलोचनाको पात्र बन्नुपर्छ। केवल हारबाहेक समाचार नै नदेख्दा हामी पनि चीनमा यस्तै अवस्थाबाट गुज्रिने त होइन भन्ने डर थियो। मलाई मेरो शक्तिमाथि विश्वास थियो। चीनमा कम्तीमा राष्ट्रिय रेकर्ड राख्छु। मैले सोचेकोभन्दा निकै फरक नतिजा आयो। मैले इतिहास नै बनाएँ। यो एउटा ऐतिहासिक क्षणको वर्णन गर्न शब्द नै छैन।

■ निरन्तर प्रशिक्षण हुनुपर्छ

निरन्तर प्रशिक्षण र यसमा एक्सपोज पाउँदा हामी नेपालीले पनि अन्तर्राष्ट्रियस्तरमा पक्कै राम्रो नतिजा निकाल्न सकिन्छ। अहिले हाम्रो एउटा लेभल छ। गुरुहरूको समयमा नेपालको भारोत्तोलनको स्तर फरक थियो। त्यस वेलाका खेलाडीले नेपालको भारोत्तोलनको खेल स्तरलाई माथि पुऱ्याउनुभएको थियो। बीचमा गएर केही स्तर घटेको जस्तो लाग्छ। अहिले बिस्तारै पुरानै राम्रो अवस्था पुगेको छ। पछिल्ला नतिजा हेर्दा त्योभन्दा पनि माथिल्लो स्तरमा पुगेको छ। हाम्रो जस्तो खेलकुदमा बारम्बार मौका पाउन गाह्रो छ। यसकारण एकपटक प्राप्त मौकामा राम्रो नतिजा निकाल्नुपर्छ। रेकर्ड बनाउन सहज पनि छैन। एसियाडको समाप्तिपछि खेलाडी कहाँ हुन्छ, कसैलाई थाहा छैन ? खेलाडी घर फर्किन्छन् कि प्रशिक्षणमा रहन्छन्, कसैलाई पनि थाहा छैन। नियमित मात्रामा प्रशिक्षण भइरहँदा नेपाली खेलाडीले रेकर्ड बनाउन सक्छन्। अझ पदक पनि जित्न बेर छैन।

उद्योग, व्यवसाय गरौं र आत्मनिर्भर बनौं

- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौ र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मनिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com